शुभारम्भ

❖ प्रा. डा. यादवप्रकाश लामिछाने

'यात्रा जिन्दगीको' उपन्यासमा उपन्यासकारले आफ्ना बाल्यकालदेखिका अनुभव र अनुभूतिलाई औपन्यासिक पारखका साथ प्रस्तुत गरेका छन् । ध्रुवचन्द्र गौतमको 'बाढी' उपन्यासले वरण गरेकोजस्तै गरी आंशिकरूपमा वरण गरिएको छ । समाख्याताका रूपमा रहेका खरेलले जीवनभोगाइका तितामिठा अनुभवलाई प्रस्तुत गर्दै र विभिन्न घटनाशृङ्खलासँग सम्बन्धित हुँदै जिन्दगीको आरोहअवरोह कष्टकर तथा दुःखदायी रहेको अवस्थाको चित्रण गरेका छन् । जीवन बिताउने क्रममा बिचतिर आइपुग्दा पारिवारिक अव्यवस्थितता, घरायसी सन्दर्भहरू, सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक प्रसङ्ग तथा सामाजिक विभेदको चर्चा गरिएको छ । यस क्रममा विषयगत सघनता नभए तापनि सन्दर्भगत दृष्टिमा समतामूलक समाज स्थापनाको अन्तरचाहना रहेको पुष्टि हुन्छ । उपन्यासकारका वैयक्तिक स्मृति र स्मरणहरू आएका भए पनि साहित्यिक अभिव्यक्ति तथा साहित्येत्तर प्रसङ्ग पनि त्यत्तिकै रूपमा महत्त्व राख्ने रहेका छन् । यहाँ घटना र पात्रको संयोजनको शिल्पकारिता झल्किएको छ । समसामयिक व्यक्ति समाजको प्रतिविम्ब उतारिएको छ । अग्रज स्रष्टालाई प्रसङ्गगत सम्मान दिइएको छ । समकालीन युगजीवनको यथार्थताको चित्रण गरिएको छ । सामाजिक यथार्थको चित्रण गर्दै घटनालाई विशेष महत्त्व दिने सन्दर्भमा समाजमा रहेका अन्धविश्वास, सामाजिक, आर्थिक शोषण, कुरीति, कुप्रथा, सामाजिक अहितका कार्य तथा विसङ्गतियुक्त पक्षमाथि औंलो ठड्याउँदै र विरोध गर्दै त्यस्ता कुप्रवृत्तिका विरोधमा खरोरूपमा उभिनुपर्ने विषयको उल्लेख भएकाले आलोचनात्मक यथार्थको निकट रहेको प्रस्ट छ, त्यसैले आलोचनात्मक यथार्थको उद्घाटन गर्नु यस उपन्यासको शक्ति मानिन्छ ।

प्रा.डा.यादवप्रकाश लामिछाने (उपन्यासकार महेशराज खरेलको 'यात्रा जिन्दगीको' उपन्यासको भूमिकाबाट साभार)

❖ सम्पादकीय

जनताद्वारा तिरस्कृत नै अवसरका हकदार हुनु वा बनाइँनु जनमतको घोर अपमान !

लोकतन्त्र भनेकै आवधिक निर्वाचन र सोका माध्यमबाट जनमतको कसीमा घोटिएर एउटा अवधिको मूल्याङ्कनका साथ अर्को अवधिको अवसरको प्राप्ति हो। लोकतन्त्रमा आवधिक निर्वाचनको यही अवसरले जनताले वास्तविक मूल्याङ्कन गर्ने र कसैलाई माथि पुर्‍याउने अनि कसैलाई पानीफोका फुटाएसरि फुटाइदिने वा तिरस्कार गर्ने वा अर्को आवधिक निर्वाचनसम्म फेरि जनता र देशको सेवामा समर्पित हुने अर्को अवसर पनि प्राप्त हुने गर्दछ। फगत अवसरका लागि, स्वार्थका लागि, नव धनाड्यवादको विषवृक्ष हुर्काउनका लागि, चरम अवसरवादी वा परिवारवादी वा लम्पसारवादी प्रवृत्तिको प्रदर्शन गर्नका लागि राजनीतिको भर्‍याङ उक्लन खोज्नेका लागि भने जनअभिमत सदा सदाका लागि समाप्तिको द्वार पनि बन्नपुग्दछ।

हिजो फगत अवसरको प्राप्तिको ध्येयले होस्, या मालिकको आदेश पालना गर्दा होस् या विचार नामको मजेत्रो फालेर अर्काको बैसाखी टेकेर अवसरको भर्‍याङ चढ्नका लागि परचक्रीको सुरुवालको जाङ समातेर आफ्नो घरमा आगो लगाउने अरौटे खेतालाहरू आफू एक्लै वा आफ्नो सामर्थ्यले उभिन पनि नसकेर उसको बैसाखी टेकेपछि त एकाएक भर्‍याङको टुप्पैमा पुगिहालिन्छ भन्ने दिउँसै सोम शर्माको जस्तो सपना देखेर मध्याह्नमै बर्बराउँदै 'भित्तैमा पुर्‍याईदिने' फलाको हालिरहेका तथाकथित क्रान्तिको बर्को ओढेर भ्रमको बेलुन उडाइरहेका हुन् वा आदेशपालक खेतालाको पहिचानका साथ घरमा आगो लगाएर छिमेकीलाई भाँडा माझ्ने खरानी बाँड्ने अनि मालिकका सामु लम्पसार परेर ' हामीले आदेशको पालना गर्‍यौं नि ख्वामित' भन्दै गिड्गिडाउनेहरू जनमतकै माध्यमबाट धुलिसात भएका छन्, मटियामेट भएका छन्, उनीहरूको सपना केही छिन्को पिसाबको न्यानो भएको छ! फेरि केही समयका लागि ' त्यसले पनि धोका दियो, राम्ररी बैसाखी टेक्न दिएन' भनेर बर्बराउने वा आत्मरितमा रमाउने रुन्चे हाँसोको अवसर प्राप्त भएको छ! सायद अन्तरहृदयमा आत्मसमीक्षा पनि गरिरहेका होलान् कि 'अर्काको बैसाखी टेकेर शिखरमा पुग्न सकिँदो रहेनछ, शिखरमा पुग्न त आफ्नै सामर्थ्यको विकास गर्नुपर्दो रहेछ।'

आफ्नो खुट्टा आफैं टेक्न पनि नसक्ने अनि अर्काको सहारामा उभिनखोज्नेहरू वास्तवमै मानसिक अपाङ्ग हुन्, आफ्नै घरमा आगो लगाएर मालिक खुसी पार्‍यौं भन्ने भ्रममा बाँच्नेहरू वास्तवमै पटमूर्ख हुन् त्यस्ता नराधमलाई काँधमा बोक्नु भनेको आफ्नै शरीर फोहोर पार्नु हो त्यसैले जतिसक्दो छिटो भुइँमा पछारिदिनु सर्वथा उचित हुन्छ भन्ने मूल्याङ्कन चाहिँ जनताको यथार्थ मूल्याङ्कन हो। यही मूल्याङ्कनका आधारमा अरूलाई भित्तामा पुर्‍याउन खोज्नेहरू आफैं भित्तामा पुगेका छन्, मुसो साबित भएका छन्, राष्ट्रिय पार्टीसमेत बन्ननसकेर सर्मनाक हार व्यहोर्न बाध्य भएका छन् ! त्यति मात्र होइन यही यथार्थ दृश्टान्तका माध्यमबाट'

बोकेको कुकुरले सिकार गर्दै गर्दैन' भन्ने तथ्य प्रमाणित पनि भएको छ ।

जसलाई जनताले भित्तामा पुर्‍याइदिए, यी भनेका मालिकका आदेशपालक लम्पसारवादी अरौटे खेताला मात्र हुन् भन्ने प्रमाणित गरिदिए र यिनीहरू आफ्नै सामर्थ्यले उभिनसक्ने क्षमता राख्दै राख्दैनन् भन्ने पुष्टि गरिदिएपछि हिजो भागबण्डामा ज्वाइँ, भाइ, बहिनी, छोरी, आसेपासे, तस्कर र भ्रष्टसमेतलाई अवसर दिलाउन पाएको र नजराना लिएको झल्झली सम्झिरहेका चरम अवसरवादीहरू अहिले पनि हिजोको स्वाद झल्झली सम्झिरहेका छन् र कसरी जुकोजस्तो टाँसिएर राज्यकोषको दोहन गर्नसकिन्छ भन्ने ध्याउन्नमा फेरि बर्बराइरहेका छन् ! अनि जसरी र जुन जुन सर्त स्वीकार गरेर वा पालना गरेर पनि अवसरको प्राप्ति हुनसक्छ कि भनेर गिडगिडाइरहेका छन् ! जसलाई जनताले सम्पूर्णरूपमा तिरस्कार गरिदिए तिनीहरू नै अवसरको जाल फिँजाएर 'हामीलाई पनि पत्याइदिनुपर्‍यो' 'सम्मानजनकको स्वीकारोक्ति जनाइदिनुपर्‍यो' भनेर गिडगिडाउने निर्लज्ज हरकत गरिरहेका छन् !

राजनीति भनेको के यस्तै निर्लज्ज खेल मात्र हो ? हिजो कोही कसैलाई भित्तामा पुर्‍याएरै छाड्ने कसम खाएर उल्टा, सिधा, हुने, नहुने सबै सबै बोली र व्यवहारको प्रयोग गर्ने, सत्ताको दुरुपयोग गर्ने, आफ्ना स्वार्थका लागि राज्यका सबै सबै अङ्गलाई ध्वस्त पार्ने, न्यायालयलाई पङ्गु बनाउनखोज्ने, क्रान्तिकारिताको नक्कली बर्कोले अनुहार छोपेर लम्पसारवादको, लुटतन्त्रको, भ्रष्ट र तस्करसँगको साँठगाँठको विषवृक्ष हुर्काउने र पुँजीवादी एवम् साम्राज्यवादीका गुलामसँग घाँटी जोडेर उसैको बैसाखी टेकेका भरमा लुटको साम्राज्य मच्चाउनसक्ने ठाउँमा पुग्नसकिन्छ भन्ने ध्याउन्नमा मात्र रमाउने बोलीको ठेगान नभएका चटके फौबन्जारहरू अवसरको चास्नीमा जस्तासुकै सर्त स्वीकार गरेर भए पनि डुब्न चाहन्छन्, सत्ताबाहिर उनीहरूको कुनै भविष्य नै छैन, सुरक्षा छैन, आफ्नो स्वार्थ भजिन्छ भने राष्ट्रवाद नामको मुखुन्डो टुकुचाको ढलसँगै बगाइदिन पनि सहजै तयार हुन्छन्, जहाँ जोसुकैसँग टाँस्सिन पनि तयार हुन्छन् भन्ने यथार्थ पनि सर्वाङ्ग भएको छ !

आफ्नो सिङ्गो जीवन नै धोखाधडी, अवसरवाद, लुटतन्त्र, बोली र व्यवहारमा कहिल्यै तालमेल नगर्ने अनि अवसरका लागि जेसुकै पनि गर्ने भनेर संसारले चिनेका चटकेहरूलाई घडीको पेन्डुलमजस्तो कहिले यता त कहिले उता टाँस्सिएर भए पनि अवसरको खोजी गर्नु छ भन्ने जान्दाजान्दै पनि किन डफेदारहरू यस्तालाई विश्वास गर्छन्, धोका खान्छन् अनि फेरि सङ्गत गर्न घाँटी जोड्न पुग्छन् ! भन्ने प्रश्न पनि यतिखेर जनता गरिरहेका छन् ! जनताले तिरस्कार गरेकाहरूलाई नै विश्वास गर्ने काम किन पटक पटक भइरहन्छ ! भन्ने प्रश्न झनै कठोरताका साथ गरिरहेका छन् । किन नेपाली राजनीति घटनाक्रमका माध्यमबाट, धोखाधडीका पटक पटकका दृष्टान्तका माध्यमबाट पनि चेत्दैन ? र जनताको अभिमत ताजै रहँदा पनि अभिमतभन्दा बाहिर जाँदा फेरि हामीले भोलि जनतासँगै जानुपर्छ, त्यतिखर जनताले हिसाबकिताब गर्लान् कि भन्नेसम्म पनि किन हेक्का राख्दैन ? किन नेपाली राजनीतिमा 'एक माघले जाडो जाँदैन' भन्ने यथार्थलाई मूल्याङ्कनको विषय बनाइँदैन ?

जनताले तिरस्कार गर्ने अनि तिनै पात्रलाई काँधमा बोक्नखोज्ने ? 'मिलेर जाम् लुटेर खाम्'को स्वार्थपरक बाटो मात्र किन हिँडिरहन खोजिँदै छ भन्ने प्रश्न पनि त्यत्तिकै सशक्तढङ्गले गरिरहिएको छ ! के नेपाली राजनीति स्वार्थभन्दा पर, अवसरवादभन्दा पर, जालझेल र तिकडमभन्दा पर जाँदै जाँदैन ? वा किन जाँनै खोज्दैन ! भन्ने आशङ्का पनि मडारिइरहेको छ !

हिजो मालिकको इसारामा देशमा स्थापित उद्योग तथा कलकारखानाहरू कौडीको मूल्यमा बेचेर बेरोजगारी सिर्जना गर्ने, आफ्नो देशलाई मालिकका उत्पादन बेच्ने एकाधिकार बजार बनाइदिने तर बाहिर सुन्दा चाहिँ राम्रै लाग्ने 'खुला बजार अर्थनीति'को नारा लगाउनेहरूलाई सहयोग पुग्नेगरी कथित क्रान्तिको नाममा अशान्ति, अराजकता, ध्वंश, तोडफोडका क्रियाकलापका माध्यमबाट सघाउन उद्धत रहेका अवसरवादी फौबन्जारहरू उनीहरूकै बैसाखी टेकेर सत्ताको भर्‌याङ चढ्नका निम्ति घाँटी जोड्नपुगेका थिए र छोराका, श्रीमतीका धन्दाहरूमा फलिफाप गराइदिन र आफू चाहिँ कमिसनले किलकिलेसिम्म डकार्न सिसी टिभीका फुटेज काट्ने मुसालाई समेत निषेधित क्षेत्रमा छिराउन बाध्य भएका थिए होलान् भन्ने पनि प्रमाणित भएकै हो । त्यति हुँदाहुँदै पनि आफूलाई काँधैमा बोकिदिनेको डाढभरि पिसाब फेरेर धोका दिनेले फेरि पनि त्यही नियति दोहोर्‌याइहाल्छ भन्ने पनि बिर्सेर किन काँधमा बोक्न तम्सेका होलान् भन्ने प्रश्न पनि त्यत्तिकै जबरजस्त ढङ्गले गरिरहिएको छ !

अवसर पाउँदा आफ्ना भागमा भन्दा अरूलाई दिँदै नदिने, प्रजातन्त्रका ठेकेदार भनेका हामी मात्र हौं भन्ने ठान्ने र फरक विचारका विरुद्धमा भ्रमको जेहाद छाड्ने तथाकथित ठेकेदारले सबै आफ्नै भाँडामा मात्र हाल्ने दाउपेच गरेकाले साथ छाडेको भन्ने तात्तातो अवसारवादले पटक पटक दोहोर्‌याएको धोखाधडीको इतिहास फोहोरको मुला मौलाएझैँ मौलाएको जगजाहेर छ ! तथापि 'काम्लोमा सातु मुछ्नै हुन्न र मुछिसकेपछि घिनाउनु पनि हुन्न' भनेझैँ, 'बोली र व्यवहारमा तालमेल नभएकालाई धेरै भरोसा गर्नुहुन्न' भनेझैँ, 'फुटेको हाँडी जतिसुकै मिहिनेत गरे पनि थाहा नहुनेगरी जोडिँदैन' भनेझैँ, 'पिँधविनाको लोटामा पानी अडिदैन' भनेझैँ' यावत् यथार्थलाई गम्भीरताका साथ मनन गरी गरेको सहयात्रा मात्र गन्तव्यसम्म पुग्नसक्तछ र जनताले तिरस्कार गरेका लम्पसारवादी अरौटे खेतालाहरूलाई जनभावनाविपरीत काँधमा बोक्ने कार्य किमार्थ स्विकार्य छैन र हुँदैन; 'मिलेर जाम् लुटेर खाम्'को अवसरवादी मजेत्रोले छोपेर गरिने यात्रा पनि किमार्थ स्विकार्य हुन्न, जनअभिमतभन्दा पर जाने कोही कसैलाई छुट छैन र हुँदैन भन्ने यथार्थबोध पनि गर्नुपर्छ कि डफेदारज्यूहरू ! देश र जनताको हितभन्दा पर गएर गरिने गठजोड वा सत्तास्वार्थका तिगडमहरू कुनै पनि हालतमा दीर्घजीवी हुँदैनन् र जनताको मूल्याङ्कनको रोहमा टिकाउ पनि हुँदैनन् भन्ने तथ्यको पनि हेक्का राख्नुपर्ला कि डफेदारज्यूहरू । पटक पटक चेतिसकेपछि चाहिँ अलि बढी नै होसियार हुनुपर्छ र जनअनुमोदन नभएकाहरूलाई काँधमा बोक्ने र स्वार्थको चास्नीमा डुब्ने छुट कोही कसैलाई पनि छैन है डफेदारज्यूहरू ! हेक्का राख्ने हो कि !

–रमेश पोखरेल

यस अङ्कमा

विशेष संवाद

कुनै... -*प्रा.डा. ध्रुव घिमिरे/१०*

कविता/गीत/मुक्तक

भोक...- *राम प्रसाईं/२९*

गीत- *जनार्दन अधिकारी धड्कन/३०*

तस्बिर- *राम विनय/३८*

नव नायिका- *गीता सापकोटा/४०*

मुक्तक- *गङ्गा लिगल/४२*

क्रान्तिका...- *खेमराज निरौला/५४*

नेपाल...- *रुद्र ज्ञवाली/६०*

अनुवाद कथा

अनारकली - *अञ्जना वर्मा/२१*

लघु कथा

बा - *नन्दलाल आचार्य/३९*

पाले - *राजकुमार पोखरेल/४१*

यसपटक

छवि सुवेदी 'विजयी'/७

समालोचना/पत्रात्मक समीक्षा/

कृतिसमीक्षा/समीक्षा

जीवन... - *रमेश पोखरेल/३१*

फर्किंयौ...- *रूपक अलङ्कार/४३*

म...- *मदनमोहन जोशी/४८*

नश्वर...- *डा. फणीन्द्रराज निरौला/५५*

स्थायी स्तम्भ

शिखर व्यक्तित्व

योगी नरहरिनाथ/६

निरन्तर...

वासुदेव अधिकारी/५८

समाचार/६१

अनूभूति

अमृतकुमार बोहरा/६४

शब्द संयोजन
मासिक

शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष १९ अङ्क १० पूर्णाङ्क २२५/२०७९ माघ
जिप्रकाका द.नं. ९४/२०६०/०६१

सल्लाहकार: डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

साहित्य सन्ध्याका लागि **प्रकाशक/संरक्षक**: वासुदेव अधिकारी

प्रधान सम्पादक: रमेश पोखरेल
कार्यकारी सम्पादक: सुमी लोहनी
सम्पादक: रूपक अलङ्कार
अन्तर्वार्ता संयोजन: अच्युत घिमिरे
वेभ संयोजन: प्रशान्त खरेल
कला: गणेशकुमार जी.सी.
आवरण चित्र : .....
प्रतिनिधि: पुण्यप्रसाद खरेल(झापा), हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज),
नमुना शर्मा (चितवन)
Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np
मुद्रण: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२
साजसज्जा: टच क्रिएसन प्रा. लि.

योगी नरहरिनाथ

नेपालको लामो इतिहासमा कैयौँ देशभक्त, समाजसेवीहरूको उदय भएको पाइन्छ । जसले देशको भाषा, कला, इतिहास, साहित्य आदिको अन्वेषणमा नै सम्पूर्ण जीवन यापन गरे । ती अलौकिक व्यक्तित्वहरूमध्ये एक हुन्- योगी नरहरिनाथ। जसको गुणगानका निमित्त शब्दहरू अपर्याप्त हुन्छन् । वि.सं.१९७१ मा कालीकोटको लालु गाउँमा ललितसिंह थापा र गौरीदेवीका सुपुत्रका रूपमा जन्मिएका योगी आध्यात्मिक व्यक्तित्व हुन् ।

योगी वेद, पुराण, इतिहास, साहित्य आदि विषयका अन्वेषक हुन् । आँशुकविका रूपमा परिचित योगीले जुम्लाको चन्दननाथ मन्दिरका महन्त छिप्रानाथ योगीसँग सन्यास दीक्षा लिएपश्चात् यिनको नाम योगी रहन गएको थियो । योगी समाजसेवीका साथसाथै उत्कृष्ट सर्जक पनि हुन् । उनको शिखरिणी यात्रामा २२६ कविताहरू रहेका छन् । जुन कविताहरूमा अन्वेषणात्मकता, प्रकृतिचित्रण, देशप्रेम, इतिहास, ऐतिहासिकता आदि पाउनसकिन्छ। विभिन्न देश र स्थानको भ्रमण गरेका योगीले दक्षिण एसियाको समग्र सभ्यता, संस्कृति, भाषा, भूगोल र इतिहासको ज्ञाताका रूपमा पनि आफ्नो दर्बिलो परिचय स्थापित गरेका छन् ।

देश र जनताको हितका निमित्त काम गर्ने क्रममा योगीले कैयौँ वर्ष जेलको जीवन पनि बिताएका थिए भने भारतमा रहँदा मुसलमानले मारेका हिन्दुको लाश जलाउने काम पनि गरेका थिए । उनले सुगौली सन्धिमा गुमाएको भूभाग फिर्ता गर्नका निमित्त सर्वोच्चमा मुद्दा हाले तर उनलाई असफल बनाइयो जसका कारण उनले कलमले मात्र परिवर्तन असम्भव हुने देखेर कर्मवीर महामण्डल भन्ने धार्मिक राजनीतिक दल बनाए । उनलाई राज्यका दलालहरूले मार्न अनेक प्रकारका प्रयास गरे । उनलाई भैरहवाको कुनै एक कोठामा थुनियो जहाँ सर्प, बिच्छी आदि अनेक प्रकारका किराहरू मात्र थिए । त्यस्तै नदीको भेल आएको समयमा नदीमा पनि खसालियो तर पनि बाँचे भन्ने तथ्यहरू पनि पाइन्छन् । उनलाई देशप्रेम र निष्ठाले अनेक प्रकारका समस्याबाट बचाइरहेको पाइन्छ ।

उनले आफ्नो जीवनकालमा अनेक प्रकारका सुकर्महरू गरेर गएका छन् । जुन आजका पुस्ताका लागि एक चुनौती र प्रेरणा पनि हो । उनले शिक्षाका क्षेत्रमा सबैभन्दा बढी सुधार गरेका छन्। सयौँ कोटिहोम गरेका छन् । सयौँ मात्रामा संस्कृत पाठशालाहरू पनि खोलेका छन् । वर्तमान समयमा उनका ५०० को हाराहारीमा प्रकाशित किताब पाउन सकिन्छ ।

यसरी देश, जनता, समाज, राजनीति आदि सबै क्षेत्रमा परिवर्तनको चाह राख्ने व्यक्तिको विं सं २०५९ सालमा गोरक्षक पीठ, मृगस्थली, काठमाडौँमा निधन भयो । हामीलाई उनको पान्चभौतिक शरीरले छोडेर गए पनि उनको सङ्घर्षशील जीवन, उनले देखाएको देशप्रेमप्रति हामी सदा सर्वदा नतमस्तक भइरहने छौं ।

रूपेश अधिकारी

यसपटक

छवि सुवेदी 'विजयी'

वि.सं.२०१० असार २७ गते पर्वत जिल्लाको कुश्मा नगरपालिका वडा नं.१२ ठुली पोखरीमा आमा रुक्मिणी सुवेदी र बुबा तुलाराम सुवेदीका सुपुत्रका रूपमा जन्मिएका छविलाल सुवेदी साहित्यमा छवि सुवेदी 'विजयी'का नामबाट कलम चलाउँछन् । त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा स्नातकोत्तर गरी सिङ्गो जीवन निजामति सेवामा व्यतीत गरेका सुवेदीले दर्जनौँ मान, सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । हाल पोखरा महानगरपालिका वडा नं.५ मा बसोवास गरिरहेका सुवेदीका 'माटाको सन्देश' निबन्धसङ्ग्रह २०५९, 'माटाको मन' निबन्धसङ्ग्रह २०६१, 'आमा' शोककाव्य २०६१, 'माटो बोल्छ' निबन्धसङ्ग्रह २०७२, ब्रहमाण्डको मन' सामाजिक उपन्यास २०७२ र एक समालोचना ग्रन्थ प्रकाशित छन् भने आधा दर्जन स्मारिकाहरूको सम्पादनसमेत गरेका छन् । नेपाली समाजको यथार्थलाई नजिकबाट नियाल्ने र सबै खाले विकृतिको अन्त्य हुनुपर्ने आग्रहका साथ रूपान्तरणको सन्देश सम्प्रेषण गर्ने अनि सरलताका माध्यमबाट गम्भीर भाव समप्रेषण गर्ने सुवेदी विभिन्न सङ्घसंस्थामा रहेर आफ्नो क्रियाशीलता देखाइरहेका छन् । निरन्तर सिर्जनाकर्ममा सक्रिय रहेका यिनै स्रष्टाका तीनओटा छोटा आयामका तर देशभक्ति र कर्तव्यपालनाको सन्देश सम्प्रेषण गरिएका कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ ।

भ्याउरे छन्दको 'सधैँ नै हडप्छ' शीर्षकको पहिलो कवितामा छिमेकीले कुटिल चालमा सधैँ नै हामीलाई दुःख दिने र हाम्रा सिमाना हडप्ने गरिरहेको हुँदा हाम्रो भूमिको रक्षाका लागि सबै एक हुनुपर्ने र युवाले जाग्नुपर्ने आह्वान गरिएको छ । 'कँण कँण गन्दै होलान्' शीर्षकको मुक्त लयको दोस्रो कवितामा राजनीतिक परिवर्तनका माध्यमबाट हामीले उपलब्धि हासिल गर्‍यौँ भनिए पनि निम्न वर्गीय जनताका अपेक्षा पूरा नभएको र उपलब्धि खोस्ने पनि अनेक प्रयत्न भइरहेका हुँदा सावधान हुनुपर्ने आग्रहका साथ समग्र रूपान्तरणका लागि सुनामीको प्रतीक्षासमेत गरिएको छ । 'कर्तव्य बुझ्न' शीर्षकको भ्याउरे छन्दकै तेस्रो कवितामा प्रकृतिलाई पढ्नुपर्दछ, गौरवमय यो देशको महत्ता हामी आफैँले बुझ्नुपर्दछ र स्वार्थको चुङ्गुलबाट बाहिर निस्केर मातृभूमिको सेवा गर्नुपर्दछ भन्ने राष्ट्रवादी भाव सम्प्रेषण गरिएको छ ।

सधैं नै हडप्छ !

पवित्र दिल नेपाली माटो विश्वको सिरानी
चौतर्फी रोग आक्रामण धेरै उठाऔं बिहानी
संसारी हिरा देखेर यहाँ षडयन्त्र हुँदै छ
सुतेर होइन उठेर अब एक भई जाग्नु छ।
मुखले भन्छ प्राचीन मित्र गद्दारी गर्दै छ
बलका भरमा हेप्दछ सधैं जमिन मिच्दछ
रातारात सीमा गायब पार्छ यो मेरो भन्दछ
एक ठाउँ होइन एक दिन होइन सधैं नै हडप्छ!
संस्कृति संस्कार बचाऔं अब भत्काउन सक्तछ
खुकुरी साँध लाएर जागौं वीरता बाँच्ने छ
मुखले ठिक्क कुटिल चाल सधैं नै लुट्दछ
उठौं न छिटै अबेर भयो युवाले जाग्नु छ।

कँण कँण गन्दै होलान् !

उड्लान् माखाहरू सुटुक्क
घाउबाट रगत पिएकाहरू
पर्खेका होलान् कुनामा कतिपय
फेरि घाउ बल्झाउन बरु
युगौंदेखि पिलिएका घाउहरू
क्यान्सर बन्दै होलान् बाजहरू!
अङ्कहरूका बथानमा ताराहरू
सूर्यमुखी चमक राख्दै
माटाका कँण कँण गन्दै होलान्
कतै कोही तिनै कँस्यार बनेर
खुसीका थुप्रामा गन्हाइरहलान्
र कतै कोही बढारिएलान्।

कतिले आँसीमा धार दिँदै होलान्
कतिले टुक्टुकेको बिँड नयाँ पार्न
खोज गर्दै मिलाएर हाल्दै होलान्
कतिले मक्किएका घर खोज्दै होलान्
आशाको खेती पाक्न ढिलो भयो
भोका नाङ्गा पेटहरू बाटो कुर्दै होलान् ।
वृद्ध वृक्षका पातहरू फरफराए होलान्
जरा कमजोर भएकाले डरलाग्दो छ
त्यो तातो हावामा तेम्रो सुनामी आउला
अङ्कहरूका बथानमा ताराहरू
सूर्यमुखी चमक राख्दै
माटाका कँण कँण गन्दै होलान् ।

कर्तव्य बुझिन !

कसरी आएँ के कारण आएँ मैले नै बुझिन
के गर्नुपर्थ्यो आमाका काखमा त्यो पनि बुझिन
प्रकृतिलाई सुन्दर पार्ने भूमिका खेल्दछ
हावा र हुरी आएर धुलो बढार्ने गर्दछ ।
हिमाल हाम्रै आकाश हाम्रै नेपाल हाम्रै हो
हे पञ्चतत्त्व सृष्टिको मुहान सम्पूर्ण हाम्रै हो
यो सारा सृष्टि भोगेर पनि गरिब भएँछु
प्रकृतिलाई नपढीकन किन हो बोल्दछु ।
विश्वका धनी नेपाली हामी नबुझी बाँच्दछु
स्वार्थको बोझ बोकेर हिँड्दा अज्ञानी भएँछु
के गर्नुपर्थ्यो आमाको काखमा मैले नै जानिन
कसरी किन के कारण आएँ कर्तव्य बुझिन !

❑ विशेष संवाद

❖ प्रा. डा. ध्रुव घिमिरे

कुनै पनि स्रष्टाको सिर्जनाले बालपाठकमा नकारात्मक सोच आउनुहुँदैन

वि.सं.२०१६ असार ७ मा नुवाकोट जिल्लाको थानसिङमा जन्मिएर बारा जिल्लाको निजगढ नगरपालिका वडा नं.४ मा स्थायी बसोवास बनाएका प्रा.डा.ध्रुवकुमार घिमिरे साहित्यमा ध्रुव घिमिरेको नामबाट कलम चलाउँछन् । नेपाली साहित्य त्यसमा पनि बालसाहित्यमा रफ्तारमा कलम चलाइरहेका घिमिरेका पाँच दर्जनभन्दा बढी कृति प्रकाशित भइसहेका छन् । विभिन्न दर्जनौँ पत्रपत्रिकाको सम्पादनसमेत गरेका घिमिरेको साहित्यसेवाका लागि दर्जनौँ मान, सम्मान तथा पुरस्कारद्वारा उनी सम्मानित भएका छन् । सिङ्गो जीवन त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन कर्ममा लगाएर प्राध्यापकबाट सेवा निवृत्त भएका घिमिरे हाल पनि विभिन्न सङ्घसंस्थामा सक्रियताका साथ समर्पित भइरहेका छन् । प्रौढ स्रष्टाले भविष्यका पाठक जोगाउन र साहित्यको रक्षाका निमित्त पनि बालमैत्री साहित्य सिर्जना गर्नुपर्दछ भन्ने यथार्थपरक मान्यताका साथ अहिलेको समयमा बढी नै बालसाहित्यको सेवा, उन्नयन र प्रवर्तनमा सक्रियता देखाइरहेका यिनै स्रष्टासँग शब्द संयोजन साहित्यिक मासिकका लागि प्रधान सम्पादक रमेश पोखरेलले गरेको संवाद यहाँ समावेश गरिएको छ ।

रमेश : सन्चै हुनुहुन्छ ?

डा.घिमिरे : हजुर, सन्चै छु।

रमेश : आजकाल समय कसरी बिताउँदै हुनुहुन्छ ?

डा.घिमिरे : सेवा निवृत्त भएपछि क्याम्पस जानु परेन । नेपाल बालसाहित्य समाज, डिल्लीरमण- कल्याणी रेग्मी पुस्तकालयजस्ता केही सामाजिक संस्थामा अध्यक्षका रूपमा कार्यरत छु । फुर्सदको समयमा यस्तै लेख पढ त हो ।

रमेश : साहित्यलेखनमा कहिलेदेखि किन लाग्नुभयो ?

डा.घिमिरे: लेखनका दृष्टिले दश वर्षको हुँदा नै सार्वजनिकरूपमा पुरस्कृत भएकाले त्योभन्दा अघिदेखि नै लागिएछ कि जस्तो लाग्छ । मिति त भन्न सक्दिनँ । विद्यालयमा बिदा हुँदा चारकोसे झाडीमा गोठालो जाने गरिन्थ्यो । साँझपख गाइबस्तु घरतिर फर्काइसकेपछि अग्रज गोठाले दाइहरू आपसमा झ्याउरे गीतका विभिन्न भाकामा जुहारी खेल्ने गर्नुहुन्थ्यो । त्यो सुन्दै र सहभागी पनि हुँदै गर्दा गीतप्रति आकर्षण बढेको हुनसक्छ । विद्यालयमा पनि शुक्रवार दोहोरी प्रतियोगिता हुने गर्थ्यो । यसको प्रभाव पनि पर्ने नै भयो । मेरो गाउँ बारा जिल्लाको निजगढ, वागदेवमा पुस्तकालय थियो, त्यहाँ यदाकदा गएर पढ्ने गर्थें । सायद तीमध्ये केही किताबबाट अभिप्रेरित भएँ कि !

रमेश : कुन कुन विधामा कलम चलाउनुहुन्छ ?

डा.घिमिरे : गीत नै मेरा सुरुवाती रचनाहरू हुन् । २०३५/ ०३६ सालमा केही गीत रेडियो नेपालको 'गीत जाँचकी समिति'बाट पास पनि भएका थिए तर विद्यार्थी जीवनको आर्थिक समस्याले ती रेकर्ड भने हुनसकेनन् । त्यसपछि 'नयाँ समाज', पवित्रा वेश्या'जस्ता प्रगतिशील नाटकहरू लेखें र गाउँमा दसैं र तिहारका समयमा मेरै निर्देशनमा ती प्रदर्शन पनि भए । यो क्रम ५-७ वर्षसम्म चल्यो । तीमध्ये 'नेताजीको निर्णय' रमेश विकलको सम्पादनमा निस्कने *उत्साह* पत्रिकामा छापिएको पनि छ। २०३९ सालको गाईजात्रामा काठमाडौं स्थित प्रज्ञा प्रतिष्ठानमा मेरै लेखनको 'नेपाललाई गरिब भन्ने को ?' शीर्षकको हास्यव्यङ्ग्यात्मक प्रहसन प्रदर्शन भयो, जसमा म स्वयम्लें मन्त्रीको अभिनय गरेको थिएँ । जागिर खाने क्रममा दोलखा पुग्दा मेरै लेखन र निर्देशनमा हास्यव्यङ्ग्यात्मक दुई नाटक क्रमशः 'इन्टरभ्यु' र 'काँचो वायु' चरिकोटको सभाहलमा प्रदर्शन गरिए । २०३७ सालमा *नयाँ सन्देश* पत्रिकामा 'कोपिला जब फक्रन्छ' शीर्षकको किशोरकथा छापिएसँगै उत्साहित भएको म २०३९ सालमा *गोरखापत्र*को वातावरण विशेषाङ्कमा 'राक्षसले कसरी हाऱ्यो' शीर्षकको बालकथा छापिएपछि भने सिर्जनात्मक रूपमा बालसाहित्यमै केन्द्रित रहैं । *बालसाहित्यको विधागत सिद्धान्त र नेपाली बालसाहित्य*का साथै *बालसाहित्य : केही सैद्धान्तिक विमर्श* मेरा बालसाहित्यका सैद्धान्तिक पुस्तकहरू हुन् । यी विभिन्न विश्वविद्यालयका पाठ्यक्रममा सन्दर्भसामग्रीका रूपमा समाविष्ट छन् । यसबाहेक व्यक्तिपरक समालोचनाको एउटा

र नेपाली भाषाका टुक्कासम्बन्धी तीनओटा किताब पनि छापिएका छन् ।

रमेश : कुनै खास विधा (कविता, गद्य, आख्यान) विधालाई नै मुख्य विधाका रूपमा रोज्नुको कारण बताइदिनुहोस् न ।

डा.घिमिरे : हाल आएर म बालसाहित्यका विभिन्न सिर्जनात्मक विधा, त्यसमा पनि साना उमेर समूहका बालालिकाका लागि उपयोगी हुने चित्रकथा, चित्रकविता /काव्य, बालकथाजस्ता विधाहरू सिर्जना र सम्पादनमा केन्द्रित छु । प्रौढ साहित्यको तुलनामा नेपालमा बालसाहित्यका पुस्तकहरू कमै छापिएका छन् । १२ वर्षसम्मका कालबालिका र सोभन्दा माथि १८ वर्षसम्मका किशोरकिशोरीका लागि लेखिएका बालसाहित्यिक पुस्तकको शीर्षक सङ्ख्या पाँच हजारको आसपास मात्र रहेको छ । एक करोडभन्दा बढी बालबालिकाका लागि पठनीय बालसाहित्यिक कृति भने मात्र पाँच हजार ! त्यसमा पनि बजारमा उपलब्ध स्तरीय किताबको सङ्ख्या त तीन हजारको आसपास मात्र होला ! जनसङ्ख्या र बालपुस्तकको अनुपात निकाल्दा तेत्तिस सय बालबालिकाका लागि एउटा पुस्तक पर्नआउँछ । बालबालिकाको मानसिक विकासका लागि बालपुस्तक नै सर्वोत्तम सामग्री हो भन्ने कुरामा सरकार अनभिज्ञ देखिन्छ । त्यसैले होला यो अनुपात घटाउन सरकारी स्तरबाट खासै पहल भएको देखिदैन । स्थापित प्रौढ साहित्यकारहरूको पनि बालसाहित्य लेखनप्रति खासै रुचि देखिएन । अतः यही कमीको अनुभव गर्दै बालसाहित्यिक पुस्तकको सङ्ख्यात्मक एवम् गुणात्मक विकास आवश्यक ठानी म यस क्षेत्रमा हाम फालेको हुँ । बालसाहित्यका सिर्जनात्मक मात्र नभई समीक्षात्मक कृति लेखनबाट यसको अभिवृद्धिमा आफ्नो क्षमतानुसार लागिपरेको छु । हालसम्म मेरा पाँच दर्जनजति बालसाहित्यिक पुस्तकहरू प्रकाशनमा आइसकेका छन् । तीमध्ये केही उच्च शिक्षाका पाठ्यक्रममा समाष्टि छन् । यसका साथै छ दर्जनभन्दा बढी बालपुस्तकहरू सम्पादन गर्नुका अतिरिक्त नेपालका विभिन्न भूभागमा गई बालसाहित्य लेखन कार्यशाला सञ्चालन पनि गर्दै आएको छु ।

रमेश : बालसाहित्य सिर्जनाका स्रोतहरू कसरी जुटाउनुहुन्छ ?

डा.घिमिरे: प्रौढसाहित्यभन्दा बालसाहित्य सिर्जना केही पृथक हुन्छ । प्रौढ साहित्यमा उमेरको वास्ता हुँदैन । रुचि हुनेले पढ्छ नहुनेले पढ्दैन, यसप्रति लेखक निष्पृह रहँदा पनि हुन्छ । पाठकप्रतिको जिम्मेवारी वहन नगर्दा पनि चल्नसक्ला । प्रबुद्ध पाठकले कृतिगत विषयलाई स्वकीय ज्ञानको आधारमा विश्लेषण गरी तथ्यातथ्यको छ्यानब्यान गर्नसक्छन् तर बालसाहित्य लेखनमा भने यस्तो हुँदैन । यहाँ त उमेर समूहलाई ध्यानमा राखेर नै साहित्य सिर्जना गर्नुपर्छ । आफ्नो पाठक कुन उमेर समूहको हो ? उसको भाषिक क्षमता कत्तिको हुन्छ ? उसको मनोविज्ञान कस्तो हुन्छ ? यस उमेरका बालबालिकाको रुचि कस्तो हुन्छ ? ऊ कुन परिवेशमा हुर्किँदै छ ? जस्ता यावत्

कुराहरू ध्यानमा राखेर बालसाहित्य सिर्जना गर्नुपर्छ । बाल्यकालमा सिकेको भाषा जीवनपर्यन्त अविस्मरणीय रहेभैँ यति वेला पढिएका रचना या पुस्तकको प्रभाव पनि दूरगामी हुन्छ । त्यसैले आफ्नो सिर्जनाले बालपाठकमा नकारात्मक सोच नआओस् भनी सतर्क रहनुपर्छ। अतः बालबालिकाको यथार्थ र कल्पनाको संसारबाट उपयुक्त सामग्री चयन गरेर मात्र सिर्जनातिर लाग्नुपर्छ र म सकभर यसरी नै सामग्री जुटाउने प्रयास गर्छु।

रमेश : शक्तिशाली र कालजयी बालोपयोगी रचना सिर्जना गर्न केकस्ता गुणहरू आवश्यक पर्लान् ?

डा.घिमिरे : उमेरअनुसार मात्रामा कम बेसी भए तापनि सबै बालबालिका कल्पनाशील हुन्छन् । उनीहरूद्वारा सामान्य माटो वा बालुवालाई दाल, भात, तरकारी बनाई रमाउँदै खेलिदै आइएको 'भाँडाकुटी' या ' भात-पकाइ' खेलबाट पनि यस कुराको पुष्टि हुन्छ । उनीहरू यथार्थको 'फुच्चाफुच्ची'को उपेक्षाभावभन्दा निकै टाढाको कल्पनाको संसारको 'राजकुमार-राजकुमारी' बन्न रुचाउँछन् । त्यसैले उनीहरूलाई भूत-प्रेत, जादुटुना, विशेष शक्तिको प्रभावका कारण असम्भव कुरा पनि सम्भव भएका कथाहरू बढी मन पर्छन् । उनीहरूका कथामा डमरु, गद्दु, फुच्चे स्याल, बिरालो आदिका साथीहरू पाठा, माछा, चल्ला या मुसा हुन्छन् । ढुङ्गा, बादल, जून, घाम, दिन, रात सँगै हुन्छन् । उनीहरू एकआपसमा कुरा गर्छन् । यसरी यो दुनियाँभन्दा फरक संसारप्रति उनीहरू बढी आकर्षित हुन्छन् । यही कल्पनाशीलता या भन्डै अति यथार्थवादलाई आत्मसात गर्दै रचिएका सिर्जना नै प्रायः विश्वप्रसिद्ध भएका छन् । हाम्रा कतिपय लोककथामा यो पन पाइन्छ तर हाम्रा मौलिक बालसाहित्यले भने यस कुरालाई प्रौढको आँखाले हेरी तथ्यहीन भन्दै उपेक्षा गर्दै आएको छ । हामी आफ्ना बाल्यकालीन अनुभवलाई नै सर्वकालिक सत्य ठान्छौं । उपदेश या सन्देशविनाका रचनालाई बालसाहित्य नै मान्दैनौं । हामी बाल-संसारलाई प्रौढत्वले ढाक्छौं त्यसैले पनि हामी विश्वको बालसाहित्यभन्दा निकै टाढा छौं, कमजोर छौं । मूलतः फैन्ट्यासी वा स्वैरकल्पना बालसाहित्यको चुरो हो । यो कुरा कार्यकारणको तालमेलसहित हामीले नेपाली बालसाहित्यमा पूर्णतः भित्र्याउनसकेका छैनौं । यसबाहेक खास उमेर समूहको मनोविज्ञानजन्य खेलप्रियता, मित्रता, सङ्कोच, उत्साह, डाढेपन, उत्सुकताजस्ता भावलाई ध्यानमा राखी स्तरीय बालसाहित्य सिर्जना गर्नसकेका छैनौं । १२-१३ वर्षदेखि १७-१८ वर्षका किशोरकिशोरीलाई लक्षित गरी लेखिएका आख्यानात्मक किशोरसाहित्यको त हामीमा भन्डै खडेरी नै परेको छ त्यसैले पनि यस उमेरका नेपाली बालपाठक विदेशी बालसाहित्य पढेर मनोरञ्जन लिन बाध्य छन् ।

रमेश : नेपाली बालसाहित्यको वर्तमान अवस्थालाई कसरी हेरिरहनुभएको छ ?

डा.घिमिरे: नेपाली बालसाहित्यको इतिहास पौने दुई सय वर्षभन्दा लामो छैन । सुरुका

वर्षहरूमा पाठ्यपुस्तकीय रचनालाई नै बालसाहित्यको नमुनाका रूपमा हेरिएको थियो । मौलिक कृतिका रूपमा *राजकुमार प्रभाकर* (१९९७)बाट यसको थालनी भएको मानिन्छ । यसअघिका *सङ्क्षिप्त रामायण* (१९७२) र *सङ्क्षिप्त महाभारत* (१९७४) पूर्णतः मौलिक थिएनन् । यसपछिका पाठ्यपुस्तकीय खाँचो टार्न लेखिएका जीवनीहरूलाई मौलिक बालसाहित्यिक कृति नमान्ने हो भने देवकोटाका *पुतली* (२००९) र *सुनको बिहान* (२०१०) मौलिक बालकविता कृतिहरू हुन्। यहाँसम्म आइपुग्दा पनि साना बालबालिकाका मनोभावलाई बालसाहित्यले बोक्नसकेको देखिदैन । यी अझै किशोर साहित्यका नजिक छन्। प्रायः बाललोकलयमा बुनिएका घिमिरेका *घाम-पानी* (२०१२)का बालगीतले भने ससाना बालबालिकाको मन बल्ल तान्नसकेको प्रतीत हुन्छ। बाललोकगीतको विविध लयका केही उही रूपमा र केही थपथाप गरिएका कृष्णप्रसाद पराजुलीका *रमाइला नानी भाग १, २ र ३* (२०२२-२०२५)ले मात्र ससाना बालबालिकाको रुचिलाई आत्मसात गर्नसकेको देखिन्छ । यसपछि रादुगा प्रकाशनका स्तरीय नेपाली अनुवादबाट नेपाली बालपाठक रमाउन पाए भने अन्तर र्ष्ट्रिय बालवर्षका अतिरिक्त २०४४ भदौमा भएको 'नेपाली बालपुस्तक र पठन गोष्ठी' र सोही सालको घटस्थापनाका दिन भएको 'नेपाल बालसाहित्य समाज'को स्थापनापछि भने संस्थागतरूपमा नै बालसाहित्यको अभिवृद्धिका कामको थालनी भएको हो ।

यो ऐतिहासिक घटनाक्रमलाई पृष्ठभूमिमा राखी वर्तमानमा बालसाहित्यको मूल्याङ्कन गर्दा भएका प्रगतिप्रति भने तुलनात्मकरूपमा चित्त बुझाउनसकिए तापनि पूर्णतः सन्तुष्ट भने हुने अवस्था देखिदैन । हाल आएर बालसाहित्य मात्र छाप्ने प्रकाशन संस्था थपिएका छन् । बालसाहित्यमा विधागत विविधता मात्र नभई प्रकाशनमा पनि आकर्षण थपिदै छ । बालसाहित्यका मात्र दुई सयका हाराहारीमा नयाँ किताबहरू बजारमा प्रतिवर्ष थपिदै छन् । उच्च शिक्षाका पाठ्यक्रमहरूमा बालसाहित्यको समावेशन, बालसाहित्यका विधा र व्यक्तिमा केन्द्रित विद्यावारिधिस्तरको अनुसन्धान, बालसाहित्यको अभिवृद्धिका लागि नयाँ नयाँ सामाजिक संस्थाहरूको सक्रियता, सामुदायिक पुस्तकालयमा बालशाखाको स्थापनाका साथै विद्यालय पुस्तकालयको स्थापनासहित सरकारीस्तरबाटै पुस्तक खरिदका लागि बजेटको तर्जुमा, बालसाहित्यमै केन्द्रित एक लाखसम्मको पुरस्कारको व्यवस्था, बालसाहित्यका अन्तर्राष्ट्रिय स्तरका सङ्घसंस्थाहरूसँगको नेपालको सम्बन्ध आदि यस क्षेत्रका हालसम्मका उपब्धिहरू हुन् । यत्ति भए तापनि नेपालका हरेक बालबालिकाका हात हातमा अझै स्तरीय बालसाहित्यका पुस्तकहरू पुग्नसकेका छैनन् । यसका लागि सरकार, समुदाय मात्र नभई नागरिक स्वयम्ले आआफ्ना क्षेत्रबाट योगदान पुऱ्याउनुपर्ने देखिन्छ ।

रमेश : अन्तर्राष्ट्रिय साहित्यको तुलनामा

नेपाली बालसाहित्यलाई पुऱ्याउन केकस्ता कदम चाल्नुपर्ला ?

डा.घिमिरे: सर्वप्रथम त बालसाहित्यका सर्जक (लेखक र चित्रकार) स्वयम् अध्ययनशील भई अन्तर्राष्ट्रिय बालसाहित्यसँग परिचित हुनुपऱ्यो । त्यहाँ प्रयुक्त समसामयिक प्रवृत्तिलाई देशअनुकूल ढाल्नसक्नुपऱ्यो । आफूले सिर्जना गरेको बालसाहित्यलक्षित उमेर समूहअनुकूल भएनभएको कुरा बालभावकलाई नै सुनाएर उनीहरूको प्रतिक्रियाअनुसार संशोधनपछि मात्र प्रकाशन गर्नुपऱ्यो । स्तरीय प्रकाशनका लागि प्रकाशक सचेष्ट हुनुपऱ्यो । नाम, दाम या स्वान्त सुखायका लगि लेखिरहेका प्रौढसाहित्यका सर्जकले देशको भविष्यका लागि बालसाहित्यलाई माया गर्दै यसक्षेत्रमा पनि कलम चलाउनुपऱ्यो । बालसाहित्य पाठ्यपुस्तकका विरोधी होइनन् अपितु परिपूरक शैक्षिक सामग्री हुन् भन्ने तथ्यसँग सम्बद्ध निकाय विश्वस्त हुनुपऱ्यो । त्यसैले सम्बद्ध शिक्षक एवम् अभिभावकले तोकिएको पाठसँग सम्बद्ध बालसाहित्य कुन हुनसक्छन् भन्ने कुरा स्वयम्ले पढी विद्यार्थीहरूलाई पढ्न अभिप्रेरित गर्नुपऱ्यो । शैक्षिक क्षेत्रमा मातृभाषालाई प्राथमिकता दिएर्झै त्यसको परिपूर्णताका लागि हरेक भाषामा बालसाहित्यको प्रकाशनलाई प्राथमिकता दिनुपऱ्यो । बालपुस्तक बालपाठकको हात हातमा पुऱ्याउन विद्यालय, शिक्षक मात्र नभई अभिभावक स्वयम् सक्रिय हुनुपऱ्यो । सरकारले पाठ्यपुस्तक निःशुल्क वितरण गरेर्झै स्तरीय एवम् कक्षाअनुकूलका बालसाहित्यका पुस्तक पनि खरिद गरी शैक्षिक वर्षको थालनीमै विद्यालय र सामुदायिक पुस्तकालयमा पुऱ्याउनुपऱ्यो । पत्रपत्रिकाहरूमा प्रौढ साहित्यका सामग्रीलाई जस्तै बालसाहित्यलाई पनि प्राथमिकता दिनुपऱ्यो । हरेक पालिकाले स्थानीय पाठ्यपुस्तकसँगै स्थानीय बालसाहित्यका सर्जकलाई प्राथमिकता दिँदै बालसाहित्यका कम्तीमा दुईओटा पुस्तक प्रकाशित गरी निःशुल्करूपमा आआफ्ना पालिकाका विद्यालयहरूमा वितरण गर्नुपऱ्यो । समयको मागसँगै सञ्चारका साधनहरूबाट नेपालका भाषाहरूमा स्तरीय एवम् मौलिक बालसाहित्यका श्रव्यदृश्य सामग्री प्रसारण गर्नुपऱ्यो । बालबालिकामा पठन संस्कारको अभिवृद्धि गर्दै यसलाई जीवनपर्यन्त संस्कृतिका रूपमा अवलम्बन गर्नसक्ने गरी बानी पार्नसक्नुपऱ्यो । बाल्यकालमा भएको पुस्तकप्रतिको आकर्षणबाट नै युवा या प्रौढावस्थामा स्तरीय लेखक वा आदर्श पाठक बन्न सहज हुन्छ भन्ने तथ्य सबैले बुझी सोहीअनुसारको पहलकदमी गर्नुपऱ्यो । समग्रमा शिक्षित बालबालबालिकाबाट नै सभ्य संसार सम्भव छ भन्ने यथार्थ बोध गरी यसका लागि पठनसंस्कृतिको विकासमा रहरले पढिने बालसाहित्यको अहम् भूमिका हुने कुरा सबैले हृदयङ्गम गर्दै त्यसका लागि आआफ्नो क्षेत्रबाट लागिपर्नसके अन्तर र्ाष्ट्रिय क्षेत्रको बालसाहित्यसँग प्रतिस्पर्धा गर्नसक्ने स्तरीय नेपाली बालसाहित्य निकट भविष्यमा नै सिर्जित हुने कुरामा आशावादी हुनसकिन्छ ।

रमेश : नेपाली प्रगतिवादी बालसाहित्यको वर्तमान अवस्था कस्तो रहेको पाउनुहुन्छ ?

डा.घिमिरे : प्रगतिवादको सम्बन्ध मार्क्सवादी दर्शनसँग रहेको छ। दार्शनिक विचारहरू गहन हुन्छन् । त्यसैले सामान्य बालबालिकाका लागि यी सहज बोधगम्य हुँदैनन् त्यसैले सैद्धान्तिक गहन विचारलाई बालोपयोगी बनाउँदै उनीहरूकै परिवेशका उदाहरणबाट प्रगतिवादी दृष्टिकोणलाई सुपाच्यरूपमा बालसाहित्यमा भित्र्याउन सकिन्छ । श्रमको महत्त्वबोध, श्रम शोषणको विरोध, छुवाछुतको निषेध, लैङ्गिक विभेद एवम् सामाजिक असमानताको अन्त्य, सामान्य वर्गीय चेतनाको ज्ञान, राष्ट्रप्रेम आदिका माध्यमबाट बालसाहित्यमा प्रगतिवादी विचारलाई समाहित गर्नसकिन्छ । थोरै मात्र सर्जकहरूले विगत केही दशकदेखि बालसाहित्यका विभिन्न विधाहरूमा यसको प्रयोग गर्दै आए तापनि धेरै सर्जकहरू अझै भिन्न धारमा रहेका छन्। परिणामतः पूर्णतः सन्तुष्ट हुनसक्ने अवस्था देखिदैन।

रमेश : साहित्यसिर्जनामा प्रेरणा दिने अग्रजहरूलाई सम्झनुपर्दा कसरी सम्झनुहुन्छ ?

डा.घिमिरे : त्यसो त जजसका कृतिहरू पढेर म यस क्षेत्रप्रति आकर्षित भएँ ती सबै स्रष्टा र सिर्जनाप्रति म आभारी छु नै । यसबाहेक नेपाल प्रज्ञा-प्रतिष्ठानका तत्कालीन सदस्य डा. तीर्थबहादुर श्रेष्ठ, जसको प्रेरणा र सहयोगमा म विज्ञान र वातावरणजस्तो नयाँ विषयका कथा सिर्जनामा लागिपरेँ अनि मेरो पहिलो बालकथा मात्र नभई पहिलो कथाकृति *जीत कसको हुँदै छ ?* प्रकाशित भयो; उहाँप्रति म सदैव कृतज्ञ छु । यसैगरी श्रद्धेय गुरु प्रा.डा.चूडमणि बन्धु - जसबाट मैले बालसाहित्यका प्रारम्भिक सैद्धान्तिक ज्ञान पाएँ-लाई सदैव सम्झन्छु ।

रमेश : सिङ्गो जीवन प्राध्यापन कर्ममा बिताउनुभएका अग्रजका नाताले अहिलेको नयाँ पुस्ताका बालसिर्जनालाई कसरी मूल्याङ्कन गरिरहनुभएको छ ? र उनीहरूको लेखनका बारेमा कस्तो सल्लाह दिनु उचित ठान्नुहुन्छ ? पठनीय सिर्जनाका लागि स्रष्टाले केकस्ता पक्षमा विशेष ध्यान पुऱ्याउनुपर्छ भन्ने लाग्छ ?

डा.घिमिरे: प्रौढसाहित्यमा जस्तै बालसाहित्यमा पनि नयाँ नयाँ सर्जकहरू थपिनु खुसीको कुरा हो ।

यीमध्ये केही बालसात्यिमा मात्र केन्द्रित छन् भने अधिकांशले बालसाहित्यमा केही न केही लेखी यसलाई प्रयोगक्षेत्रका रूपमा लिएका छन् । केही बालसर्जकले ८-१० वर्ष उमेरमै बालसाहित्यका पुस्तकहरू प्रकाशन गर्नथालेका पनि छन् । विद्युतीय माध्यमबाट बालसाहित्य सिर्जनको प्रशिक्षण पनि थालिएको छ । प्रौढ कृतिको मात्र सार्वजनिकीकरण हुँदै आएकामा हाल बालसाहित्यका कृतिको पनि सार्वजनिकीकरण हुनथालेको छ । प्रौढ कृतिका बालोपयोगी संस्करणहरू थोरै भए पनि प्रकाशन हुनथालेका छन् । पाठ्यपुस्तकहरूमा बालसाहित्यिक रचनाहरू थपिनेक्रममा रहेका छन्। दैनिकी पत्रपत्रिकाले सीमित अवधिका लागि भए पनि बालसाहित्य विशेषलाई प्राथमिकता दिएका

थिए । यी सबै कार्यले बालसाहित्यप्रति सर्जकीय रुचि बढ्दो छ र त यो क्रमशः झाङ्गिदो छ । यत्ति भए तापनि अझै साहित्यको मूलधारमा बालसाहित्यलाई स्विकार्ने प्रवृत्तिमा कन्जुस्याइँ रहेको छ ।

सिर्जनाको संसारलाई प्रौढताको कसीमा तौलन मिल्दैन । पाको हुँदैमा उसको सिर्जना नवप्रवेशीको भन्दा उत्तम हुन्छ भन्नसकिन्न । सबै सर्जक आआफ्ना सिर्जनाका चुलीहरू हुन् । सामन्यतया त्यसमा खोट लगाउन मिल्दैन । मेरो विचारमा ती कृतिले बालसाहित्यको सङ्ख्यात्मक खाडललाई पुर्न मदत गरेकामा सराहना गर्नैपर्छ । यत्ति भएर पनि सरल किसिमले जे लेखे पनि त्यो बालसाहित्य हुन्छ भन्ने धारणालाई भने सच्याउनु नै पर्ने देखिएको छ । दिन दुई गुणा रात चौगुणा विकसित हुने बालमस्तिष्कलाई बेवास्ता गरी उमेर समूहलाई ध्यानमै नराखी लहडको भरमा सिर्जित लेखोटलाई बालसाहित्य भन्नसकिदैन । प्रौढसाहित्यमा जस्तै पाठकलाई बेवास्ता गरी लेख्ने छुट बालसाहित्यमा छैन । यहाँको एक गलत सूचनाले कत्ति बालपाठकको मनमा कस्तो नकारात्मक असर पर्छ भन्ने कुरालाई ध्यान दिनै पर्छ । प्रौढसाहित्य लेख्दा सर्जकलाई आफ्ना कुरा लेख्ने छुट छ तर बालसाहित्यको सिर्जना गर्दा सर्जकका नभई पाठकका कुरा लेख्नुपर्छ । यो तात्त्विक अन्तरलाई सदैव ख्याल राख्नसक्नुपर्छ ।

बालसाहित्यमा कलम चलाउन चाहने मित्रहरूलाई सल्लाह त म कसरी दिन सकुँला र !

तर पनि मेरो अनुभवले सिकाएका केही कुरा भने बाँड्न चाहन्छु । ती अनुभवहरूलाई (**अ अ अ**)३ को सूत्रमा राख्न चाहन्छु । पहिलो **अ** भनेको अवलोकन हो । यदि बालसाहित्यमा कलम चलाउने हो भने सुरुमा बालसंसारको अवलोकन गर्नै पर्छ । बालबालिकाकाको साथी बन्नसकियो भने सारै राम्रो । आफ्नो जीवनको बाल्यकालको अवलोकन पनि केही हदसम्म सहयोगी हुनसक्छ तर समयको अन्तरालमा वर्तमानसँग नमिल्ने कुरा भने हटाउन सक्नुपर्छ । मेरो गोरुको बारै टक्का गर्नहुँदैन । कसैको जीवनीको बाल्यकालको अवलोकनबाट पनि उपयुक्त सामग्री ग्रहण गर्नसकिन्छ । यसरी बालसंसारको अवलोकन गर्दा आफ्नो मन छुने कुन विषय फेला पऱ्यो र त्यसमा के लेख्ने हो, अर्थात् कुन विधामा लेख्ने भनी तय गर्नुपर्छ । दोस्रो **अ** भनेको अध्ययन हो । आफूले बालसंसारको अवलोकन गर्दा जुन विषयमा लेख्ने सोच बनाइयो त्यस विषयमा स्वदेशी र सम्भव भए विदेशीले के के कसरी लेखेका छन् भन्ने कुराको अध्ययन गर्नुपर्छ । यसरी अध्ययन गर्दा धेरैले लेखिसकेका विषय भए त्यसमा नलेख्नु बेस । अरूको भन्दा फरक पारी लेख्ने आँट भए फरक कुरा । तेस्रो **अ** भनेको अन्तर्क्रिया हो । आफूले जुन उमेरसमूहका लागि लेखियो त्यस उमेरसमूहका धेरैभन्दा धेरै बालकालिकालाई सुनाएर या पाण्डुलिपिको फोटोकपी गरी पढ्न दिएर उनीहरूका प्रतिक्रिया सुनेर सोहीअनुसार संशोधन, परिमार्जन, परिष्कार आदि गर्नुपर्छ । उक्त परिमार्जन भाषिक,

विषयगत या प्रस्तुतिगत जेमा पनि गर्न तयार हुनुपर्छ। यहाँ अन्तरक्रिया भन्नाले चित्रकार, हितैषी मित्र, लेखक समूह र समीक्षक यी सबैलाई बुझ्नुपर्छ । सबैको प्रतिक्रियापछि पुनः सम्बन्धित बाल उमेरसमूहमा सुनाई वा देखाइसकेपछिको आवश्यक संशोधनपछि मात्र छाप्न दिनु उपयुक्त हुन्छ। प्रकाशन पनि उपयुक्त किसिमबाट भएको छ छैन सुरुमै हेर्नसके अझ राम्रो ।

रमेश : तपाईंले विशेष गरी बालसाहित्यका क्षेत्रमा अनुसन्धान गर्नुभएको छ, हाल बालसाहित्य समाजका अध्यक्ष पनि हुनुहुन्छ र विद्यावारिधिसमेत हासिल गर्नुभएको छ। नेपालको बालसाहित्यको अवस्था केकस्तो रहेको छ ? यसको थप प्रवर्धनमा केकस्ता प्रयत्न आवश्यक छन् र ककसले त्यस्ता प्रयत्न गर्नुपर्ने महसुस गर्नुभएको छ ? बताइदिनुहोस् न।

डा.घिमिरे : हो, लामो समयसम्म बालसाहित्य समाजसँग आबद्ध रहेको मलाई आदरणीय मतदाताले दुई वर्षअघि अध्यक्ष पदमा निर्वाचित गराउनुभएको छ । प्रायः सामाजिक संस्थामा हुने आर्थिक कठिनाइसँग जुद्धै वर्तमान कार्य समितिले *नेबासास बालसाहित्य सर्जक कोश* (२०७९) प्रकाशन गरेको छ। नेपाली बालसाहित्यसँग सरोकार राख्ने जोकोहीका लगि यो पुस्तक सहयोगी हुने छ भन्ने हामीलाई लागेको छ । दुसाध्य रोगबाट ग्रसित नेबासासका सदस्यहरूलाई केही आर्थिक सहयोग गर्ने हेतुले हामीले 'नेबासास सर्जक राहत कोश'को स्थापना गरेका छौं । यस अभियानमा जोकोही पनि सहभागी हुनसक्नु हुने छ । दृष्टिशक्ति न्यून भएका बालबालिकाले सुन्नसक्नेगरी हामीले नेपालीसहित नेपालका छओटा भाषामा नेपाली र अरू देशका गरी १०० ओटा बालसाहित्यिक पुस्तकको अनुवाद गरेका छौं भने ब्रेललिपिमा तीनओटा बालकथाका पुस्तक छापेका छौं । महिनावारीलाई प्रायः अपवित्र मानिदै आइएको नेपाली समाजमा बालसाहित्यका माध्यमबाट जनचेतना जगाउने उद्देश्यले नेपाल स्थित युएनडिपीको सहयोगमा सातै प्रदेशका किशोरीहरूलाई काठमाडौंमा बोलाई उनीहरूका पहिलो महिनावारीको अनुभव सङ्कलन गरी *पहिलो महिना* (२०७९) प्रकाशित गरेका छौं। विश्वव्यापी कोरोना महामारीबाट प्रभावित बालबालिका, अभिभावक एवम् शिक्षकका अनुभवहरूलाई *सम्झनामा कोरोना* (२०७९) शीर्षकको संस्मरण्मा समेटेका छौं । बालसाहित्यको अनुसन्धान, नियात्रा/लोकवार्ता, बालोपयोगी जीवनीजस्ता विधाहरूमा विशिष्ट योगदान पुऱ्याउनुहुने सर्जकलाई प्रतिवर्ष रु १५,०००।- राशिको पुरस्कार दिनेगरी अक्षयकोषको स्थापना हुनु पनि मैले यस कार्यकालको अर्को उपलब्धिका रूपमा लिएको छु । नेपाली भाषामा किशोरसाहित्यको कमीलाई केही हदसम्म परिपूर्ति गर्नका लागि किशोरसाहित्य लेखन कार्यशालाको पनि आयोजना गरियो । विश्वव्यापी कोरोना महामारीको कहरसँग जुद्धै यत्ति काम भने

पनि गर्नसकेकोमा म सन्तुष्ट नै छु ।

मैले त्रिविबाट "नेपाली भाषाका टुक्काहरूको संरचनात्मक पक्ष र अर्थगत सन्दर्भ"मा विद्यावारिधि गरेको हो, बालसाहित्यमा होइन। माथि भनिएका बालसाहित्यका सैद्धान्तिक पुस्तकबाहेक मैले स्वदेश तथा विदेशमा समेत बालसाहित्यसम्बन्धी अनुसन्धानमूलक विभिन्न कार्यपत्र प्रस्तुत गरेको छु । ती सबैको चर्चा यहाँ आवश्यक देख्दिनँ । नेपालमा बालसाहित्यको अवस्थाका बारेमा माथि नै कुरा आइसकेकाले नदोहोऱ्याउनु नै बेस होला । बालसाहित्यको प्रवर्धनका लागि राज्य र नागरिक दुबैको सक्रियताको खाँचो छ । आफ्ना नानीहरूका जन्मदिन मनाउँदा, बेलविवाह, छेवर, व्रतबन्धजस्ता संस्कार सम्पन्न गर्दा बालपुस्तक उपहार दिने, उनीहरूको कोठामा पाठ्पुस्तक बाहेकका बालसाहित्यको पुस्तक राख्ने ठाउँको व्यवस्था गरिदिने, पुस्तक मेला या पसलबाट रोजेको किताब किनिदिने, सुत्नुअघि वा उपयुक्त समयमा कुनै कथा रोचक पाराले भनिदिने गरी अभिभाकले बालसाहित्यको प्रवर्धनमा विशेष भूमिका खेल्नुपर्ने देखिन्छ । राज्यस्तरबाट बालासाहित्यको प्रवर्धनमा निर्वाह गर्नुपर्ने कुरा माथि नै भनिसकिएको छ ।

रमेश : साहित्यले सामाजिक रूपान्तरणको अभियानमा सघाउ पुऱ्याउँछ भन्ने सम्बन्धमा पनि पक्ष र विपक्ष देखिन्छ । यसमा तपाईँको दृष्टिकोण के रहेको छ ?

डा.घिमिरे : म कला कलाका लागि मात्र नभई जीवनका लागि हुनुपर्छ भन्ने सोचको मान्छे । त्यसैले साहित्य त्यसमा पनि बालसाहित्यले बालबालिकामा गहिरो तथा अविस्मरणीय प्रभाव पार्छ भन्ने कुरामा विश्वस्त छु । एउटा उदाहरण राखूँ - मैले दश वर्षको हुँदा पढेको, दसैँ या बलीका लागि काटिने बोकाको बिलौनाले भरिएको सम्भवतः 'पशु पुकार' नामक पुस्तकको कति प्रभाव पऱ्यो भने मैले धेरै वर्षसम्म माछामासु खान सकिनँ । हामी अहिले जे छौँ, त्यो बाल्यावस्थाकै उपज भएकाले बालबालिकका लागि लेख्दा धेरै कुराहरू सोच्नुपर्छ, जीवनोपयोगी लेख्नुपर्छ । लहडमा खेलाँची पाराले लेख्नु हुँदैन भन्ने मेरो मान्यता रहेको छ ।

रमेश : समग्र नेपाली बालसाहित्यको उत्थानमा साहित्यिक पत्रिकाको केकस्तो भूमिका रहेको छ ? सामाजिक रूपान्तरणमा साहित्यिक पत्रिकाको कस्तो योगदान रहन्छ ? साहित्यिक पत्रिकालाई दीर्घजीवी बनाउन कुन-कुन पक्षले केकस्ता कदम चालिदिनुपर्छ भन्ने महसुस गर्नुभएको छ ?

डा.घिमिरे : पत्रिका सम्बद्ध पाठकलाई मनोरञ्जननात्मक तरिकाले गोलबन्द गर्ने उत्तम माध्यम हो । नेपालमा बालसाहित्यिक पत्रिकाको इतिहास सात दशक पुरानो भए तापनि जीवन्तताका दृष्टिले करिब चार दशकदेखि अविछिन्नरूपमा प्रकाशित हुँदै आएको *मुना*बाहेक अरू समयक्रममा बिलाएर गए । सरकारी स्तरबाट हालै आएर नेपाल प्रज्ञा-प्रतिष्ठानले *बालप्रज्ञा*को प्रकाशन

थालेको छ, जुन स्वागतयोग्य कुरा हो । मेरो विचारमा बालपत्रिकामा बालबालिका स्वयमूका सिर्जनालाई कम्तीमा पचास प्रतिशत स्थान दिनुपर्छ । बाँकी पचास प्रतिशतमा यदि खास उमेर समूहका लागि भनी निर्धारण नगरिएको बालपत्रिका भएमा सकभर सबै उमेर समूहका बालबालिकाका लागि सुहाउँदो हुने खालका सामग्री प्रकाशन गरिनुपर्छ । बालपत्रिका नै नवसर्जक स्रष्टाका लागि प्रोत्साहनको पहिलो खुड्किलो भएकाले भविष्यमा बालसाहित्यको प्रवर्धनका लागि समेत विभिन्न भाषामा बालसाहित्यको प्रकाशन आवश्यक छ । विद्यालय या समुदायस्तरमा बाल भित्तेपत्रिका प्रकाशनलाई प्रोत्साहन गरिनुपर्छ । बालबालिकाले उपयोग गर्ने उपभोग्य सामग्री उत्पादन गर्ने उद्योगले आफ्नो नाफाको निश्चित प्रतिशत बालपत्रिकालाई उपलब्ध गराउनुपर्ने नियम बनाई कडाइका साथ लागू गरेमा बालसाहित्यिक पत्रिकाको असामयिक मृत्यु हुने थिएन, यसले दीर्घ जीवन प्राप्त गर्ने थियो ।

रमेश : तपाईं आफू बालस्रष्टा हुनुहुन्छ । नेपाली साहित्यमा थुप्रै स्रष्टाहरू हुनुहुन्छ । अन्य स्रष्टाभन्दा आफूलाई फरक देखाउनुपर्दा तपाईंको लेखनका फरकपना बताइदिनुहोस् न ।

डा.घिमिरे: आफ्ना सन्तान र सिर्जना सबैलाई प्रिय र विशिष्ट लाग्छन् त्यसैले आफ्ना सिर्जनाका बारेमा आफैंले केही भन्नुभन्दा विज्ञ समीक्षकलाई यसको जिम्मा दिनु उपयुक्त हुने छ तर मेरो स्वभाव अरूको भन्दा फरक गर्नुपर्छ भन्ने हो । त्यसैले प्रायः उपदेशका भारीले थिचिँदै आएको बालकथाको परम्पराबाट मैले *जीत कसको हुँदै छ* (२०५१)बाट विज्ञान र वातावरणतर्फको नयाँ डोरेटामा हिँडाएँ कि ? अचेल चल्तीमा रहेको विसङ्केतन पुस्तिका (Decodable Book) लाई मैले साउँअक्षरमा मात्र सीमित भिनो कथासहितको ३२ पृष्ठको *पवन र गगन* (२०६७)बाट थालनी गरैं कि ? मेरो *हा हा हा* (२०६२) ले शब्दविहीन बालचित्रसङ्ग्रहको थालनी गरेको हो कि ? नेपाली बालसाहित्यमा सैद्धान्तिक पुस्तकको कमी पूरा गर्दै सबै विधाहरूको काल विभाजनसहित हरेकको चरणगत प्रवृति दिइएको *बालसाहित्यको विधागत सिद्धान्त र नेपाली बालसाहित्य* (२०७४) यस क्षेत्रको कोसे ढुङ्गा पो हो कि ? यी र यस्ता अन्य कुराहरू भविष्यका लागि छोड्नु नै श्रेयस्कर हुने छ ।

रमेश : साहित्यसम्बन्धी मैले सोध्न छुटाएका र तपाईंले भन्नैपर्ने कुराहरू केही भए बताइदिनुहोस् न ।

डा.घिमिरे : यत्ति भनेपछि केही छुटेकोजस्तो मलाई लागेन ।

रमेश : आफ्नो अमूल्य समय छुट्याएर वार्तालाप गरिदिनुभएकोमा हार्दिक धन्यवाद ।

डा.घिमिरे: ओझेलमा परेको बालसाहित्य र आफ्नैबारेमा पनि केही भन्ने मौका प्रदान गर्नुभएकामा हृदयतः सम्पूर्ण पत्रिकापरिवारमा आभार व्यक्त गर्दछु । नमस्कार ।

❑ अनुवाद कथा

अनारकली

यदि उसलाई उसको चाल सुधार्नु छैन भने ऊ यहाँबाट जाओस् । कतै अन्तै गएर रहोस् । म हेर्न सक्तिन उसको त्यो कुबाटो हिँडेको यात्रा । यदि तिमीलाई भन्नु छ भने भन नत्र म नै गएर भनिदिन्छु ।

❖ अञ्जना वर्मा

"ऐ चुप लाग् । जति खेर हेर्‌यो त्यति वेलै मुस्कुराइरहेकी हुन्छे, ठी-ठी-ठी-ठी हाँसि नै रहन्छे ! न कुनै सोच, न कुनै चिन्ता ! अलिकति पनि सरम छैन ?" दीपाकी भाउजूले भनिन् ।

'के को सरम भाउजू ? मैले के गरेकी छु र ? कुन गलत काम गरेकी छु र सरमाऊँ ?' दीपाले भनी । 'के गरेकी छु ?' म सँग सोध्छेस् ? आफैँलाई सोध् ।' 'के सोधूँ ? भन त ?... के ?'

'सोध न आफैँसँग ? तिमीलाई कुनै चिन्ता-फिक्री छ ? प्रेमजी गए त गए आफ्नो जीवनबाट । तिम्रो केही बिग्र्यो क्या हो ?' 'तिमी नै जान्दछेउ मेरो केही बिग्रिएको छैन ?' मेरो बिग्रिएन त कसको बिग्रियो ? भन ? म जुन सहिरहेकी छु, त्यो त म नै जान्दछु । आज म नै तीन तीन बच्चाहरू लिएर पल पल ठक्कर खान बाध्य भइरहेकी छु । उनी हुन्थे भने के म जान्थेँ अर्काको घर-द्वारमा काम गर्न ?'

'अँ...त्यसैले फेसन गरेर जान्छेउ काम गर्न...।' 'म मजबुरीमा काम गर्नजान्छु । त म के गरूँ ? घरबाट बाहिर निस्कँदा च्यातिएका कपडाहरू लगाएर निस्कूँ ? जस्तो लगाउँथेँ त्यस्तै लगाउँछु।'

दीपाकी भाउजू आज कुनै प्रकारले उसको दिल आफ्ना व्यङ्ग्य प्रहारले चिरिदिन चाहन्थिन् । यो सुनेरै हात नचाउँदै भन्न लागिन, 'ला यो, भन्दछे जस्तो लगाउँथेँ त्यस्तै लगाउँछु ! अरे...यो कुरा तिम्रो दिमागमा आउँदैन कि अब यस्तो लगाउनुहुँदैन तिमीले...सजिनु पर्दैन तिमीले पहिलेको जस्तो...। बुझ्दै बुझ्दिन यो त ! यदि लगाउनै चाहन्छेउ त लगाऊ नन्द रानी ! तर अरूले तिम्रो विषयमा के भन्छन् केही खबर त लेऊ...। यो भनेर सुनिता मुस्कुराउन थालिन् ।

यो सुनेर दीपालाई भक्कानो छुटेर आयो । भनिन्, 'के के भन्छन् तिमी नै भन न ?' भाव बनाउँदै सुनिता भन्नथालिन्, 'म के भनूँ ? तिमीले नै सोध्नू कसैसँग । तिम्रा विषयमा मान्छेहरू राम्रो भन्दैनन् । भन्दछन्, सधैँ यसरी बनिएर कहाँ जान्छे ? ... के काम गर्छे ? यो

सब सुनेर मेरो पनि शिर झुक्ने गर्दछ ।

अहिलेसम्म त दीपा वाकयुद्धमा मोर्चा सम्हालिरहेकी थिइन् तर यो सुन्नेबित्तिकै घाइते भइन् । रुँदैं भनिन्, 'सधैँ सधैँ तिमी मलाई भनिरहन्छ्यौ । साँचो त यो हो कि तिमीलाई मैले र मेरा नानीहरूले बाँचेको सैह्य हुँदैन । मैले तिम्रो के बिगारेकी छु ? अरू केही छैन भन्नलाई अनि भन्छ्यौ उनीहरू यसो भन्छन् तिमीलाई...उसले यसो भन्छ तिमीलाई...!

यसो भनेर दीपा डाको छाडेर रुन थालिन् । उनको मिही आबाजको रुवाइ चारैतिर फैलिन थाल्यो । सुनिता उनले रोएको देखेर भित्रभित्रै सन्तुष्ट भइन् र त्यहाँबाट गइन् । दीपा अबेरसम्म त्यहीँ बसेर घुँडामा टाउको राखेर रोइरहिन् ।

अब यो सधैँको कामजस्तै भइसकेको थियो । आज फेरि सुनिताले उनलाई यसरी गाली गरेकी थिइन् । लोग्नेको स्वर्गवासपछि नै त उनले भाइको शरणमा आउनुपरेको थियो । दीपा बारम्बार पछुताउँथिन् कि उनको लोग्नेको स्वर्गवासपछि किन उनी दाजुको छेउमा आएर बसिन् ? तर यसको कुनै विकल्प पनि त उनीसँग थिएन । यो सामाजिक सोचाइले गर्दा कि कुनै पनि आइमाईको शिरमा कुनै पनि सम्बन्धको पुरूषको छाया रहनुपर्दछ - उनी मुक्त थिइनन् र मुक्त हुन पनि सक्तिनथिइन् । उनी छुट्टै एउटा कोठो लिएर आफ्ना तीन नानीहरूसँग बसोवास गरिरहेकी थिइन् । भलै त्यो कोठो दाजुको छेवैमा थियो तर आफ्नो खर्च उनी आफैँ उठाइरहेकी थिइन् । आर्थिक समस्याको हल गर्ने प्रयास छ महिनासम्म गरिरहिन् । जब सफल हुन सकिनन् तब दाजुसँग कुनै नोकरीमा लगाइदिन भन्नुपर्‍यो । त्यसपछि दाजुले साडीदोकानमा सेल्सगर्लको नोकरी खोजिदिए । अढाइ हजार रुपैयाँको यो नोकरी सुनेर दीपा यति खुसी भइन् कि उनको खुसी बोलीमा, उनको अङ्ग सञ्चालनमा र अनुहारमा झल्किन थाल्यो । दोकानमा जब काम गर्न गइन् तब सजिएका रङ्गी-बिरङ्गी साडीहरू देखेर जति खुसी भइन्, त्योभन्दा अधिक उनी अधैर्य भइन् कि यस्ता सुन्दर साडीहरू उनका हुँदा हुन् त ! सुरु सुरुमा साडी देखाउने काम उनलाई राम्रो लाग्दथ्यो । ग्राहकहरूलाई साडी खोली खोली जति देखाउँथिन् त्यसभन्दा बढी आफैँ हेर्दथिन् । तब उनको मनमा कतिवटा सुन्दर साडीहरू लगाउने इच्छा झन् बढेर आयो तर विस्तारै विस्तारै उनलाई थाहा लाग्यो कि दिनभरि साडीहरू फिँजाउनु र मिलाउनुजस्तो पट्टाइ लाग्ने काम अरू केही हुनसक्तैन । यो नोकरीले गर्दा उनको दिनचर्या धेरै तनावपूर्ण भएको थियो । बिहान नानीहरूलाई स्कुल पठाएर घरबाट निस्कन्थिन् । नानीहरू स्कुलबाट फर्किएर मामाको घरमा जान्थे । सुजाता उनीहरूसँग कस्तो व्यवहार गर्दथिन् त्यो पनि उनलाई नानीहरूबाट थाहा लागिसकेको थियो । रातिको आठ बजे उनी दोकानबाट छुट्दथिन् तब पूरा थाकेर नौ बज्दा घर पुग्दथिइन् । यो काममा टिक्न धेरै गारो भइरहेको थियो त्यसैले मुस्किलले केही

महिना मात्रै बितेको थियो उनले यो नोकरी छाडिदिइन् तर चारओटा साडी कम मूल्यमा लिन भने भुलिनन् ।

अब उनको अगाडि यही सबाल थियो कि उनी के काम गरेर उनका नानीहरूलाई पालनपोषण गर्छिन् । अब केवल घरको काम नै थियो जो उनी गर्न सक्तथिन् र यसको लागि उनी मानसिकरूपले आफूलाई प्रस्तुत गर्नथालेकी थिइन् । झाडुपोछा, भाँडाकुँडाको काम गरेर उनी आफ्नो नजरमा दीनहीन बन्न चाहन्नथिइन् । खाना बनाउने काम उनी खोज्नथालेकी थिइन्, यस कामको लागि पनि उनले आफैँलाई मानसिकरूपले तैयार गरिसकेकी थिइन् । यो सोचेर कि सानो अभावग्रस्त गृहस्थीमा गृहस्वामिनी भएर रहने जुन गौरव थियो त्यो त अब टुटनु नै थियो । तब यो नै सही । कहाँ कहाँबाट गिरेर उनी घरमा खाना बनाउने काम गर्न तैयार भइरहेकी थिइन् । आर्थिक भुमरीबाट बच्न उनीसँग अरू कुनै विकल्प थिएन । उनले आफूले चिनेजानेकाहरूलाई भन्न थालिन् कि कुनै चिनेजानेको घरमा उनको लागि यो काम खोजिदिउन् ।

आखिर एक ठाउँमा काम मिल्यो, त्यसले उनलाई केही राहत त मिल्यो तर त्यसबाट मिल्ने वेतन उनको आफ्नोलागि र आफ्ना नानीहरूका लागि पर्याप्त थिएन । त्यसैले उनी अर्को एक काम खोज्नथालेकी थिइन् । उनलाई पहिलेदेखि नै खाना बनाउनमा रूचि थियो तर जब खाना बनाउने कामले नोकरीको रूप लियो तब घरबाट निक्लँदै उनी आफ्नो मजबुरीसँग रु-ब-रु हुनथालेकी थिइन् । यति अवश्य थियो कि उनी पूरा सजिएर निस्कन्थिन् तब त्यो सोचाइ दबिने गर्दथ्यो ।

सुन्दर देखिने र लगाउने ओढ्ने इच्छा बाल्यकालदेखि नै थियो उनको । सानी छँदा पर्व-त्यौहारहरूमा किन्ने कपडाहरूको दीर्घ प्रतीक्षा गर्दथिन् । विवाहपछि त उनलाई लाग्यो अब सजिने सँबरने दिन आए । आफ्नो लोग्नेसँग किसिम किसिमका साडीहरू मगाउँथिन् । खुब सिँगारिएर आफूलाई ऐनामा हेर्दथिन् र हर्षविभोर हुन्थिन् । सधैँ मुस्कुराइरहने उनको आदतले उनको सुन्दर रूपलाई अझ मोहक बनाइदिने गर्दथ्यो । हरकुरामा लजाउने, थोरै बोल्ने र नजर झुकाएर आफ्नो बाटो हिँडनेजस्ता कुराले उनी हिंडडुल गर्ने नायिकाजस्तै लाग्दथिन् । बाटामा यताउता नजर पनि डराइ डराइ लगाउँदथिन् । तीनवटा नानीहरू भएपछि पनि अनुहारको बालापन बचि नै रहेको थियो कि यदि स्कुलको पोसाक लगाउने हो भने उनलाई आठ कक्षाकी विद्यार्थीसरह नै मानिने थियो तर उनको लोग्नेले उनलाई छाडेर गयो र उनी छाडिइन् आफ्नो सौन्दर्य, मोहक भावभङ्गिमा र सजिने सँबरिने मोहका साथ !

जब उनी पहिलो दिन हरिश निगमको घरमा जान निक्लेकी थिइन् तब यसरी गइन् कि कोहीसँग भेट्न गइरहेकी छिन् - सस्तो सिफनको साडी र जिउमै टाँसिएको ब्लाउज लगाएर, गोडामा सुन्दर चप्पल लगाएर, नङमा

चित्र बनाएर र सस्तो सौन्दर्य प्रशाधनको महकसहित उनले हरिश निगमको ढोकाको घण्टी बजाइन् । मिसेस निगमले ढोका खोलिन् तब उनलाई माथिदेखि तलसम्म छक्क परेर हेरिरहिन् । केटी सुन्दर पनि छे र आफ्नै प्रकारले पूरा फेसनेबल पनि । मन लाग्छ यो काममा ? हुनसक्छ दुई दिनपछि नै काम छोडेर बस्लिन् अथवा केही गर्न नआउँदो हो ! अब त जे होला हेर्नुपर्ला । उन्ले थाहा पाएकी थिइन् कि यो मध्यम वर्गीय खानपानकी घरकी हो र मजबुरीमा काम गर्न निक्लेकी हो । यो कुरो त उसको भेषभुषा र देहको लयबाटै झल्किरहेको थियो । साँच्चै यसलाई काम गर्न बाहिर निस्कन मुस्किल भयो होला तर...किस्मत...के गराउँदैन ? मिसेस निगम केही पलसम्म उसलाई हेरेर सोचिरहेकी थिइन् तर उनको सोचाइको विपरीत दीपा राम्रो काम गर्नथालिन् । खुब मन लगाएर प्यारले खाना बनाउँथिन् उनी । सब्जीको मसाला भुट्थिन त यसरी कि त्यसको गन्ध घरको हावामा उडनथाल्थ्यो । खुर्सानी खान र लगाउन ज्यादै सिपालु थिइन् जसले गर्दा मसालामा हालेको खुर्सानीको कडा पिरो घरका मान्छेहरूको घाँटीमा लागेर खोकी छुटाइदिन्थ्यो ।

'अरे दीपा ! के गर्दै छ्यौ ? खुर्सानी धेर हाल्यौ क्या हो ? कम हाल्ने गर ।' मिसेस निगम भन्थिन् । तर त्यसो भए तापनि जब उनको हातले बनाएको खाना सामुन्ने हुन्थ्यो तब सबैलाई खाएर तृप्ति नै हुन्थ्यो । उनको पाककलाको प्रशंसा अनायास सबैको मुखबाट निस्कने गर्दथ्यो र दीपालाई पनि यही कुराले सन्तुष्टि मिल्ने गर्दथ्यो । उनी मुस्कुराउँदै आउँथिन् अनि मुस्कुराउँदै निस्केर जान्थिन् ।

सुनिता आफ्नो घरको द्वारमा बसेर उनलाई आउँदाजाँदा हेर्ने गर्दथिन् । त्यो मुस्कुराहट उनको दिलमा तीरजस्तै बिझ्ने गर्दथ्यो । उनी चाहन्थिन् कि कुनै प्रकारले उनको अनुहारको मुस्कुराहट गायब भइजाओस् । उनी सधैँ सधैँ नयाँ नयाँ कपडा लगाउँछिन् त किन ? उनी बाहिर गुलामी गरेर पनि मुस्कुराइरहेकी छिन् तर उनी घरमा रानी भएर पनि नोकरनीसरह भइरहेकी छिन् । उनको दिमागमा विभिन्न प्रकारका कुटिल विचारहरूले आकार लिनथालेका थिए । उनी किन सजिएर दीपाजस्तै सुन्दर बन्नसक्दिनन् ! जबकि उनको वर्ण दीपाको भन्दा राम्रो छ । दीपाको भन्दा धेरै दामी कपडा लगाएर र उनको भन्दा धेर हैसियत भएर पनि, चाहेर पनि उनी त्यसरी मुस्कुराउन सक्दिनन् त किन ! उनका चारैतिर खुसी छ - लोग्ने, बच्चाहरू, घरद्वार, पैसा । दीपा लोग्ने गुमाएर आर्थिक सङ्कटको चेपारोमा परेर पनि मुस्कुराइरहन्छिन् । आखिर के जडीबुटी छ ऊसँग ? यही कुरो सुनितालाई खटकिन्थ्यो । जहिलेदेखि उनी खाना बनाउने काम गर्दै केही स्वनिर्भरशील हुँदै गइरहेकी थिइन् आफ्नो जिन्दगीबाट तहिलेदेखि सुनितालाई सहन गर्न मुस्किल हुनथालेको थियो । त्यसैले आज उनी बिहानै झगड़ा गर्न थालेकी थिइन् !

रोइ कराइ गरेर दीपा चुप लागिन् त

देखिन् धेरै बेर भइसकेछ तब उनी काममा जान सकिनन् । दीपाको लागि सजिलो थिएन तीन बच्चाहरूलाई हेरचाह गर्नु र बिहान-बेलुका खाना बनाउन जाने । थाकेर शरीर थिल्थिलो हुन्थ्यो । दुई पल आँखा चिम्लन पनि गारो हुन्थ्यो उनलाई । बिहानै उठेर दुई बच्चालाई तैयार गरेर स्कुल पठाउँथिन् एक छोरा र एक छोरीलाई । सबभन्दा सानोलाई घरमा छोडेर जानुपर्दथ्यो त्यसैले उसलाई सुनिताकोमा राख्नु उनको मजबुरी थियो । कामबाट फर्किएर सबभन्दा पहिले सानो छोरालाई लिन भाउजूको घरमा पुग्दथिन् । उसलाई लिएर जब आफ्नो किरायाको कोठामा पाइला राख्दथिन् कि ऊ सिकायत गर्नथाल्दथ्यो कि त्यहाँ ऊसँग के के भयो । कसैले धकेलिदियो त कसैले मुख तानिदियो अथवा यस्तै के के । सुनिता स्वयम् त्यो बाउ नभएको बच्चालाई चिढाउन पछि पर्दिनथिन् । जुन त्यो बालकले पनि बुज्दथ्यो । दीपा जान्दथिन् कि यी कुराहरू साँचा हेन् । उनलाई सधँ यो सब सुनेर घाइते बन्नुपर्दथ्यो तर कुनै उपाय थिएन त्यो सानो बच्चाको लागि जो स्कुल पनि जाँदैन । उनले सोचिन् कि बिहान त सुनिताकोमा राख्नै पर्दछ तर बेलुका सबै बच्चाहरूलाई कोठाबाहिर खेल्नू भनेर काममा जानथालेकी थिइन् । जानुभन्दा पहिले उनी तिनीहरूलाई सम्झाउँथिन्, 'हेर लडाइँझगडा नगर्नू । म चाँडै आउँछु, हेर अरू केही कुरो छ भने....। बाँकी शब्दहरू उनी आफ्नो ओठभित्रै छाडिदिन्थिन् । कोठामा ताला लगाएर उनी निस्कन्थिन् ।

अब उनलाई दुई घरमा काम मिलेको थियो त्यसैले उनी काम छिटो छिटो सक्ने गर्दथिन् । खाना बनाउने रहर हराइसकेको थियो ! अब उनी भुल्ने गर्दथिन् कि के बनाइरहेकी छिन् । कहिले मसला भुटिँदैनथ्यो, त कहिले आँटा थोरै माडिन्थ्यो, कहिले सब्जी पूरा पाक्दैनथ्यो त कहिल्यै दाल झान्न बिर्सिन्थिन् । अक्सर काँचो-कचिलो खाना बनाएकोमा उनले कुरा सुन्नुपर्ने हुन्थ्यो । हडबडाउँदै उनी घर फर्कन्थिन् तर यी जलनका दिनहरूमा पनि उनको रहर धमिलिएको थिएन । किसिम किसिमका साडीहरू त थिए नै उनीसँग । उता उनले जहिलेदेखि केटीहरूले अनारकली लगाएको देखेकी थिइन, उनको दिलमा पनि अनारकली लगाउने इच्छा जागेको थियो । आम्मै ! अनारकली के सुहाउँछ जिउमा ! उनलाई याद आउँथ्यो कि प्रेमले किन भन्दथ्यो, 'हेर, साडीमा तिमी कत्ति राम्री देखिछ्यौ, साडी नै पहिरिने गर अनि तिमी नि ? कहिल्यै पनि अरू लुगा नलगाउनु । आईमाई त साडीमै बहुत सुन्दर देखिन्छन् । तिमी जति चाहन्छ्यौ म त्यति साडी ल्याएर दिन्छु । यस्तो ऊ त्यति वेला भन्थ्यो जब नशा चढेको हुन्थ्यो तर नशा उत्रिएपछि पनि उसले कहिल्यै अरू पहिरन किनेन । यो मनमा आउँदा उनलाई एक्लै पनि हाँस उठ्ने गर्दथ्यो । दोटङ्गी.. तर अब त उनले दोटङ्गी लगाउने मन बनाइसकेकी थिइन् । उनलाई यसपटक दीपावलीभन्दा पहिले नै तलब प्राप्त भयो तब उनले जम्मै कपडामै खर्च गरिन् । नानीहरूका लागि लिइन्

कामचलाउ तर आफ्नोलागि किनेकी थिइन् गहिरो निलो रङको पारी भएको अनारकली सुट, पारीवाला दोपट्टासँग । उनले सोचिन् कि बच्चा अहिले के जान्दछन् र ? ठुला भएपछि लगाउने छन् आफ्नो रोजीका कपडा ।

दीपावलीको दिन नयाँ सुट लगाएर आफूलाई ऐनामा हेरिन् र आफैँमा मुग्ध भइन् । महिना दिनअघि गाउँ गएकी थिइन्, त्यहीँ नक्कली पायल किनेकी थिइन् । उनले गोडामा तिनै पायल लगाइन् । पारी भएको अनारकलीको तल्तिर गोरा गोडाहरू हेरिरहेका थिए पायलमा सजिएर । उनले सोचिन् उनका गोडा कति सुन्दर देखिएका छन् । मन लाग्छ उनलाई आफ्नै गोडाहरूलाई नै हेरिरहूँ । अनि त्यो निलो सुट कत्ति राम्रो देखिएको छ । जस्तै मयुर होस् त्यो हरियो घाँसमा कालो बादलमुनि आफ्नो छिरबिरे पखेटा फिँजाएर नाचिरहेको मयुर । यदि अहिले प्रेम जीवित हुन्थ्यो भने उनलाई हेरेर भन्ने थियो कि दोटङ्गी नलगाऊ । हैन, निश्चय खुसी हुने थियो । अचानक दुःखको एक लहर उनको मनभित्र उठ्यो अनि उनको मुस्कुराइरहेको चेहरा उदास भयो । तैपनि पूरा आत्मविश्वासका साथ आफ्ना तीनै बच्चालाई साथ लिएर बजारतर्फ लागिन् । सुनिता घरबाहिरै बसेकी थिइन् । दीपाले उनलाई हेरिन् तर उनले आफ्नो अनुहार अर्कोतर्फ फर्काइन् मानौँ उनलाई देखेकै छैनन्, अनि बच्चाहरूको हात समाएर अघि बढिन् । उनी बच्चाहरूलाई पटाका र फूलझडी देखाउन गइरहेकी थिइन् ।

बच्चाहरू आफ्ना हातमा रकेट, अनार, फूलझडीका प्याकेट लिएर फर्किरहेका थिए र आइपुग्नेबित्तिकै पटाका र फूलझडी जलाउन लागे । दीपालाई पहिलोपल्ट यस्तो लाग्यो कि आफ्नै कमाइबाट आफ्नोलागि र नानीहरूका लागि खुसी जुटाउन सकिन्छ । उनी पूरा सन्तोषसँग बच्चाहरूलाई हाँस्तै खेलेको देखेर खुसी भइरहेकी थिइन् । लोग्ने गएपछि अभाव र सङ्घर्षको ताप यी ससाना नानीहरूले पनि झेल्नुपरेको थियो । अब सबै हाँस्तै गर्दा कत्ति राम्रो लागेको थियो । उनका आँखाहरू रसाएर आए । पटाकाको आबाज र फूलझडीको रङ्गीन चकाचौधका बिच उनलाई प्रेमको धेरै याद आयो । कतै नानीहरूले उनलाई रुँदै गरेको नदेखुन् । यदि यस्तो भयो भने उनी यी आँसुहरूको अर्थ उनीहरूलाई बुझाउन सक्तिनन् । उनी त्यहाँबाट उठेर गइन् ।

अर्को दिन काममा जाँदाखेरि उनले आफ्नो त्यही अनारकली सुट लगाइन् । बाटामा हेर्नेहरूले उनलाई हेरि नै रहे । सुनिताको मनमा उनले अनारकली लगाएको कुनै सुइरोजस्तै बिझ्यो । दुई तीन दिनसम्म त उनी चुप रहिन् र मौका छोपिरहिन् । त्यो दिन बेलुका दीपा कमलेश सिंहको घरमा खाना बनाउन पुगिन् । हरिश निगमको घरको काम सकेकी थिइन् । सोचेकी थिइन् कि यहाँ पनि चाँडै खाना बनाएर निस्कने छिन् तर विभिन्न व्यञ्जनहरूको अर्डर भयो । उनी चाँडै बनाउन थालिन् । घडीको काँटाले जब नौ बजाइदिए तब उनको दिल धडकन थाल्यो आफ्नोलागि पनि अनि नानीहरूको लागि पनि । नानीहरू अहिले कहीँ भोकै नसुतेका होउन् । सानो

छोरो र छोरी दुबै सुतिसके होला । जागेको छ भने ठुलो चैं । त्यो पनि उँघ्दै आमा आउने बाटो हेर्दै थाकिसक्यो होला । बाटामा धेरै ठाउँमा बत्ती थिएन । त्यो अँध्यारो छायामुनिबाट आउँदा डरले उनको दिलको धडकन बढन थाल्दथ्यो । त्यो गल्लीमा त्यसै त मावलीहरूको कमी थिएन ।

बाटामा एउटा अफिसको गार्ड उनले जाँदै गर्दा गेटबाट बाहिर निक्लेर उनलाई नियाल्नथाल्दथ्यो । एक दिन त्यसले भनेको थियो, 'मेडम, तिमीलाई खाना बनाउन राख्न चाहन्छिन् । हिँड, भित्र बोलाइरहेकी छिन् ।' यो सुनेर उनले कुनै जबाब नदिइकन छिटो छिटो हिँडेर आएकी थिइन् । के थाहा कुनै दिन बाटो छेक्ला भनेर ! मजबुर आइमाईलाई छेडछाड गर्न कति सजिलो हुन्छ ।

टेबुलमा कुनै सुरत व्यञ्जनहरू सजाएर उनी भागिन् । मूल सडकमा त उज्ज्याला हाँस्तै गरेका बिजुलीका खम्बाहरू खडा थिए तर गल्लीमा त अँध्यारोको चाँदनी खनिएको थियो । त्यो उज्ज्यालो अँध्यारोबाट हिँडेर जब उनी आफ्नो कोठाको बाहिर पुगिन् र देखिन् केवल ठुलो छोरो मात्रै जागिरहेको छ । बाँकी दुई दुईवटा कमलका कोपिलाजस्तै सिढीमै निदाइरहेका थिए । उनले पटक पटक तीनैलाई चुमिन्, पहिले ठुलोचैं लाई त्यसपछि निदाएका दुबैलाई ।

दोस्रो दिन बिहानै दाजुभाउजूको घरबाट लडाइँ-झगडाको आबाज सुनिन थाल्यो । सुनिता भन्दै थिइन्, 'आखिर तिमी उसलाई किन केही भन्दैनौ ? राति दश बजे ऊ कहाँबाट घर फर्किन्छे ? कुन काम गर्दछे कि यत्ति राति हुने गर्दछ ? अनि यत्ति लत्ताकपडा लगाउँछे तिमी देख्दैनौ ? कहाँबाट लगाउँदछे यत्रो ? तिमीलाई केही थाहा छ कि छैन ? केही भन्नु जरूरी ठान्दैनौ कि क्या हो ?

दाजुको आबाज आयो, 'के उल्टा कुरा बोलिराखेकी ?' 'म उल्टा बोलिरहेकी छु ? तिमी त बाहिर रहन्छौ, त्यसैले जान्दैनौ ।' 'राम्रोसँग जान्दछु । ऊ पहिलेदेखि नै यस्तै कपडा लगाउँथी ।' बिचैमा कुरा काटेर सुनिताले भनिन, 'पहिलेदेखि नै लगाउँथी त के अहिले पनि लगाउँछे ? म भन्दै छु कि उसलाई देखेर यस्तो लाग्दछ कि प्रेमजी रहेनन्, न शोक न लाज !'

चुप लाग । आफ्नी पत्नीलाई हकार्दै थियो दीपाको दाजु । सुनिता फेरि बोल्नलागिन्, 'अरे ! तिम्रो बुद्धि घाँस चर्न गएको छ ? गएर सोध मान्छेहरू के भन्छन् उसको बारेमा ? हाम्रो छेउमा बसेर ऊ हाम्रो मदत गरिरहेकी छ । यदि उसलाई उसको चाल सुधार्नु छैन भने ऊ यहाँबाट जाओस् । कतै अन्तै गएर रहोस् । म हेर्न सक्तिन उसको त्यो कुबाटो हिँडेको यात्रा । यदि तिमीलाई भन्नु छ भने भन नत्र म नै गएर भनिदिन्छु ।'

यो सब सुनेर दीपाको दाजु बौलाहाजस्तो भएर उसको कोठातर्फ लाग्यो । दीपा...दाजुको उग्र रूप देखेर डराइन् । उनको मुखबाट आबाज निस्किएन । उनी अपराधिनी भएर दिवारमा अडेस लागेर उभिइरहिन् ।

दीपा...यो के हुँदै छ ? कहाँ काम गर्छेस तँ ? दाजु ! म हरिश निगम र कमलेशजीको

घरमा खाना बनाउँछु । हिजो खाना बनाउँदा बनाउँदै ढिलो भयो त म के गर्नु ? हतार हतार घर फर्किएँ, त्यस वेला साढे नौ बजेको थियो ।

ल, ठिक छ तर कामको लागि जाँदाखेरि केही राम्रो तरिकाले जाने गर्नू । बुझिस् नि ? तँ चाहन्छेस् तेरो विषयमा मान्छेहरूले उल्टासिधा कुरा काटुन् ? हामी चाहन्नौं तेरोलागि हामीलाई मान्छेले हाँसुन् । बुझिस् नि ? त्यसपछि दाजुले चुप लागेर ठुल्ठुला आँखाले केही क्षणसम्म हेर्‌यो । दीपाले केही भन्नसकिनन् । आफ्नो तर्फबाट कुनै सफाइ दिनसकिनन् । आँखा रसिला भएर आए अनि उनले शिर झुकाइन् ।

दाजु जसरी गर्जिँदै आएको थियो त्यसरी नैं चम्किँदै निक्लेर गयो । अर्को दिनबाट दीपाले अर्कै ठाउँमा घर खोज्न सुरू गरेकी थिइन् । जसको छायाँमा बसेर उनी आफ्नोलागि र नानीहरूको लागि केही सुरक्षा र शान्तिको आशा गरेकी थिइन् उ नै उनको बास उजाड्न बेचैन भएको थियो त उनी किन बस्नु त्यहाँ ? अलग्गै रहेर पनि सधैँ उनले र उनका बच्चाहरूले कुरा सुन्नुपरिरहेको थियो । अब उनी टाढा जाने छिन् । चाहे त्यो कहीं किन नहोस् ।

दीपालाई नयाँ कोठा चाँडै प्राप्त भयो । उनले दुई तीन बाकस बोकिन् अनि केही पोकाहरू बाँधिन् । ठेलामा सामान बाँधेर नयाँ कोठामा पुगिन् । यहाँ आएर जीवन धेरै तनावपूर्ण भयो । आफैँलाई बिल्कुल एक्लो लाग्नथाल्यो तब छिमेकीहरूसँग मेलजोल गर्न चाहिन् । अब उनको सजिने सँवारिने उत्साह थाहा छैन कतै हरायो ! सुनिताले यत्ति धेरै बोलिसकेकी थिइन् कि उनका कोमल चाहनाहरूविरूद्ध अब कुनै राम्रो साडी देखियो भने अपराधबोध हुने गर्दथ्यो । अब जुन साडीमा नानीहरूलाई नुहाउँथिन्, खाना बनाउँथिन्, उनीहरूलाई खुवाउँथिन् तिनै कपडामा नानीहरूलाई स्कुल पुर्‍याउन जान्थिन् र उतैबाट आफ्नो काममा । उनका मालिक्नीहरू अचम्म मान्दथे कि किन दीपा हिजोआज यस्तो कपडामा आउने गर्दछे काम गर्न ?

एक दिन कमलेशजीकी पत्नीले सोधिन्, 'के भयो दीपा ? स्वास्थ्य त ठिकै छ नि ! ठिकठाक देखिएकी छैनौ तिमी ! बिमारी छ्यौ कि कसो ?' 'हैन, हैन ! केही भएको छैन ।' छोटो जबाफ दिइन् दीपाले । उनको अनुहार उदास थियो ।

फेरि एक दिन मिसेस निगमले कराइन्, 'के भयो दीपा ? यता केही दिनदेखि देखिरहेकी छु चुपचाप बसेकी छेस् र यही एउटा साडीमै आइरहेकी छेस् । के भयो ? पहिले त सधैँ साडी बदली बदली आइरहेकी थिइस् । अनारकली पनि लगाउँथिस्, तँ कत्ति राम्री देखिन्थिस् । अचानक के भयो तँलाई ?'

ऊ केही बोलिन । 'तेरा नयाँ नयाँ साडीहरू कहाँ गए ? के ती कपडाहरू साँचेर राखेकी छेस् ?' 'हैन काकी ! म साँच्तिनँ । साँचेर के गर्नु ?' त्यसो भए ? के भयो ? दीपाले यसको जबाफ दिइन । चुपचाप किचनमा गई ।

मूल हिन्दी - अञ्जना वर्मा

नेपाली अनुवाद - वैद्यनाथ उपाध्याय

भोक, भक्का र बुधुनी भाउजू

❖ राम प्रसाईं

माइखोला पूर्वीतिर छ मदरगाछ
त्यतै पश्चिमपट्टि छ शिवगन्ज
भेटिन्छिन् बुधुनी भाउजू
हरदिन त्यही शिवालयबाहिरको एक कुनामा
भत्भती पोलिँदै गर्मीसँगै
पकाइरन्थिन् भक्का ।

भोक हड्ताल नगरेका हाम्रा मुखहरू
हुन्थे व्यस्त
तिनका पसिनाको सौन्दर्यगान सुन्न
आफ्ना भोकको आयतन सम्याउन
जुन
उनको अनवरत कर्म, भजन र धर्म रहेछ
मुखाग्रभैँ आफ्नै राष्ट्रिय गान रहेछ
हाम्रो नि भोकको भाव, भाषा र भाका रहेछ !

पर परसम्म स्मृतिका
समय रेखाहरूबाट चियाउँदा
कुन्युँहरूको मथिङ्गलमा
एक तमासले याद नपुत्पुताएको कहाँ हो र ?
उनीजस्तै धेरैजनाहरू
किनारैकिनार हिँडिरहनुले
डोब बन्छन् उनका पाइतालाका
मेटिनेहरू मेटिएर गए
नमेटिने ती यादहरू
पछ्याइरहे जिन्दगीदेखि पर जिन्दगीसम्म

शब्दबिहीन आबाज भएर
आबाजबिहीन शब्द भएर
आयामविनाका कोलाजहरूजस्तै
हरेकपटक पाक्ने भक्काहरूले
मिठासको सरगम सम्हालिरहे
ती पाकेका सेता भक्काहरू
आफैँमा हिमाल हुन्
हिमालबाट अलिकति हिउँ मिसाएर हेर्रै
उनका पसिनामा कैलाश पर्वतका
हिमनदी मिसिए
अलिकति माइखोलाको जल ल्याएर हेर्रै
पसिनाले आफैँमा
सौन्दर्यको शब्दकोश मागेनन्
हो त्यहींबाट
बुधुनी भाउजू
एक विश्वविद्यालय बनिन्
मनको कुनामा
एक मोनालिसा बनिन्
नाम मेटियो होला
उवेला काँसघारीमा कोरेका
निको भए होलान् ती घाउहरू ।
खतहरू त समयका सूचक हुन्
जसरी धरहरा थियो
सेरिएर मरेका भीमसेन थापाहरू
घुमिरहन्थे आफ्नै आँखावरिपरि
हरेक प्रहरमा बजेका घण्टीहरू सम्झाइरहेथे
भोका मजदुरले बगाएका पसिनाहरू ।

फेरि पनि
उनले लुकाई लुकाई दिने भक्काहरू
थिए थिएनन् पर्याप्त

निभाउन भोकका आगोहरू
त्यसैले त हार्दिकताका पर्खालमा
हामीले कहिल्यै कहिल्यै
परेन लेख्न पूर्व र पश्चिम जर्मन
पर्दै परेन ढाल्न बर्लिन पर्खालहरू।

भोकका संविधानले हिमाल र पहाड भनेनन्
जीवनका रङहरूले
कुनै साँध सँधियार लाएनन्
उनका आवश्यकता
भक्काजस्तै पवित्र थिए
मेरा भोका रहरहरू पनि
भक्काजस्तै वास्तविक थिए
आफ्ना आफ्ना भोक बोकेर
बाटा लाग्ने यात्री थियौं हामी
हामीले सम्झने आँखादेखि आँखासम्मको
तुइन बन्यो बनेन जान्दिन
तर मान्छेदेखि मान्छेसम्म पुग्ने पुल बनायौं
भोकको सार्वजनिकीकरण गर्‌यौं
आवश्यकताको साझा आँगन बनायौं
त्यहाँ उड्ने पुतलीहरूलाई परख गर्‌यौं
त्यहाँ खेल्ने भुराहरूको आदर गर्‌यौं
आफ्ना आकार, प्रकार, रङ सप्पै सप्पैसँग
निसर्त संवाद भो
हाम्रो आँगन स्वर्ग भो
जुन
त्यही भक्काको भर्‌याङ थियो
कतै भगवान् आउने हल्ला चल्यो
त्रास फैलियो
फेरि हतार हतार
हामीले प्रेमको बार बाँध्यौं
त्यही प्रेमको बाँधले बन्यो
भयो आँगन झन् पवित्र
देखिए पुतलीहरू झन् झन् सुन्दर।

❖ जनार्दन अधिकारी धड्कन

गीत

मायामा रहर गरेर नजिक बन्न खोज्यौ
झट्ट टिप लौ भन्थें सुन्दरता नै रोज्यौ

ओठमा अँठ्याइ खुसी गाँठो नपार्नू कहिल्यै
विश्वास दिएर भर्‌याङ तल नझार्नू कहल्यै

उमेरमै वैंश रसिलो प्रेमले नै चाख्नुपर्छ
सम्बन्ध गाढा सधैं छातीमा राख्नुपर्छ

मायामा रहर गरेर नजिक बन्नखोज्यौ
झट्ट टिप लौ भन्थें सुन्दरता नै रोज्यौ

स्वार्थको बनमारा आउनू है फाँडेर
धनको कवच फुकाली आउनू है छाडेर

माटोको भर ढुङ्गा, ढुङ्गाको भर माटो
लक्ष्य एउटै बनाऊँ फराक खनेर बाटो

मायामा रहर गरेर नजिक बन्न खोज्यौ
झट्ट टिप लौ भन्थें सुन्दरता नै रोज्यौ।

जीवनभोगाइको यथार्थ एवम् जीवन्त चित्रण : 'यात्रा जिन्दगीको' उपन्यास

❖ रमेश पोखरेल

माता अयुद्धा खरेल र पिता मार्कण्डे खरेलका छ सन्तान (चार छोरा, दुई छोरी) मध्येका साहिँला सुपुत्रका रूपमा २०१६ सालमा ताप्लेजुङ जिल्लाको सिनाममा जन्मेका मेहशराज खरेलले नेपाली साहित्यमा स्नातकोत्तर उत्तीर्ण गरेर राष्ट्रिय वाणिज्य बैङ्क लि.मा २९ वर्ष सेवा गरी मुख्य प्रबन्धक पदबाट अवकाश प्राप्त गरेका हुन् । वाणिज्य बैङ्कमा सेवारत रहँदा रा.वा.बैङ्क कर्मचारी विनियमावली मस्यौदा समिति सदस्य २०४९, नेपाल सरकारले गठन गरेको संस्थान सुधार सुझाव समिति सदस्य २०५७, रा.वा.बैङ्क कर्मचारी सङ्घको अध्यक्षलगायत अन्तरसंस्थान कर्मचारी सङ्घ राष्ट्रिय समितिका महासचिव तथा अन्तर बैङ्क कर्मचारी सङ्घ राष्ट्रिय समितिका अध्यक्ष सम्मका विभिन्न जिम्मेवारीमा २०४७ देखि २०६२ सम्म उनले भूमिका निर्वाह गरेका छन् । साहित्यमा सुरुदेखि नै रुचि राख्ने भए पनि जागिरे जीवनबाट अवकाश ग्रहण गरेपछि मात्रै उनी साहित्य सिर्जनामा बढी सक्रिय देखिएका हुन् । विशेष गरेर कोरोना महामारीले संसारलाई गाँज्दै लगेको र हाम्रो देश पनि त्यस महामारीबाट अछुतो नरहेको पीडा भोगिरहेका वेला उनलाई एकाएक राति सुतेका ठाउँमा दाहिने पाटो नचल्नेगरी मस्तिष्काघात हुनपुग्यो र परीक्षण गराउँदा प्रमाणित भयो अनि उनी डाक्टरको सल्लाहअनुसार औषधि सेवन गर्ने, शारीरिक व्यायाम गर्ने र आराम गर्ने तहमा पुगे । त्यतिखेर उनको अन्तस्करणमा रहेको साहित्यकार व्यक्तित्व बढी सक्रिय भएर आयो । बाध्यताले ओछ्यान परेपछि गर्ने पनि के त ! उनकी छोरी र छोराले यस्तो अवस्थामा मस्तिष्कलाई थप सक्रिय पार्न चल्ने औँलाले बरु मोबाइलमा लेख्ने गरे समय व्यतीत हुन्छ भन्ने सुझावसहित मोबाइलमा नेपाली युनिकोड फन्ट डाउनलोड गरिदिए । उनका लागि छोराछोरीले सुझाइदिएको यो औषधिले साँच्चीकै साहित्यकार बन्न प्रेरित गर्‌यो । साथै उनको मस्तिष्कले एउटा निर्णय पनि गर्‌यो, ' आखिर जीवनको के ठेगान रहेछ र ? साँझमा खाना खाएर जस्ताको तस्तै सुतेको मान्छे राति एकाएक एउटा पाटो नै नचल्ने पनि त हुँदो रहेछ ! कुनै पनि वेला जीवनको समाप्ति नै हुने पनि त रहेछ नि ! अमर रहने कुरा त स्रष्टाको सिर्जना नै हो त्यसैले मैले पनि आफ्ना मनका अनुभूतिलाई लेख्नुपर्छ, कृतिका रूपमा ल्याउनुपर्छ ।' यही अन्तस्करणको प्रेरणाले घच्चच्याएपछि अलि अलि चल्ने दाहिने हातको चोर औँलाले मोबाइलमा टाइप गरेरै उनले एउटा कवितासङ्ग्रहका सामग्री तयार पारे र २०७७ सालमा उनको 'मनको किरण'

कवितासङ्ग्रह नै प्रकाशित भयो ।

उनको सक्रिय दिमाग र चल्ने एउटा चोर औंलो नै साहित्य सिर्जनाका आधार बनेर रहे । न उनको दिमागले विश्राम रोज्यो, न त्यो एक्लो चोर औलाले नै ! उनले लेखिरहे । लेख्दा लेख्दा लगभग तीन सय पृष्ठ नै लेखेछन् ! आफ्नो पविारको विगतदेखि आफूले अहिले भोगिरहेको वर्तमानसम्मको सिङ्गो जीवनभोगाइलाई अक्षरमा उतार्दा यो उपन्यास 'भोगाइ जिन्दगीको' तयार भएको छ । यस उपन्यासमा चौतिसओटा मुख्य शीर्षक रहेका छन् भने तिनै शीर्षकको समाप्तिपछि तारा चिह्न दिएर त्यसको तलबाट उनान्साठीओटा उपशीर्षकमा जीवनभोगाइका सम्पूर्ण इतिवृत्तलाई जस्ताको तस्तै, कतै केही नलुकाई वर्णन गरिएको छ । यद्यपि साहित्य सिर्जना सम्पूर्ण सत्यको वर्णन होइन, त्यसमा स्रष्टाको कल्पना मिसिएको हुन्छ, यहाँ पनि होला तर पाठकलाई यो चाहिँ कल्पना हो भन्ने तहसम्म पुग्नै दिएका छैनन् लेखकले ! उपन्यासको सैद्धान्तिक परम्पराभन्दा भिन्न लाग्ने आत्मकथा भन्न बढी मिल्ने खालको यो उपन्यासले विधाभञ्जन गरेको छ । अर्थात् विधाभञ्जन गरेर लेख्ने वर्तमान परम्परामा यो उपन्यास पनि थपिएको छ । लेखकले र उनको तीन पुस्ताले व्यहोरेको वैभवपूर्णदेखि शङ्कटग्रस्त जीवनभोगाइलाई नलुकाई, जस्ताको तस्तै, जीवन्तरूपमा, प्रवाहपूर्ण शैलीमा अभिव्यक्त गर्दा उपन्यास कारुणिक, मार्मिक र सम्प्रेषणीय बनेको छ ।

हिजो हजुरबुबा गोविन्द खरेलको चकचकी थियो । उनी हुनेखाने र धनाढ्य मात्र होइन ताप्लेजुङदेखि दार्जिलिङसम्म घिउको व्यापार गर्ने व्यापारी, समाजसेवी, घरमा आएको जोसुकै पाहुनालाई खुवाएर मात्र पठाउनुपर्छ भन्ने मान्यता राख्ने, आफन्त तथा इष्टमित्रलाई सहयोग गर्ने सम्पन्न र गुणग्राही व्यक्तिका रूपमा परिचित रहेका छन् । हजुरआमा पनि त्यस्तै खाइलाग्दी, गाउँसमाजले मानेकी, आफ्ना पौरखले अरूलाई कज्याएर खाएकी व्यक्तित्वका रूपमा परिचित छिन् । छोराहरूको छुटभिन्न हुँदा कान्छा छोरासँग बुढाबुढी बसेका छन् । यता कान्छा छोराका छजना छोराछोरी सहितको परिवार छ । खानलाउन छेलोखेलो छ, ब्याजमा पैसा लगाउने परम्परा पनि छ । यही क्रममा किपट जग्गाको पैसा उठ्नाले तराई झापाको दमकमा केही जग्गा किन्ने सोचाइमा पुगेपछि जोरजाम भएका पैसा बोकी तराईसम्म जाने साथी पनि खोज्ने र सँगै गएर जग्गा किन्ने सोचाइ राखेर खरेल कान्छा आफ्ना जेठानकहाँ सान्थाक्रा पुग्छन् । उता जेठानले भने तराईमा औलो लाग्छ, फेरि प्रचण्ड गर्मीको वेला पनि भयो, बरु यहीं राम्रो धान फल्ने खेत किनौं, पूरै पैसा नपुग्ने भए दामासाहीले पैसा हालेर साझे खेत किनौं र खेती गरौं भनेर फकाउँछन् । उनी पनि जेठानका कुरामा सहमत हुन्छन् र खेत साझेमा किनेर खेती गर्नका लागि गोरु लिन आउँछन् । छोरो फर्केपछि बुढाबा र आमालाई छोराको निर्णय मन पर्दैन र उनीहरूले भनेका छन्, 'साझे कि बाझे भन्छन्, त्यो पनि ससुरालीसँग !' गोठका रोज्जा गोरु, साथमा एउटा छोरो र खर्चबर्च तथा लुगाफाटा लिएर खेती गर्नका लागि बाबुछोरा सान्थाक्रा जान्छन् । त्यो वर्ष खेतीपाती गर्नुभन्दा अगाडि नै रुखबाट

लड्नाले खरेल परिवारमा दुर्दिनको थालनी भइहाल्छ । सासूको इच्छा पूरा गरिदिन चिउरीको रुखमा चढेका ज्वाइँ लडेर कम्मर मुनिको भाग नचल्ने अवस्थामा पुगेपछि खेती पनि अधियाँमा दिन बाध्य हुन्छन् । रुखबाट लडेपछि न उनको घरपरिवारमा जानकारी दिइन्छ, न त डाक्टरकहाँ उपचारका लागि नै लगिन्छ ! बरु अन्धविश्वासको भर परेर धामीझाँक्रीको सहारा लिइएकाले छजना साना छोराछोरीका बाबु, बुढाबाबुआमाका सहारा एवम् परिवारका मुलीको जीवन बर्बादीका तहमा पुग्छ ।

मान्छे अरूलाई परेको वेलामा सल्लाह सुझाव दिन्छ, उपदेश दिन्छ, यो ठिक र यो बेठिक पनि भन्न भ्याउँछ तर जब आफूलाई कुनै गारोसारो पर्छ त्यति वेला भने बेठिक लाग्दालाग्दै पनि अन्धविश्वासको भर पर्न बाध्य हुन्छ; गाउँसमाजका, आफन्तजनका कुरा सुन्न र सोहीअनुसार गर्न बाध्य हुन्छ भन्ने पक्षलाई उपन्यासले उजागर गरेको छ । बल्ल बल्ल लामो समयपछि बोक्ने मान्छे लगेर बिरामीलाई सान्थाक्राबाट त ल्याए तर अस्पतालमा उपचार गर्न लानुको सट्टा धामीझाँक्री, बिजुवाको खोजी गर्ने, सिमेभूमे पन्साउने अर्थात् जजसले जेजे सुनाउँछन्, ठिक भइहाल्छ कि भन्ने आशामा त्यही त्यही गर्ने कार्य भएको छ । दुर्गम पहाडी परिवेश, यातायातको असुविधा, डोकामा बोकेर उपचार गराउन लैजान कठिन, आफ्ना बालबच्चा साना, एउटी महिलाले घरव्यवहार, दुईजना बुढाबुढी र अशक्त सासूससुराको सेवा, मेलापात, वस्तुभाउ गर्नुपर्ने बाध्यताको कष्टकर पहाड ठडिएको छ । यही दृष्टान्तका माध्यमबाट पहाडी परिवेशमा बाँचेको जीवन घोटिरहुन्जेल त ठिकै छ, चलेकै पनि छ तर भरअभर पर्दा भने विकटताले झन् पीडा थपिदिने गरेको यथार्थलाई पनि उपन्यासले उजागर गरेको छ ।

जब गाउँको झारफुकले बिरामी बिसको उन्नाइस हुँदैन तब भने डाक्टरी उपचारको उपाय सुझेको छ र बोकाएर विराटनगर लगिएको छ तर त्यहाँ पुर्‍याएर कोसी अञ्चल अस्पतालमा भर्ना गरेपछि अप्रेसनका लागि समय लाग्ने भनेपछि फगत एक्लै बेवारिसे मान्छेजस्तो गरी बिरामीलाई अस्पतालमा छाडेर घर फर्केका छन् कोही कसैलाई हेरिदेऊ है भनेर ! बिरामी आफू अशक्त हुनु, आफन्त कोही नहुनु र त्यत्तिको नातानाला र आफन्त भएको बिरामी बेवारिसेजस्तो भएर अस्पतालमा बस्नुपर्ने अवस्थाको चित्रण ज्यादै कारुणिक र मार्मिक रहेको छ ।

घरका मुली अशक्त भएपछि एउटी महिलाले सम्पूर्ण घरपरिवार चलाउनुपरेको छ । छोराछोरी साना छन्, सासूससुरा बुढाबुढी र अशक्त छन् । 'सम्पत्तिमा सबैको हाइ हाइ विपत्तिमा कोही छैनन् दाजुभाइ' भनेझैं आफन्तहरू सहयोग गर्नुको साटो टाढा टाढा हुँदै गएका छन् ! कलेजजीवन विराटनगरमा बिताएर आएका, केही राजनीतिक चेतनाले युक्त भएका खेमराज खरेल गाउँमा आएपछि गाउँमा विद्यमान रहेका कुसंस्कारमा रूपान्तरण गर्नुपर्ने, मृत्युसंस्कारमा, विवाहका संस्कारमा रूपान्तरण गर्नुपर्ने, शोषण र विभेदको अन्त्य गर्नुपर्ने पक्षमा वकालत गर्छन् तर पुरातन समाजले सहजै स्वीकार

गर्न मान्दैन । युवाहरू भने रूपान्तरणका पक्षमा रहेका छन् । कन्या केटीले पकाएको, छोएको खानुहुन्न भन्ने परिपाटी गलछ छ र यसमा रूपान्तरण ल्याउनुपर्छ भन्ने मान्यता घरमा हजुरबा-हजुरआमालाई स्विकार्य छैन तर कम्तीमा चुलोचौको मात्रै गर्नुनपरे पनि बाहिरको काम भ्याइन्थ्यो भन्ने बाध्यताले हो वा आफ्नी छोरी कसरी बिटुली हुन्छे भन्ने चेतनाले हो, आमाले भने रूपान्तरणको पक्ष लिएको देखिन्छ ।

विराटनगर अस्पतालमा बुबाको अप्रेसन हुन्छ, विस्तारै ठिक हुन्छ भन्ने डाक्टरको सल्लाह छ । बेवारिस बिरामीलाई खानबस्नको समस्या छ तर पनि नर्सहरूले मानवीय भावना राखेर सहयोग गरेका छन् । धन्न आफन्त आइपुगेर लगेका छन् र दिसापिसाब नै गराइदिनुपर्ने बिरामीको दुई महिनासम्म सेवा गरेका छन् । यो गुणग्राही समाजमा सबै आफन्त स्वार्थी मात्र छैनन्, हुँदैनन् भन्ने देखाइएको छ । उपचारपश्चात् पनि ठिक नभएपछि बोक्ने मान्छे खोजेर बोकाएर विराटनगरबाट ल्याइसकेपछि पनि बिराम जस्ताको तस्तै रहन्छ ! एउटी महिलाले हड्डी घोटेको टुलु टुलु हेर्नुबाहेक केही गर्ननसकेकोमा बिरामीलाई आफ्नो बिरामीको पीडाभन्दा झन् ज्यादै पीडाबोध भएको छ । बिरामी भएर पनि, पीडा सहेर पनि राडी बुन्ने, स्वेटर बुन्ने, फर्निचरका राम्रा राम्रा सामान बनाउनेजस्ता बसैरै गर्ने काममा बिरामी क्रियाशील रहेका छन् ।

हजुरबुबाको बयानब्बे वर्षको उमेरमा देहावसान भएपछि घरको अहिलेको अवस्थालाई हेरेर होइन, हिजोको सम्पन्नता र वैभवका आधारमा उनैले जोडेको सम्पत्ति त हो नि, ठाँटबाँटका साथ काजक्रिया गरिनुपर्छ भन्नेहरू, उक्साउनेहरू, आफूले पनि केही पाइन्छ भन्ने आशामा सही थाप्नेहरू देखिन्छन् ! दुःखका वेलामा झन् पीडा थपेर अवसर खोज्नेहरू, स्वार्थ भजाउन खोज्नेहरू आफ्नै परिवारमा देखिन्छन् भन्ने यथार्थलाई उपन्यासले ज्यादै राम्ररी चित्रण गरेको छ । हिजोको सम्पन्न परिवार, हुनेखाने र दिएखाएको परिवार अब विस्तारै विपन्नताको आरोलो झरिरहेको छ तर सारा भातभान्सा, वस्तुभाउ, मेलापात, घरव्यवहार एक्लै धानिरहेकी आमा भने सबै सन्तानलाई काम बाँडेर आआफ्ना काम सकाएर भए पनि विद्यालयमा छोराछोरीलाई पढ्न पठाउँछिन्, आफैँ घिम्रिन्छिन्, आफैँ घोटिन्छिन् अनि तिनै छोराछोरीले पढाइमा राम्रो गरेकामा रमाउँछिन् ! यिनै छोराछोरी भोलिको जीवनका सहारा हुने छन् भन्ने विश्वास र भरोसा उनमा छ । उनको साहस, त्याग स्तुत्य छ, अनुकरणीय छ । यी आमा खरेल परिवारकी आमा मात्र होइनन् नेपाली समाजका निम्न मध्यम वर्गीय आमाहरूकी प्रतिनिधि पात्र हुन् र खरेल परिवारले भोगेको यो पीडाजन्य परिवेश पनि नेपाली समाजको कथाव्यथायुक्त परिवेश हो भन्ने तथ्यलाई उपन्यासले उजागर गर्नखोजेको छ ।

हिजोको वैभवयुक्त जीवन देखेकाहरू आजको खरेलपरिवारको ओरालो लागेको जीवनयात्रालाई खिज्याउन थालेका छन् ! बेसाहा किन्न पनि गाउँमा कठिन हुँदै गएको छ, हिजो त्यही घरबाट फाइदा लिएकाहरू आज भाउमा कसिकसाउ गर्नथालेका छन् ! 'ओरालो

लागेको मृगलाई बाच्छोले पनि खेद्छ'को नियति भोग्नुपर्ने अवस्था आइसकेपछि बरु नचिनेको ठाउँमा गएर मुन्टो लुकाउने अर्थात् बसाइँ सर्ने निष्कर्षमा खरेलपरिवार पुगेको छ तर आफ्नो सम्पत्ति बेच्न पनि नदिने, बिक्न लाग्यो भने भाँडिदिने आफन्तकै दुष्ट्याइँ उपन्यासले तस्बिरसरह उजागर गरेको छ । विपत्तिको समयमा, खरेलपरिवारले बेसाहा किन्न पनि नपाएको सुनिसकेपछि 'आफूलाई कोदो दिए पनि हुने, पाँच मुरी धान आफूसँग छन् ल्याउनू' भन्ने इष्टमित्र र घरखायल बेच्न नै नदिने भनेर छिमेकीले भाँजो हालेको समयमा 'नडराइकन किन, कोही नकिन्ने भए म किनिदिन्छु' भनेर सहयोग गरिदिने डिल्लीकुमार गुरुङजस्ता गुणग्राही व्यक्ति पनि त्यही समाजमा छन् भन्ने देखाएको छ उपन्यासले ।

बसाइँ जाने निष्कर्ष निकालेर ठुलो छोरालाई इलाममा बसोवास गरिरहेका आफन्त पर्ने कृष्णप्रसाद प्रसाईं (कान्छा प्रसाईं) कहाँ पठाउँदा रु.चार हजार प्रति बिघा राम्रो जग्गा दिने बन्दोबस्त गरेर, जग्गा हेरेर र भुप्रो घर बनाएर फर्किन्छन् अनि पालेका भैंसी, थोरे र कुकुरसमेत लिएर इलाम हुँदै झापा बसाइँ सरेको त्यो परिवार इलाम पुगेपछि तिनै कान्छा प्रसाईंले 'प्रति बिघा चार हजार पाँच सय पो भनेको' भनेर क्रिया खान्छन्, पैसा बुझेको तमसुकसम्म पनि गरिदिँदैनन्, आवश्यक छैन भन्छन् ! त्यति मात्र होइन पहिले देखाएको जग्गा पनि दिँदैनन् ! अर्थात् राम्रो जग्गा देखाउने, फसाउने र पछि कमसल जग्गा दिने, ठग्ने प्रवृत्ति रहेको देखिन्छ ! बाहिरबाट हेर्दा आदर्शजस्ता देखिने आफ्नै भनाउँदाले आफ्नैलाई ठगेको देखाइएको छ !

उपन्यासमा महाभारतका, रामायणका, माधवी उपन्यासका र अन्य अग्रज स्रष्टाका सिर्जनाका सकारात्मक पक्षको सराहना गरिएको छ, त्यहाँ रहेका विभेद, शोषण र अन्यायको चाहिँ विरोध गरिएको छ। अशक्त रहेर पनि झमककुमारी घिमिरेको लेखनीको प्रशंसा गरिएको छ। म्याक्सिम गोर्कीको आमा उपन्यासबाट लेखक प्रभावित बनेका छन् र झापा सङ्घर्षमा बलिदान गर्ने सहिदहरूप्रति सम्मानभाव व्यक्त गरेका छन् । कुनै पनि व्यक्तिले स्वाभिमान बेच्नुहुन्न, अर्काको सम्पत्तिमा लालच गर्नुहुँदैन, कर्ममा विश्वास गर्नुपर्छ, समाजमा विद्यमान रहेका कुरीति र कुसंस्कारमा रूपान्तरण आवश्यक छ, इमानका साथ कर्ममय जीवन बिताउनुपर्छ, सबै सबैले आआफ्ना क्षमतानुसारको काम गर्नुपर्छ, विगतको रजगज बिर्सनुपर्छ र वर्तमान नै सत्य हो र यसलाई भोग्नुपर्छ भन्ने उपन्यासकारको स्पष्ट मान्यता उपन्यासमा मुखरित भएको छ, यही सन्देश उपन्यासले सम्प्रेषण पनि गरेको छ । हिजो दिएर खाएकाहरू आजको कष्टसाध्य अवस्थामा पनि बरु कठोर सङ्घर्ष गर्न तयार हुन्छन्, दुःख लुकाएरै जीवन निर्वाहका हरसम्भव प्रयत्न गर्छन् तर हात फैलाएर खाँदैनन्, आफ्नो सम्पत्ति बरु दुष्टहरूलाई नै छाडेर हिँड्न तयार हुन्छन् भन्ने मान्यतालाई पनि उपन्यासले सशक्तरूपमा सम्प्रेषण गरेको छ । सँगसँगै बाटो बिराइएन भने शोषण गर्ने, हेलाँहोचो गर्ने, अपमान गर्ने अनि हिजोको गुन बिर्सिने र आफ्नो मात्र स्वार्थमा रमाउनेहरूले जति नै बेस्सरी उमालेर पानी खन्याए पनि घरमा

आगो चैं लाग्दैन भन्ने अत्यन्त शाश्वत तर कठोर सन्देश पनि उपन्यासले ध्वन्यार्थमा सम्प्रेषण गरेको छ।

सान्थाक्रामा सहोदर बहिनीज्वाइँसँग दामासाहीले पैसा हालेर किनेको खेत पहिरोले बगाएपछि बगाएको खेतको केही पैसा किपटवालाले फिर्ता दिँदा सहोदर दाजुले बहिनीलाई खबरसम्म पनि नगरी तराईमा त्यही पैसाले आफ्नो नाउँमा चार बिघा जग्गा किनेको छ! त्यो हदसम्मको निर्लज्ज दुष्ट्याइँ उपन्यासमा निर्भीकताका साथ उपन्यासकारले उजागर गरेका छन् । खरेलपरिवार बसाइँ सरेर झापाको गारामुनीमा आएपछि कान्छा प्रसाईंले पैसा लिएर पहिले देखाएको जमिन नदिई चार बिघा तेर कठ्ठा प्याङ्खर जमिन भिडाएर आफन्तकै तहबाट भएको ठगीको अर्को निर्लज्जता प्रदर्शन गरेका छन् ! तिहारमा त्यही दाजु भनाउँदो बहिनीकहाँ गारामुनीमा टीका लगाउन आएर यो ठाउँमा बस्नुहुँदैन, दमकछेउको पिँडालबारी जाऊँ, जग्गा बन्धकी लिउँला, कान्छा प्रसाईंले पैसा फिर्ता दिएपछि जग्गा किनौंला, मेरै जग्गामा घर बनाऔंला भनेर फकाउँछ र सजिलै खरेलपरिवार फकिन्छ अनि कम्तीमा आफ्नो पैसा परेको, पासै नगरेको भए पनि आफ्नो जग्गाजमिन चटक्क छाडेर दमकछेउमा तिनै दाइ, जेठान, मामाका आफन्तको ग्वालीमा आश्रय लिनपुग्छ ! पाठकलाई अचम्म लाग्छ ! ए बाबा ! एकपटक धोका दिइसकेको मान्छेलाई पटक पटक विश्वास किन गर्नु ? त्यतिको हुनेखाने परिवार चलाएकी, दिएर खाएकी, छोराछोरी पढाउने चेतना हुर्काएकी, एक्लैले सारा परिवारको बोझ थामेकी हिम्मती, साहसी र परिपक्व आमाले कसरी फेरि त्यही दुष्ट दाजुको आश्वासनलाई पत्याएकी होलिन् भन्ने प्रश्न गर्नपुग्छ । तर यथार्थमा मान्छे आफू अशक्त भएपछि, टेक्ने समाउने केही नभएपछि आफन्त भनाउँदाको विश्वास गर्न बाध्य हुन्छ भन्ने पनि देखाउन खोजिएको छ ! आखिरमा दुष्ट दुष्ट नै हुन्छ, त्यस्तालाई भरोसा गर्नु र सर्पलाई दुध खुवाउनु धोकाबाहेक केही हुँदैन भन्ने तथ्यलाई दुष्ट दाजुले साझे घर बनाउने भनेर घर तयार हुन हुन लागेपछि आफू सुटुक्क गैँडेतिर लागेर छोराहरूलाई अघि सारी आफूहरू मात्र घर सरेका र 'आफूहरूलाई मात्र यो घर ठिक्क हुन्छ, आफ्नो व्यवस्था आफैँ गर्नू' भन्न लगाएर विचल्लीमा पारेको दृष्टान्तका माध्यमबाट पुष्टि गरिएको छ र त्यो पीडा सहन गारो भएर मध्य रातमा आमा एक्लै रुँदै ग्वालीबाट बाहिर निस्केकी छिन् ! यही मर्मान्त करुणासँगै उपन्यास समाप्त भएको छ । पाठकका तहमा भने 'हलेदो भन्ने जानेपछि किन कोट्याउनुपरेको ?' 'दुष्ट हो भन्ने प्रमाणित भइसकेको छट्टुलाई पटक पटक किन विश्वास गर्नुपरेको ?' भन्ने आक्रोश उपन्यासले सिर्जना गरेको छ।

यसपछि पनि जीवन बाँकी छ । खरेलपरिवार त्यो पिँडालबारीबाट मोरङको रञ्जनी गएको कुराको उपन्यासमा चर्चा छ । सायद उपन्यासको दोस्रो भाग बाँकी छ र त्यो पछि आउँछ भन्ने कुराको सङ्केत उपन्यासकारले गरेका छन्। उपन्यासको भाषा प्रवाहपूर्ण रहेको छ र उखानटुक्कालाई अत्यन्त सुन्दरताका साथ संयोजन गरिएको छ। पुर्बेली जनबोलीलाई टपक्क टिपिएको

छ । उपन्यासकारले आफू हुर्केको गाउँठाउँ र साथीसङ्गाती कसैलाई पनि बिर्सेका रहेनछन्जस्तो लाग्छ । उपन्यास पढ्दै जाँदा खरेलपरिवारले व्यहोरेको पीडासँगै पाठक पनि द्रवीभूत हुनपुग्छ, आँखा रसाउँछन्, पीडकहरूका प्रति आक्रोश पैदा हुन्छ । उपन्यास यथार्थको भ्रम सिर्जना गर्न सफल रहेको छ । वास्तवमा यो उपन्यासकी आमाले लगभग तेत्तिस वर्षकै उमेरमा अशक्त सासूससुरा मात्र होइन आफ्नो भर्भराउँदो लोग्ने पनि थला परेपछि तीन तीनजना बिरामीको स्याहारसुसार, छजना छोराछोरीको लालनपालनमा एक्लैले ध्यान दिनुपरेको छ, सङ्घर्ष गर्नुपरेको छ; उनको जीवन पीडाले थिचिएको छ! त्यति मात्र होइन घरव्यवहारको बिल्लीबाठ हुादाहुँदै पनि र आफू निरक्षर हुँदाहुँदै पनि छोराछोरी पढाउनुपर्छ भन्ने चेतना हुर्काउनुका साथै आफू सम्पूर्णरूपमा जोतिएर पनि छोराछोरी पढाएकी छिन् ! यदि यी आमाले यो तहको महान् त्याग र समर्पण नदेखाएकी भए आज यी छोराछोरीको हालत र हविगत कस्तो हुन्थ्यो होला ! सहजै अनुमान गर्नसकिन्छ । त्यसैले यी आमा त महान्भन्दा महान् हुँदै हुन् साथै यिनै आमाका माध्यमबाट नेपाली आमाहरूको निस्वार्थ त्याग, बलिदान र सङ्घर्ष उजागर गर्न पनि उपन्यास सफल रहेको छ । उपन्यासकार सामाजिक रूपान्तरणका पक्षपाती भएकाले त्यो वैचारिकतालाई पनि यो वा त्यो डङ्गले सम्प्रेषण गरेका छन् । सामाजिक रूपान्तरणका पक्षमा उपन्यासले सम्प्रेषण गरेको सन्देशले, जीवनभोगाइलाई मसिनोगरी यथातथ्य गरिएको प्रस्तुतिले रूपान्तरणकै पक्षपोषण गरेको छ । प्रा.डा.गोविन्दराज भट्टराई र प्रा.डा.यादवप्रकाश लामिछानेका गहन एवम् चिरफारयुक्त भूमिकासहितको पठनीय, सङ्ग्रहणीय कृति प्रकाशित गरेकामा उपन्यासकारलाई हार्दिक हार्दिक बधाई छ । अस्तु ।

सन्दर्भ सूची

१. खरेल, महेशराज, 'यात्रा जिन्दगीको' काठमाडौँ, शब्द संयोजन साहित्यिक मासिक २०७९

२. प्रधान, कृष्णचनद्रसिंह, 'नेपाली उपन्यास र उपन्यासकार' ललितपुर, साझा प्रकाशन २०२७

३. नेपाल प्रज्ञा-प्रतिष्ठान, 'नेपाली बृहत् शब्दकोश', काठमाडौँ ।

सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

– शब्द-संयोजन परिवार

❖ राम विनय

तस्बिर

कति लालायित हुन्थ्यौं
हामी कहिले कहिले
आर्कषक मुहारको
सुन्दर तिम्रो
तस्बिर हेर्न पहिले पहिले !
अब त हाम्रा दुःखका दिनहरू
जाने भए भनेर
तिमीलाई हाम्रो
उज्यालो भविष्यको ज्योति सम्झेर
हामी सबै झुम्मियौं
तिम्रो सुन्दर तस्बिर चिनेर वरपर
आफूभित्र एउटा आँटिलो विम्ब भिरेर
तिमीसित जब हामी नजिकबाट
साक्षात्कार भयौं
तिम्रो बोलीबचन र व्यवहारबाट
हामी तिरस्कृत भयौं
तर्सियौं हामी आफैंभित्र
तिम्रो सुन्निएर मोटाएको स्वरूपबाट
औडाहाको भेल नै उम्लियो
हाम्रो मनभित्रबाट
भएनौं हामी विचलित किञ्चित
भयौं अवश्य चिन्तित
तिम्रो विचलित खतरनाक स्खलनबाट !

हर्षित थियौं कति धेरै हामी
तिम्रो नव अवतार देखेर
नाच्थ्यौं हामी सधैं
तिम्रो गौरवगाथा गाएर
तर तिमी त रहेछौ
फगत टाढाबाट देखिने
अति सुन्दर हिमशृङ्खलाजस्तो
नजिक पुग्दा कठ्याङ्ग्रिने
हिउँको भट्टीमा जाक्किएजस्तो !

प्रत्येक ठाउँथलोमा
जब हामी पाउँछौं तिमीलाई
जुरुक्क उठेर हामी
तिरस्कारको तीर फाल्छौं तिमीलाई
दिक्क लाग्छ
जतातै तिम्रो सुन्निएर मोटाएको
कुरूप स्वरूप देखेर
अवज्ञा गर्छौं हामी
तिम्रो क्रूर हुकुमी शासनविरुद्ध
आक्रोशित आबाज भएर
लाग्छ अहिले फगत
भ्रममा बाँचिरहेका रहेछौं हामीहरू
धेरै बेरसम्म चिन्न नसकिने भयौ
तिमी बेइमानहरू !

अब त
तिमीहरूजस्ता दुईजिब्रेहरूलाई
राम्ररी चिन्नुपर्ने दिन आउनै पर्ने भयो
भ्रमको तुवाँलोलाई
हुरी बतासले निर्मूल पार्नुपर्ने भयो
नत्र त हामी
बेफ्वाँकमा मर्नुपर्ने भयो ।
यस्तै यस्तै लागिरहेको छ
तिम्रो कुरूप तस्बिर हेरेपछि
आफ्नो भाग्य
आफैंले निर्माण गर्नका लागि
आफ्ना पाइला
आफैंले चाल्नु आवश्यक छ ।

❖ नन्दलाल आचार्य

बा

'यस सतहत्तरे सालको असोज ७ गते नै मलाई टुहुरो हुन जुरेको रहेछ ।' अर्कातिर मुन्टो फर्काएर बाले मन खोल्नुभएको थियो हामी तीन भाइसँग । बाका कुरा दाजु र भाइले सामान्यरूपले लिएका थिए । सधैँ घरबाहिर नै रहने हुँदा म गाउँघरको लबज केही बुझ्दिनथेँ । बाको अन्तर्हृदयको बोलीमा गम्भीर रहस्य लुकेको अनुभूत भने गरिरहेको थिएँ ।

बासँग मन खोल्ने इच्छा त थियो तर मेरा आँखा ओभाएका थिएनन् । भर्खरै घाटमा आमालाई पोलेर सप्तकोसीमा हुत्याएर आएको थिएँ । गाउँका अरू मान्छेको मलामी जाँदा पनि आँखाको बाँध टुट्थ्यो तर अन्यत्रै फर्केर सहजै पचाउँथेँ । यसपाला त बाँध पूरै टुटिरह्यो र हिक्का बन्द गर्न पनि बडो सकस पऱ्यो । त्यसमाथि प्रेसर ह्वात्तै बढेछ । धन्न कान र नाक फुटेर रगत गयो र अर्को अनिष्ट हुनबाट बँचियो । नत्र त्यहीँ अर्को चिता बन्ने थियो । हामी कोरामा गुडुल्किएका थियौँ । बाको अनुहार अझै मलिन र निराश थियो । उहाँका आँखासमेत राता राता थिए ।

'प्राणपखेरु छउँञ्जेल तिमेर्का लागि त म छु । मेरालागि अब को छ ?' बाका कुरा सुनेर सम्झाउँदै दाजुले भनेका थिए, 'जे हुनु भइगो । एक दिन हुनु नै थियो । आजै भयो । अब चित्त बुझाउनुपर्छ । हर्दम त्यतै चित्त लगाएर खुन खुन गरे आफैँ भासमा फँसिन्छ ।'

'अब टुहुरो र टुहुरा नभन्नुस् । हामी छौँ । आमाको स्थान ओगट्न नसकौँला तर अर्थोक कुरामा कुनै कमी हुन दिँदैनौँ ।'

मेरो कथन काट्दै बाले भन्नुभएको थियो, 'तँ भन्छस् नि । ६७ वर्षसम्म दुई जिउ एक प्राण भएकी तिमेर्की आमाले त मलाई बिर्सेर एक्लै परमधामको बाटो पऱ्की !'

मसँग पचासी वर्षीय बाको अनुभवी मनलाई सम्झाउने साहस थिएन । बाले बोलेको सुरुको वाक्यको मतलव स्पष्ट बुझे पनि बुझ पचाउन बाध्य थिएँ ।

'अविच्छिन्न प्रकाशित भइरहेको

साहित्यिक पत्रिका

शब्द-संयोजन

मासिक' पढ्नुहोस् ।

❖ गीता सापकोटा

नव नायिका

प्राणप्रिय
तिम्रो भिसा लागेदेखि
सकेकी छैन राम्रो निदाउन
पाएकी छैन शिर ठाडो पारेर हिँड्न
मात्र जानेकी छु, भिसावधिको औंला गन्न ।
बाको शिरमा टोपीको सगरमाथा उठाउन
आमाको छाती
चोलीको स्वाभिमानले जोगाउन
जहान बच्चाको लाज
एकसरो ढाक्न
समुन्द्रपारि रहेछ तान
रहिनछु पढेकी मैले
समुन्द्रपारिको वस्त्र उद्योग ।

हजुरबाले चराका कथा सुनाउँदा
सुनिनछु
बचेराका लागि चारो खोज्न
सात समुन्द्रपारि उडिरहेको चराको कथा
सुन्न छुटेको चरा तिमी नै रहेछौ ।
आमाले सुनाउने लोककथामा
छुटिएर बाँचेको सुनिनछु नायकनायिका
विपत्मा रोएको देखिनछु एक्ली नायिका
नसुनेको त्यो कथा
लेखिएको रहेछ मेरै थाप्लामा ।
अस्पताल ओसार्छु पालैपालो
वृद्ध सासूससुरा
बिरामी सन्तान
भेटाउँदिनँ सञ्जीवनी खोज्जे हनुमान
कराइसक्छन् दाम्लाका पशु
रोइसक्छ कोक्राको शिशु
ढिलो भइसक्छ मकै गोड्न
पुराणमा सुनिनछु यस्तो कथा
पढिनछु
पाठ्यपुस्तकहरूमा
इतिहासहरूमा
देखिनछु
चलचित्रहरूमा
बिरामी हुन नभ्याएकी एक्ली नायिका
त्यो लेखिएको रहेछ मेरै थाप्लामा ।

आरामै छु प्रिय !
मुटु फुटाएर भाग्न खोज्ने सासरूपी मैना
भाग्न नदिई थुनेर राखेकी छु
आफैँभित्र छिपेका नयाँ कथाहरू
समयको निर्देशनमा अभिनय गरिरहेछु ।

इलाम ।

❑ लघु कथा

पालेे

❖ राजकुमार पोखरेल

राजधानीकै जोरपाटीदेखि माथिको केही विकट ठाउँमा एकजना झारफुक गर्ने व्यक्ति पहाडबाट झरेको आफ्नो परिवारसँग बस्थे। सानो बाटो भएको सानो टुक्रा जग्गामा टिनले बारेको र टिनले नै छाएको एक कटेरो बनाएका थिए। एक दिन एक जोडी मान्छे एक वयस्क छोरासँग त्यहाँ पुगे।

गुरु नमस्कार !

हजुर नमस्कार !

सन्चै हुनुहुन्छ ?

हजुर। के कामले पाल्नुभयो कुन्नि ?

ए हामी !

हजुर।

यसो हाम्रो छोराको चिना र जोखना देखाउन गुरु।

ए ! हजुर आरामसँग बस्नू न।

अँ ठिक छ हजुर। लु लिनुहोस् हाम्रो छोराको चिना।

गुरु एक छिन् तल्लिन भएर चिना हेर्न थाले।

हजुर ! सोध्नुहोस् जे सोध्न मन छ।

हजुर ! अरू त त्यस्तै हो। छोराको बिहाको लगन अहिलेसम्म जुरेन। यसो पाठ गरिदिनुपर्‌यो गुरु।

हुन्छ, म पाठ गरिदिन्छु। अनि म स्वस्तिशान्ति पनि गरिदिन्छु।

अनि बाबु ! हाम्रा भूतपुर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले जस्तो जिन्दगीभर विवाह नगर्ने भए ठिक छ होइन भने समयमा नै विवाह गरेको राम्रो।

युवकले भन्यो, 'होइन गुरु, विवाह नगर्ने भनेको कहाँ हो र ! यसो आफ्नो खुट्टामा उभिएपछि विवाह गर्ने पो भनेको त।

गुरुले भने, 'ए ! त्यसो भए ठिक छ। यसो राम्रो मिल्दोजुल्दो कुटुम्बको कुरा आयो भने म पनि खबर गरौंला नि।'

हुन्छ त गुरु। यो पाँच सय लिनुहोस् र मेरो छोराको स्वस्तिशान्ति गरिदिनुहोस्।

हुन्छ। हस्।

आनि गुरु ! बेलैमा जोरजाम गर्नुभएछ नि।

हजुर बुझिन।

यही क्या त घरबार।

ए ! यो ! हजुर, यो कुटिको पनि एउटा कथा छ। गुरु भन्नथाले।

हजुर ! म सानोतिनो काम पनि गर्छु।

कहाँ गुरु ?

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक शाखामा पालेको काम गर्छु हजुर।

ए ! रामै हो त।

हजुर हो तर अस्थायी हो हजुर।

ए ! अनि?

एक दिन राति डिउटीमा बसेको वेला हो, एउटा गाडी सर्र आयो, मैले गेट खोलिदिएँ। भित्रबाट आबाज आयो, 'ए फलानो ?'

हजुर।

आदेश भयो, 'एक छिनपछि केही गाडीहरू आउँछन्। आँखा चिम्लिने र बाटो खोलिदिने।'

मैले पनि गेट खोलिदिएँ । गाडी सर्र बाहिर निस्किए ।

म गेट बन्द गरेर भित्रपट्टिको कुर्सीमा बसैं ।

केही छिनपछि ठुलो जेट प्लेन विमानस्थलमा अवतरण गर्‌यो । केही बेरमै झ्‌याप्प बत्ती निभ्यो । सारा विमानस्थल अन्धकार भयो । त्यत्ति नै वेला पाँच-छ वटा गाडी लहरै ताँती लागेर गेटनजिक आए । मैले अरू वेलाजस्तै गेट खोदिदिएँ ।

एक एक गर्दै सबै गाडीहरू बाहिर निस्किए । केही बेरपछि बत्ती आयो ! कुरो सामान्य लाग्यो । मैले पनि यो घटना बिर्सिएँ । आओतजाओत सुचारु भइरह्‌यो । त्यसको केही दिनपछि एकाबिहानै म बसेको डेरामा ढक ढक आबाज आयो । फलाना ए फलाना !

मैले ढोका खोलैं ।

अगाडि एक अपरिचित व्यक्ति ठिङ्ग उभिएको देखैं ।

हजुर ! कसलाई खोज्नुभएको ?

ऊ केही बोलेन । हातमा भएको कालो ब्याग बडो अधिकारपूर्ण तरिकाले थमाउँदै भन्यो, 'ल गरी खानू ।'

म अक्क न बक्क हुँदै डेराभित्र पसैं । हातमा ब्याग छ । मैले ब्याग खोलेर हेरैं । आश्चर्यचकित भएँ ! ब्यागभित्र हजार हजारको गड्डी पो छ ! अनि गन्न थालैं । जम्मा साढे तीन लाख रहेछ । त्यसपछि फेरि मेरो आँखाअगाडि सारा घटनाक्रम दोहोरिएर आयो । मेरोबारेमा सबै थाहा छ यी मोराहरूलाई । यहाँ अनकन्टार ठाउँमासमेत यिनको पहुँच छ । बाफ रे बाफ ! यिनीहरूसँग जोरी खोज्न सकिदैन भन्ने लाग्यो ।

हो, त्यही पैसा र यसो सरसापट लिएर यो सानो जमिन लिएर कटेरो बनाएको हो हजुर ।

ए !

नत्र त्यो पहाडको केही नफल्ने पाखोभित्तोको मान्छे म । कसरी काठमाडौंमा मेरो डेराडन्डा हुन्थ्यो र हजुर !

ए !

ल गुरु ! वेला पनि बित्यो । अब हामी जान्छौं । यसो पूजापाठ गरिदिनुहोला ।

हजुर ! म गरिहाल्छु नि । हजुरहरू ढुक्कसँग घर जानुहोस् ।

❑ मुक्तक

❖ गङ्गा लिगल

सुखै सुख पाएर नहाँस मान्छे
सबैमा एउटै नाता गाँस मान्छे
एउटै सृष्टिका त मान्छे हौं हामी
सृष्टिको रीतलाई नमास मान्छे ।

कवि पुग्छ रवि नपुग्ने ठाउँमा
विश्व सारा अनि छवि नपुग्ने ठाँउमा
यसले सारा ठाउँमा उज्यालो छर्छ
अनि प्रशिद्ध बन्न पुग्छ कवि बन्ने ठाउँमा ।

पवित्र प्रेम नै त विश्वासमा अडेको छ
यो सबै ईश्वरीय आस्थामा गडेको छ
यसले आल्हादित बनाउँछ मानव हृदय
तसर्थ स्नेहपूर्ण भाव यसमा जडेको छ ।

'फर्किंयौ किनारबाट'लाई डुबेर हेर्दा

❖ रूपक अलङ्कार

प्रिय मित्र विश्वनाथ सन्जेल,
सुमधुर सम्झना ।

जनसाहित्यिक सङ्घले आयोजना गरेको अविरल जनसाहित्य यात्रामा कवि मसान उपासकको एकल कविता वाचन कार्यक्रममा तपाईँसित भेट भएको थियो। उक्त कार्यक्रममा तपाईँले आफ्नो गजलसङ्ग्रह 'फर्किंयौ किनारबाट' मलाई उपलब्ध गराउनुभएको थियो हस्ताक्षर गरीवरि । किताब पाउँदा म हर्षित भएँ तर सँगसँगै उक्त कृति पढ्ने र त्यसमाथि आफ्नो पाठकीय दृष्टिकोण लेख्ने कर्तव्यको भार बढेको अनुभूतिले मलाई थिचेको पनि थियो । म एउटा अल्छी पाठक र त्यसभन्दा पनि बढी अल्छी समीक्षक भएको कुरा मलाईजति अरूलाई थाहा छैन ।

तपाईँ र मेरो मित्रता अलि पुरानै हो । आफ्ना मित्रको कृति हातलाग्नु र अध्ययन गरेर रमाउन पाउनुलाई म चानचुने अवसर मान्दिनँ त्यसकारण मैले तपाईँको गजलसङ्ग्रह पढेँ र अब त्यसका बारेमा केही लेख्ने जमर्को गरेको छु ।

तपाईँ पेसाले शिक्षक र सोखले साहित्यकार हुनुहुन्छ । हाम्रो देशमा पेसाले साहित्यकार भएर बाँच्न गारो पनि छ। २०४३ सालमा जन्मिनुभएका तपाईँ उमेरले मभन्दा एकवर्ष पनि जेठोकान्छो हुनुहुन्न तर विचार, अनुभव र समाज अध्ययनमा भने मभन्दा निकै जेठो हुनुहुँदो रहेछ भन्ने अनुभव तपाईँको किताब पढेपछि भएको छ । साहित्य सङ्गम मकवानपुर र झरना साहित्य परिवारमा रहेर देखाउनुभएको सिर्जनात्मक सक्रियतालाई तपाईँलाई चिन्नेजति सबैले प्रशंसा गरेका छन् भने त्यसबाट म पनि पृथक् नरहेको व्यहोरा जानकारी गराउँछु । शिक्षाशास्त्रमा स्नातकोत्तर गर्नुभएका तपाईँ विद्यावारिधिका लागि पनि अनुसन्धानरत रहनुभएको थाहा पाएको थिएँ तर सकिए नसकिएको भने राम्रो जनकारी पाइनँ । नसकिएको भए छिटै सकियोस् भन्ने कामना गर्दछु ।

'पल पलको मूल्य' गजलसङ्ग्रह र ' क्षितिज यात्रा' मुक्तकसङ्ग्रह तपाईँले पहिले नै प्रकाशित गरिसक्नुभएको छ । 'क्षितिज यात्रा'को रसास्वादनबाट म पहिले नै पुलकित भएको कुरा यहाँ सगौरव उल्लेख गर्नपाउँदा खुसी लागेको छ । यी कृतिमार्फत मानवीय प्रवृत्ति, प्रकृतिप्रेम, देशभक्ति, सामाजिक, सांस्कृति, लैङ्गिक तथा आर्थिक विभेदका विरुद्ध तपाईँले बुलन्द गर्नुभएको आबाज हामीले सुनेकै छौँ । तपाईँ मानवतावादी तथा प्रगतिशील विचारले अलङ्कृत हुनुहुन्छ भन्ने पनि हामी पाठकले राम्रैसित थाहा पाएका छौँ । साहित्यमा तपाईँको स्पष्ट व्यक्तित्व निर्माण हुँदै गएको देख्नपाउँदा मलाई खुसी लागेको छ ।

प्रिय मित्र विश्वनाथ,

तपाईंले सिर्जना गर्नुभएको ' फर्कियौ किनारबाट' नामक गजलसङ्ग्रहको दोस्रो संस्करण मेरो हातमा परेको छ। २०७८ मा पहिलोपटक छापिएको गजलसङ्ग्रहको २०७९ मै दोस्रो संस्करण आउनु नेपाली गजलका लागि दुर्लभ घटना हो। यस किसिमको सफलताले तपाईं नेपाली साहित्यमा कतिसम्म लोकप्रिय हुनुहुन्छ भन्ने तथ्य उजागर गरेको छ । यो सफलताका लागि तपाईंलाई जति बधाई दिए पनि कमै हुन्छ। पहिलो संस्करण पढेका थुप्रै पाठकबाट तपाईंले अवश्य पनि प्रतिक्रिया पाउनुभयो होला । देखिएका कमीकमजोरीलाई पनि सच्याउनुभयो होला । केही वैचारिक तथा प्रस्तुतिगत हिसाब पनि मिलान गर्नुभयो होला । त्यसकारण द्वितीय संस्करणमा आइपुग्दा तपाईंको गजलसङ्ग्रहमा प्रशस्त परिष्कार भयो होला भन्ने कुरामा विश्वास गर्नुपर्ने हुन्छ। अग्रज साहित्यकार ज्ञानुवाकर पौडेलको भूमिकाले तपाईंका गजललाई लालमोहोर लगाइदिएका छन् । 'अब कहिल्यै कसैको किताबको भूमिका नलेख्ने' प्रण गरेका पौडेललाई तपाईंको किताबको पाण्डुलिपि पढेपछि आफ्नै प्रतिज्ञाबाट च्यूत भएर भूमिका लेख्न बाध्य हुनुपऱ्यो। भनेपछि तपाईंका गजलमाथि टिप्पणी गर्नुअघि हामीले त बारबार तर्सिनुपऱ्यो नि ! दीपक समीप, शान्ति शर्मा, यात्रीप्रकाश पाण्डेजस्ता गजलकारहरूको भनाइले पनि सुनको औंठीमा हिराको इयुँको काम गरेका छन् ।

अर्को कुरा तपाईंले आफ्नो कृति बहर र स्वतन्त्रको द्वन्द्वबाट निरपेक्ष गजलकार हरूलाई समर्पण गरेर आफ्नो तटस्थता प्रकट गर्नुभएको छ । यो सुन्दर कुरा हो । सर्जकलाई यस्ता सङ्ग्राममा पर्नु छैन । त्यो काम खासमा समालोचकको हो । तपाईंले बहर तथा गैरबहर दुबै शैलीमा गजल लेखेर शैलीभन्दा विचारको सौन्दर्यले कृतिको महत्त्व बढाउँछ भन्ने देखाउन खोज्नुभएको छ । यस किसिमको स्पष्टताले लेखकको गरिमालाई बढाएको छ।

समुद्रमा डुबेर मोती ल्याउँछु भन्नेहरू किनारमा पुगेर पानी सेचन गरेर फर्किन्छन् । विशेषगरीसाहित्यरराजनीतिमायस्ताचरित्रहरू छ्यास्छ्यास्ती पाइन्छन् । कुरा गरेजस्तो काम गरेर देखाउन गारो हुन्छ। जीवनका दुर्गमता र सुगमतालाई चिन्ननसक्नेहरू जीवननदी पार गर्नसक्दैनन् तर धैर्य र साहस भएकाहरूको कुरा बेग्लै हो । यस्तै कुरा गरेको त हो नि यस सेरले –

जीवन नदी हो, अक्सर भेलबाढी आइरहन्छ

म हेलिएरै पारि पुगैं तिमी फर्कियौ किनारबाट।

तपाईंले नेपाली उखानलाई सहज तरिकाले उपयोग गर्नुभएको छ । प्रयोगका लागि मात्र नभएर यसले पेचिलो व्यङ्ग्य पनि प्रहार गरेको –

जानेर जम्मा गऱ्यो या नजानेर जम्मा गऱ्यो

उसले आफ्नै घर पोलेर खरानी जम्मा गऱ्यो।

घर पोलेर खरानी जम्मा गर्नु मानिसको प्रवृत्ति भएको छ अचेल ! राजनीतिमा त घर पोल्नेलाई चतुर खेलाडी भनेर प्रशंसा गर्नथालिएको छ । अरूले भन्दैमा

गजलकारले मान्नुपर्छ भन्ने के छ र ? ' विनाशकाले विपरीत बुद्धिः' अथवा 'प्रायः समापन्न विपत्तिकाले धियोपि पुंसां मलिनी भवन्ति'को सिधै अनुवाद लाग्ने गरी तपसिलको सेर पनि लेख्नुभएको छ –

भन्छन् सबै विनाशकालमा विपरीत हुन्छ बुद्धि

सरकारले रोजगारी दिन राहदानी जम्मा गऱ्यो ।

पहिलो सेरमा जस्तो चपक्कै मिल्ने गरी यसमा उखानको विन्यास भएनजस्तो तपाईंलाई पनि लागेकै होला । म के भनूँ ?

प्रिय गजलकार विश्वनाथजी, प्रेमिल सेर वा गजलहरूमा तपाईंको सङ्लो र समर्पित मन छपक्कै छापिएर आएको छ । प्रेममा तपाईं अत्यन्त कोमल, संवेदनशील र जबाफदेही देखिनुभएको छ । जीवनमा यतिसम्मको धैर्य र निःस्वार्थ हुन पनि सकिन्छ र ? भन्ने शंका उब्जिने गरी तपाईंले निम्न सेर लेख्नुभएको छ –

आज फेरि तिम्रो प्रगतिमा धन्य हुन पाएँ
सम्झैं रोई रोई बाँचेको नि काम लाग्यो ।

लाग्छ, क्षण क्षणको अनुभूतिलाई तपाईंले गजलका सेरहरूमा सञ्चय गर्नुभएको छ । खासमा मानिस मनमा प्रशस्तै व्यभिचारी भावहरूको भार बोकेर हिँडिरहेको हुन्छ । व्यभिचारी भावको विशेषता भनेकै स्थिर हुननसक्नु हो । बिहान एउटा कुरा प्रतिज्ञा गरेर हिँडेको मानिस बेलुकासम्म ठिक विपरीत अवस्थामा पुगिसकेको हुन्छ । लेखक पनि यहींको अन्नपानी खाएर हुर्केको मानिस भएकाले यस्ता सार्वजनिक गुण लेखकमा नहुने कुरै भएन । तपाईंका सेरहरूले पुष्टि गरेका छन् तपाईं पनि यस्ता व्यभिचारी भावबाट सङ्क्रमित हुनुभएको छ –

जीवन काँच न हो कच्चा छ अति कच्चा
एकै ठक्करमा टुट्न सक्छ चर्किन सक्छ ।

यस सेरमा त तपाईं पूरै हरिभक्तीय मुडमा आउनुभयो । त्यसको केही अगाडि तपाईंले जीवनका बारेमा यस्तो भन्नुभएको छ–

जितेर खुसी हुनुस् या निराश हुनुस् हारबाट
एक दिन सबैले बिदा लिनै पर्छ संसारबाट ।

यो पनि त जीवनप्रतिको तपाईंको प्रतिक्रिया नै हो । यस्तो चर्किने टुट्ने जीवनमै तपाईं यस्तो सङ्घर्ष पनि गर्नखोजिरहनुभएको छ त ं–

भारी बोक्छु घन चलाउँछु गिट्टी कुट्छु
फुलाउँदै छु नयाँ सपना हताश नबनाऊ ।

अब फेरि तपाईंलाई यही जीवनमै मधुमास चाहिएको छ–

दुःखको झरीपछि खुसीको घाम लाग्छ भन्दै
जिन्दगीको मधुमास खोज्दै छ विश्वनाथ ।

जिन्दगीलाई तपाईंले धेरैओटा कोणबाट चियाउने प्रयास गर्नुभएको छ । ती कतिपय नितान्त निराशाजनक छन् भने कतिपयले आशाको उज्यालो छर्ने काम पनि गरेका छन् । कुनै त कन्ठै गरेर राखूँजस्ता पनि छन् –

मान्दैन मन कहिल्यै छुट्टिन मान्दैन
तर पनि जिन्दगी विछोडमा सकिन्छ ।

विश्वनाथजी, तपाईंलाई देशको आन्तरिक अवस्थाले जति पोलेको छ बाह्य हस्तक्षेपले त्यसभन्दा बढी छटपटी

गराएको रहेछ । छिमेकीको मुखुण्डो लगाएर कोपरिरहने चिथोरिरहनेहरूलाई भेट्ने हो भने तपाईंले काँचै खानुहुने रहेछ । साक्ष्य हेरे थाहा भइहाल्छ –

देशको सीमा मिचेर धावा बोल्दै छ बैरी
भुकाएर आफ्नै शिर कसरी बाँच्नुहुन्छ ?

तपाईंले धेरै ठाउँमा आत्मसम्मानको, आत्मगौरवको, स्वाभिमानको आबाजलाई बुलन्द गराउँदै सेरहरूको निर्माण गुर्नभएको छ । तपाईं यही सेर पढेर हेर्नुहोस् त –

स्वाभिमानी छोरालाई देशको माया हुन्छ
आफ्नै संस्कार संस्कृति र भेषको माया हुन्छ ।

देशनिर्माणप्रति तपाईंको धोको र विश्वास अद्भुत किसिमको देखिन्छ । झोला बोकेर विदेश जानेहरूलाई देखेर तपाईंका सेरहरू धुरु धुरु रोएका छन् भने बसेकाहरूको हृदयमा आशाका इन्द्रेनी थप्ने काम पनि यिनीहरूले गरेका छन् :

स्वदेशमै बस्ने प्रयास नगरेको कहाँ हो र
पहिले भूकम्प पठायो अहिले बाढी पठायो ।

श्रम चलोस् सिप चलोस् समृद्ध होस्
पौरखी भई बाँच्ने ठहरको खोजीमा छु ।

हुन त तपाईंको गजलसङ्ग्रहले समाजका धेरै विषयहरूको उठान गरेको पाइन्छ । सहरिया जीवनप्रतिको वितृष्णा यहीं छ, गाउँले जीवनप्रतिको सम्मोहन यहीं छ, अन्धविश्वास तथा रुढिवादविरुद्धको वाक्वाण यहीं छ, देशनिर्माणको उदात्त कल्पना यहीं छ, प्रेममाथिको निष्कलङ्क विश्वास यहीं छ, धोकेबाजप्रतिको घृणा यहीं छ । भावगत विविधताले तपाईंको गजलकृति सम्पन्न छ ।

विश्वनाथजी, तपाईंले गजलको बाह्य संरचनालाई चुस्त दुरुस्त प्रयोग गर्नुभएको छ । विशेषगरी पूर्ण तथा मिलित काफियालाई तपाईंले आफ्ना सेर विन्यासमा संयोजन गर्नुभएको छ । सकेसम्म भावभञ्जन नहुनेगरी रदिफको प्रयोगमा ध्यान दिनुभएको छ । तखल्लुसको प्रयोगमा तपाईंको बढ्दा अनुराग देखिन्छ तथापि तखुल्लुसले आफ्नो औचित्य पुष्टि पनि गरेको छ । उदाहरणका लागि यही सेर काफी छ :

विश्वको मानचित्र हेर्दै भन्छिन् मेरी आमा
नेपाल यही भूस्वर्गमा अटाएर बसेको छ ।

छन्द बहरदेखि लोकलय हुँदै स्वतन्त्र लयको समेत उपयोग गर्नुभएको छ । बहरमा भन्दा गैरबहरमा तपाईंका सेर स्पष्ट र सरल छन् भन्न हिचकिचाउनुपर्दैन । अभ्यास वा साधनाको कमीले पनि यस्तो भएको हुनसक्छ वा तपाईंको चित्त नै यसैमा रमाएको पनि हुनसक्छ ।

तपाईंको गजलसङ्ग्रहका बारेमा अझै धेरै लेख्नसकिन्छ । शोध प्रतिवेदन नै लेख्न पनि सकिन्छ तर त्यस किसिमको उद्देश्य मैले राखेको छैन ।

प्रिय मित्र, मित्र हुनुका नाताले मलाई लागेका केही गुनासो पनि यहीं लेख्न उचित ठानेको छु । हुन त भेटेको वेलामा कानमा खुसुक्क भने पनि हुने हो तर त्यो अवसर आउने कहिले हो कहिले ।

भाषिक शुद्धतालाई तपाईंले निकै मिहिनेत गर्नुभएको छ । दोस्रो संस्करण

भएकाले पनि तपाईंले आफूलाई सच्याउने अवसर पाउनुभएको होला । तपाईंले कृतिको पहिलो सेरमा लेख्नुभएको छ -

जितेर खुसी हुनुस् या निराश हुनुस् ।

'हुनुहोस्' लेख्न तपाईंलाई केले प्रेरित गऱ्यो थाहा भएन । अनुरोधार्थक क्रियापदमा आउने 'हो'लाई तपाईंले महत्त्व दिनुभएको छैन र रुनुस्, धुनुस्, पगार्नुस् दुहुनुस् यस्तो प्रयोग गर्नुभएको छ । यस्तो गर्न पाइँदैन ।

सबै मान्छे सुन्दर बिहानको प्रतीक्षामा छन्

जीवनभर्कै रङ्गीन उद्यानको प्रतीक्षामा छन् ।

यस सेरमा उपमान् उपमेय गज्याङमज्याङ भएको भान हुन्छ अलि सहजगम्य भएको भए मजा आउँथ्यो ।

गजलको आन्तरिक तथा बाह्य संरचनाका बारेमा तपाईं भलिभाँती जानकार हुनुहुन्छ । एउटै गजलमा पनि सेरहरू स्वतन्त्र तथा भावपूर्ण हुन्छ भन्ने तपाईंलाई राम्रै हेक्का छ किन्तु

यस्तो लाग्छ रङ्गीन दुनियाँ देखाउनकै लागि

हरेक मान्छेमा अलिकति जबानी जम्मा गऱ्यो ।

यस सेरमा जबानी जम्मा गर्ने को हो भन्ने खुलेको छैन र भावको अपकर्षण भएको छ ।

पदयोगमा ध्यान नदिँदा अर्थै उल्टो परेको पनि देखिन्छ-

यो मन न यता न उता फर्किन सक्छ

फल सकिएको हाँगो न हो, न लर्किन सक्छ ।

खासमा यहाँ 'नलर्किन सक्छ' हुँदा मात्र सही अर्थ अभिव्यक्त हुनसक्छ ।

कुनै कुनै सेर अति सरल, कलारहित, अभिधात्मक पनि छन् । तपाईं यो सेर फेरि पढ्नुस् त मित्र :

कैले दिन सकिएला सिप प्रविधियुक्त शिक्षा

अझै हाम्रा युवा पराइका खेतालाहरू छन् ।

यस सेरमा कुनै रौनकता भएजस्तो मलाईं चाहिं लागेन । भन्दै जाँदा कहीं कहीं त अति नै भन्नुभएको छ तपाईंले :

खै कस्तो आधुनिकता नाङ्गै हिँड्छे चेली

सारै अश्लील छ कृत्रिमता शर्म नाश हुँदा ।

यहाँ आधुनिकताप्रति आक्रोश पोख्ने तरिकामा तपाईंको पूरै असावधानी देखिन्छ । फलस्वरूप 'नाङ्गै हिँड्छे चेली' पदावलीले चेलीलाई भन्दा तपाईंलाई बढी नङ्ग्याएको देख्नेहरू पनि छन् ।

मित्र ! रौंचिरा दर्शन लगाएर हेर्ने हो भने त्रुटिहरू धेरै देखिन पनि सक्छन् । काम गर्दै जाँदा कतै त्रुटि रहनु, कतै ध्यान नपुग्नु तथा सर्जक र पाठकका बिचमा सामञ्जस्य नुहुनु वा साधारणीकरण नहुनु स्वाभाविक हो ।

समग्रमा तपाईंले दिनुभएको गजलसङ्ग्रह मैले एक मन चित्त लगाएर पढें । मलाई राम्रो लाग्यो । तपाईंको सिर्जनशील भविष्यको कामना गर्दै लेख्न छुटेका कुरा भेटौं भन्ने वाचाका साथ कलम यहीं बन्द गर्दछु ।

तपाईंको उही

रूपक अलङ्कार ।

'म आएको छु' कवितासङ्ग्रहका बाइस पाइलाहरू



❖ मदनमोहन जोशी

कवि राम विनयको 'म आएको छु' कवितासङ्ग्रह निकै ढिलोगरी पढेपछि अर्थात् करिब दश वर्षपछि मलाई केही लेख्न मन लागेको छ। बार वर्ष भनेको एक युग भनिन्छ । राम विनयले यो कृति प्रकाशन गरेको झण्डै एक युग बितिसकेको रहेछ। दश वर्षहरू बितेर एघार वर्ष लागेपछि कस्तो कस्तो यस्तो उस्तो वातावरणले पल्टा खाएपछि, एउटा मृत्युको अनुभवपछि म मरेको छैन, बाँचिरहेकोजस्तो लाग्दो रहेछ । परिस्थितिवश सुषुप्त अवस्थामा त्यसको अनुभवपछि मैले आफनो जीवित अवस्था यसमा प्रदर्शन गर्नलागेको छु । त्यसैले म भन्छु "म आएको छु।"

राम विनय कवितामार्फत आउनुभएको छ । भरखर होइन, अहिले मात्र होइन, आज मात्र होइन, वर्तमानमा मात्र होइन, अतीतमा पनि उहाँ आउनुभएको छ र भबिष्यमा पनि आउनुहुने छ। उहाँ निरन्तर आउनुभएको छ, आउनुभएको छ, छ। उहाँ आउनुभएको छ, मसँग बस्नुभएको र मलाई घच्घच्याइरहनुभएको छ । म पल्टिरहेको अवस्थामा मलाई सन्चो नभएको हो कि भनेर मेरो नाडी छाम्नुभएको छ । मलाई उहाँले धेरैचोटि ओखती पिलाउने प्रयास गर्नुभयो । उहाँले ममा पहिलेको साहित्यिक स्फुर्ति पुनः जागृत भएर आओस् भनेर चाहना राख्नुभएको हो । त्यसैले मलाई सधैं 'म आएको छु' भनेर मलाई घच्घच्याइरहनुहुन्छ।

राम विनयको 'म आएको छु' कवितासङ्ग्रह सधैं मसँगै रहेको छ। सुत्दा, बस्दा जहिले पनि मेरो हृदयरूपी काखबाट अलग हुँदैन । कहिलेकाहीं भुइँमा राखिदिए पनि, यताउति फालिदिए पनि, कता कताबाट आएर काखमा बसिदिन्छ । आबाजै ननिकाली मेरो कानमा भनिदिन्छ, 'म आएको छु।' मलाई यो 'म आएको छु' वाक्यांश सारै मन पर्छ । प्रायःजसो प्रिय वस्तु नै नजिक आउने गर्दछ त्यसैले म अनुमान लगाउँछु 'म आएको छु' मेरो प्रिय वस्तु हो । बाइसओटा कविताहरूका बाइस कदम चालेर मकहाँ आइपुगेको सङ्ग्रह हो 'म आएको छु ।' कुनै पनि वस्तु प्रिय हुनु र नहुनुमा कारणहरू हुन्छन् । प्रथमतः राम विनय मेरो चिरपरिचित एउटा आफ्नै किसिमको व्यक्तित्व बोकेको व्यक्ति हुनुहुन्छ। उहाँ सारै सरल व्यक्तित्वको, मिलनसार र मृदुभाषी, प्रगतिवादी व्यक्तित्व हुनुहुन्छ।

'म आएको छु' कवितासङ्ग्रह प्राप्त गरेपछि मात्र होइन म उहाँलाई बचपनदेखि नै चिन्दछु। उहाँले विद्यार्थी जीवनकालदेखि नै प्रगतिवादी विचारधारालाई अँगाल्नपुग्नुभएको हो। नेपाली समाजमा रहेका विकृतिहरूलाई पन्साएर संसारको एउटा सुशिक्षित, सुसंस्कृत र विकसितरूपमा नेपाली समाजलाई चिनाउनुपर्छ भन्ने मान्यता राखेर अगाडि बढिरहनुभएको व्यक्ति हो उहाँ।

उहाँले 'म आएको छु'मा वि.सं.२०२१ देखि २०४७ सालसम्मका आफ्ना अनुभूतिहरू वेलाबखतका कविताहरूका रूपमा अभिव्यक्त गर्नुभएको छ। त्यसमध्ये पहिलो कविताको थाप्लो 'तातो बाफ' राखिएको छ। यो वि.सं. २०२१ सालमा पञ्चायती कालरात्रिको समयमा लेखिएको कविता हो। यो २०१७ सालको परिवर्तनपछि वि.सं.२०१९ सालदेखि लागू भएको पञ्चायती व्यवस्थाले समाजका सदस्यहरू उकुसमुकुसको वातावरणमा बाँचिरहेका थिए। मानिसहरू आफ्ना नैसर्गिक अधिकारबाट बञ्चित भएका कारण पूरा नेपाल देश नै एक किसिमको थर्मस बनेको थियो। जसरी पानी तातेर बाफ बन्छ त्यसरी नै पञ्चायती व्यवस्थाको बन्देजले, उत्पीडनले मानिसहरू तातेर बाफ बनिसकेका भनेर कवि राम विनय कल्पना गर्नुहुन्छ। जसरी बाफ बाहिर निस्कन बाटोको खोजीमा हुन्छ त्यसरी नै मानिसहरू पञ्चायती व्यवस्थाट उन्मुक्ति हुने बाटोको खोजीमा थिए। कवि पञ्चायती व्यवस्थादेखि बाहिरको वातावरणको कल्पना गर्नुहुन्छ र 'वनको चरी रमाउँछन् वनभरि', 'कति निस्फिक्री आफूखुसी उड्छन गगनबिहारी' भनी लेख्नुहुन्छ।

कवि भानुभक्त आचार्यले आफू झ्यालखानामा पर्दा मुक्त हुन डिठ्ठा बिचारीलाई बिन्ती गरी कविता लेख्नुभएको थियो। लेखनाथ पौड्यालले 'बालक बबुरो द्विज सुकनामा, हुँ म परेको छु पिँजरामा' भनेर 'पिँजराको सुगा' थाप्लो दिएर कविता लेखेजस्तै कवि राम विनयले पञ्चायती कालमा आफू थर्मसमा बन्द भएको महसुस गर्दै र त्यसबाट स्वतन्त्र हुन सङ्घर्ष गर्नेसमेतको इच्छा व्यक्त गर्दै लेख्नुभएको छ :

"हरर उडनेगरी हाँकको सामना
हरेक क्रोधित समयको पाखामा निडर भई उडनलाई
अनन्त चाहना छ
तर उडन नपाई बन्दी छु।"

'प्रेरणा मलाई धरतीमा बाँच्न' कवितामा कवि दुःख, पीडा, असन्तोष र नैराश्यले भरिएको यस संसारमा आशावादी भएर सङ्घर्ष गर्ने अठोट गर्नुहुन्छ र धरती, क्षितिज, गगनबाट जीवनमा ठुला ठुला काम गर्ने, लामो अभियान थाल्ने र सत्य साँचो बाटोबाट अगाडि बढेर जताततै आफ्नो कीर्ति फैलाउने प्रेरणा पाएको कल्पना गर्नुहुन्छ तर कविले यसमा आफैं अल्मलिनुभएको भावना व्यक्त गर्नुहुन्छ। आफैंलाई कता कता भौंतारिएको देख्नुहुन्छ र पनि कविताको पुछारमा आफ्नो देशको उच्च र सुन्दर हिमालबाट सुन्दर विचार लिएर बहादुरीपूर्ण काम गरेर सुन्दर सत्य बनेर आफूखुसी भई समाजलाई खुसी

पार्ने प्रेरणा पाएको कुरा व्यक्त गर्नुभएको छ, जुन सकरात्मक छ।

जुन कविताको शीर्षकबाट पुस्तकको नाम राखिएको छ त्यो हो 'म आएको छु।'। यस कवितामार्फत कविले तीनतिरबाट हिन्दुस्थानले घेरिएको नेपालको जुन लामो अस्तित्व छ त्यसबारे यसरी शङ्का व्यक्त गर्नुहुन्छ :

"नव पल्लव ओथरा छोडी
खेल्छ, डुल्छ, चल्छ
आफ्नै गतिमा, अस्तित्वमा
तर शङ्का छ
कतै चिलले गाँज्ने पो हो कि झम्टिएर!"

कविको अर्को पक्ष के छ भने उहाँ निराशावादी हुनुहुन्न । आफ्नो नेपाललाई बचाइराख्न हौसिँदै र हौसला प्रदान गर्दै पुर्खाहरूले रगत बगाई वीरताको प्रदर्शन गरेको कुरालाई सम्झना गराउँदै आफ्नो देशलाई बचाइराख्न सङ्कल्प गरेर जोशपूर्ण तरिकाले भन्नुहुन्छ, 'म आएको छु ।' भियतनामको कुरालाई लिएर होस् या बुढो किसानको कुरालाई लिएर होस् र अन्य कुनै विषयबाट होस् वा अरू विषयका कविताहरूबाट होस् यस पुस्तकको सम्पूर्ण निचोड 'म आएको छु'मा निहित गरिएको छ भन्न मन लाग्छ।

'सङ्घर्षमा व्यस्त बुढो भियतनामीको व्यथा : एक अभिव्यक्ति' कवितामा कवि भियतनामा साम्राज्यवाद विरोधी लडाइँमा व्यस्त भियतनाम र भियतनामी जनताको सङ्घर्षशीलताको राम्रो त्रिचण गर्न सफल हुनुभएको छ । अमेरिकाली साम्रज्यवाद विरोधी लडाइँमा भियतनामी जनताको विजय हुन्छ भन्ने पक्का विश्वासका साथ कवि भन्नुहुन्छ :

"हाइफोङ्ग र हनोइ नाश हुनसक्छ
तर भियतनामी जनतालाई नाश गर्नसकिने छैन।"

कवि भियतनामी जनताको विजयप्रति दृढ विश्वास राख्नुहुन्छ । कविको विश्वासजस्तै भियतनामी जनताको विजय भइसकेको छ। यो कविता २०२५ सालमा अमेरिकी साम्राज्यवादको हार हुनुअगाडि नै लेखिएको हो । कविले सोचेझैं अमेरिकी साम्राज्यवादले हार खाएर भियतनामबाट पुच्छर लुकाएर भाग्न बाध्य हुनुपरेको थियो।

यसपछिको कविताको शीर्षक ' हामी र हाम्रा विश्वासहरू' रहेको छ। यस कवितामा नेपालका युवकहरूले विभिन्न ठाउँमा क्रान्तिकारी कामहरू देखाएको भए तापनि सम्पूर्ण नेपालमा त्यसो भइनरहेकाले आजका युवकहरूको जीवन सार्थकताविहीन मैनबत्ती पग्लेर गएकोझैं ठान्नुभएको छ कवि विनयले। कवि विनयले भन्नुभएजस्तै चल्लारूपी विश्वासहरू ओथारो बसेका थिए र वि.सं.२०४६ सालमा बौरिएर कविको आशा पूरा गरिदिएको छ।

वि.सं.२०२६ सालतिर चितवनमा राँको बलेको थियो, नौलो राँको बलेको थियो। नौलो राँको भन्नाले शोषक र प्रतिक्रियावादीहरूका निम्ति यो तर्साउने राँकेभूत थियो । त्यसैले नौलो राँकोलाई निभाउन शोषकहरूले पानीको छहरा छाडेका थिए तर त्यो छहराले गर्दा झन् चर्को विनानामको बिजुली

प्रकाश फिँजिन सुरु भयो । संसार बदल्न चाहनेहरूका निम्ति र सबै शोषितहरूका निम्ति यो असल पथप्रदर्शक र न्यानो राप दिने 'नौले राँको' थियो । यो निरन्तर बल्दै गएको राँकोमा कवि राम विनयले वि.सं. २०२८ सालमा 'एउटा कथा : एउटा दीक्षा' नाउँको राँको समावेश गरिदिनुभयो । उक्त समावेश गरिएको राँकोमा हामी शोषितहरू जहाँ गएर बसे पनि शोषकहरू त्यहीँ आएर लुट्ने र लखेट्ने काम गर्छन् भन्ने कुरा चितवनका एक किसान र उनको छोराबिचको संवादको रूपको एउटा कविताको राँको समावेश गर्नुभएको छ । पहाडमा अन्याय, अत्याचार, शोषण र उत्पीडनमा पिल्सिएका किसानहरू चितवनमा जग्गा बाँडिएको हल्ला सुनेर चितवन आएका सुकुम्बासी र निम्न स्तरका किसानहरू यहाँ पनि पहिले बसेको ठाउँमाझैं नै शोषण र अत्याचारमा छट्पटिन पुगेका किसानहरूको अवस्था देखेर कविको भावना यसरी व्यक्त हुनपुग्छ :

"लुटिनु र लखेटिनु कुनै नयाँ कुरा होइन
बाढी, पहिरो, अन्याय, अत्याचारपीडित
हाम्रो जिन्दगीबाट
आँसु निस्कँदैन तर पड्किन्छन् विद्रोहका
झिल्काहरू !"

उपर्युक्त पङ्क्तिहरूमार्फत कविले भाग्ने होइन बरु विद्रोह गर्नुपर्छ अर्थात् सङ्घर्ष गर्नुपर्छ भन्ने कुरा अगाडि सार्नु भएको छ ।

'मेरो साथी र म' कवितामा कवि भावनामा उडनुभएको छ, सुन्दर फूल फुलेको भानमा हुनुहुन्छ । कविले आफूलाई एक्लो भएकोजस्तो वर्णन गरेको भए तापनि क्रान्तिको समयमा एक्लो नहुने बरु साथ दिने साथीहरू धेरै पाइने रहेछ भन्ने कुराको सन्देश दिने काममा कवि कवितामार्फत अगाडि बढ्नुभएको छ ।

कविका प्रत्येक कवितामा विद्रोह र क्रान्तिको भावना व्यक्त भएझैं आगमन एक सत्यतामा पनि विद्रोहको स्वर छ र संशोधनवादीहरूलाई कटाक्ष गरिएको छ :

"झुट्टा नकाबभित्र आफू टिक्न नसकेर
आफ्नो सच्चा रूपमा फेरिरहेको छ ।"

लेख्नुका साथै सच्चा क्रान्तिकारीहरू जन्मिसकेका छन् त्यसैले क्रान्ति अवश्यम्भावी छ भन्ने कुरा सुनाउनुहुँदै क्रान्तिकारीहरूलाई कवितामार्फत निम्तो दिनपुग्नुभएको छ कवि ।

'पहाड हटाउने मूर्ख बुढो मान्छे' चिनियाँ लोककथालाई स्मरण गर्दै कवि घोषणा कवितामा निराशालाई त्यागेर उत्साह र उमङ्ग लिएर, पुरानो थोत्रो, मक्किरहेको समाजव्यवस्थालाई फेर्ने घोषणा गर्नुभएको छ, सन्देश दिनुभएको छ । वि.सं.२०३६ सालको जनआन्दोलन र जनमत सङ्ग्रहले समाजमा केही परिवर्तन आउला भनेर आशा गरिएको भए पनि वि.सं.२०४० सम्म केही परिवर्तन नभएको, 'यो भएन त्यो भएन' भन्ने मात्र होइन किन नभएको भन्ने कुराको अनुसन्धान गरेर ठोस कदम पनि चाल्नुपर्छ भनी यहाँको समाजलाई भूयालखानाको कैदीजस्तो कल्पना गर्दै यो समाजले यहाँ यसो उसो भनेर तर्कना गरिरहेको ठान्नुहुन्छ र सो तर्कनामा प्रगतिवादी विचार र दृष्टिकोण नमरेको बरु यसले भविष्यमा अवश्य नै मुक्तिको बाटो पहिल्याएर जनता मुक्त हुने

छन् भन्ने आशा एवम् विश्वास 'तर्कना एक बन्दीको' कवितामार्फत गर्नुभएकोछ अनि कवि आफ्ना छरछिमेकका देशहरूको विकासलाई औंल्याउँदै आफूभन्दा पीछडिएको समाज सफलताको शिखरतिर पुगिसकेको कुरातिर ध्यानार्कषण गराउँदै साहस गरेर बढेमा विकास गर्न समय लाग्दैन, चाँडै नै विकास गर्नसकिन्छ भन्ने उपमा पेस गर्नुहुन्छ 'त्यो मान्छे' शीर्षकको कवितामा ।

'एउटा पत्र पितालाई' कवितामा उहाँले मध्यम वर्गीय मानिसको चित्रण राम्रोसँग गर्नुभएको छ । एउटा मध्यम वर्गीय बाबुको छोरा रातदिन यताउता भौंतारिरहन्छ, उसको अवस्था कहिल्यै समाधान हुँदैन त्यसैले ऊ छटपटाउँछ, झोक्किन्छ । निरन्तरको सङ्घर्षपछि पनि उसले केही पाउनसकेको हुँदैन अनि एउटा मध्यम वर्गीय बाबुको छोराले आफनो विद्यार्थी जीवनमा केकस्तो कल्पना गरेको हुन्छ भन्ने कुरामा यथार्थताका साथै यसले मध्यम वर्गका मानिसहरूको प्रतिनिधित्व गर्न खोजेको छ र मनोविज्ञानपूर्ण छ ।

वि.सं.२०४० सालपछि कवि भयङ्कर क्रान्तिकारी हुनुभएको कुरा 'मेरो कवितालाई' पढदा थाहा हुन्छ । यस कवितामा उहाँ यस संसारमा उथलपुथल, फेरबदल गर्ने आँट प्रदर्शन गर्नुहुन्छ तर रयाडठ्याङ मिलेको छैन भन्नुहुन्छ । आजको संसारलाई फेर्न चाहने नेपालीहरूको एकता नभएर होला, एउटै लक्षमा पुग्न भिन्दाभिन्दै बाटाहरू अपनाएको कारणले रयाडठ्याङ नमिलेको होला भन्ने ठानेर कवि लेख्न सक्दिन भन्नुहुन्छ तर पनि लेख्नुहुन्छ :

"तिखो, धारिलो, जोसिलो खुकुरी
बनाउन
सिकाउनुपर्छ मेरो कवितालाई
मेरो प्यारो कवितालाई ।"

यत्ति लेखेर निरन्तर लेखिरहने, कविता कोरिरहने इच्छा व्यक्त गरिरहनुहुन्छ कवि राम विनय यस कवितामार्फत । त्यस्तै कवि थिचोमिचोबाट मुक्त हुने नयाँ विश्वासको जागरण भएको कुरा प्रस्टयाउनुहुन्छ 'पुनः हाम्रा विश्वासहरू' कवितामा र म आएको छु कवितायात्रा पुस्तकमा 'कतिन्जेल' शीर्षकको एक मुक्तक पनि छ । समाजका दीनदुःखी, दरिद्रहरूलाई सन्तोष त्यागेर मुक्ति र प्रगतिको निम्ति अगाडि बढ्नुपर्ने कुराको झल्को पाइन्छ यो मुक्तकमा ।

प्रतिक्रियावादीहरूले कसरी अरूलाई अपमान गर्छन् र बोलाई बेवास्ता गर्छन तथा सकेसम्म विद्रोहीहरूको विचार परिवर्तन गर्नखोज्छन् भन्ने कुराको व्याख्या गर्दै त्यसबाट बच्न र आफ्नो सत्य, साँचो बाटो नछोड्न मनोबल बढाउनुपर्छ भन्ने कुराको सन्देश कवि 'उनीहरू र म' कविताबाट दिनुहुन्छ । अच्युत फुयालको कविता ' माटोमुनिको बिउ'को प्रतिक्रियास्वरूप लेखिएको 'माटोमुनि बिउको जबाफ' एउटा प्रगतिवादी कविता हो भन्नुपर्छ । यो कविता पढ्दा के थाहा हुन्छ भने अच्युत फुयालले निराशावादी कविता लेख्नुभएको थियो र त्यसैको जबाफमा धरतीमुनि गाडिएको बिउजस्तै परिवर्तनकारी कार्यकर्ताहरू जनसमाजमा समाजको भित्रीतहसम्म पुगेका

छन् र उनीहरूले एक दिन सफलता प्राप्त गर्ने छन् भन्ने कुराको आशय यस कविताले व्यक्त गरेको छ भन्ने कुरालाई स्विकार गर्नुपर्दछ ।

छविलाललाई श्रद्धाञ्जलीस्वरूप लेखिएको हुनसक्छ समर्पित कविता । कवितामार्फत कविले पञ्चायतकालीन फासिस्ट र निरङ्कुश तानाशाही स्वरूपको चिरफार गर्नुभएको छ र एउटा समर्पित व्यक्तित्वलाई यातनाले ढाल्न सक्दैन बरु त्यो झन् आरानमा खारिएको सुनजस्तै नयाँ क्रान्तिका साथ आकाशभरि ढकमक्क र व्यापक हुने कुराको भावनाको बोध गराउन सफल हुनुहुन्छ कवि राम विनय यस कवितामा ।

वि.सं.२०४६ को परिवर्तन त आयो तर परिवर्तन आएन बाँधाहरूका लागि । त्यस्तो सत्य कुरा व्यक्त गर्नुका साथै बाँधा वा कमाराहरूको जीवन पशुतुल्य हुन्छ आजको युगमा पनि र उनीहरू निरन्तर यातनाको सिकार हुन्छन् । बाँधा व्यवस्थाबाट मुक्त हुनको लागि प्रेरणा प्रदान गरिएको छ 'हिरा थारु' कवितामार्फत – समाजका असङ्ख्य हिरा थारुहरूलाई । यस कवितामा प्रगतिशील गुणहरू छन् भन्न मन लाग्छ मलाई ।

वि.सं.२०४६ सालको जनआन्दोलन सम्झौतामा टुङ्गियो र त्यसबाट आएको परिवर्तनलाई रछ्यानमा फाल्ने प्रतिक्रियावादीहरू र अवसरवादीहरूले के गर्दै छन् है भनेर जनसमुदायलाई सचेत पार्दै छ राम विनयको 'आँखाहरू' कविताले । वि.सं.२०४७ साल मङ्सिर २१ गते लेखिएको कविता 'समर्पित पाइलाहरू'मा नौलो भविष्यका लागि जुन मानिसहरू समर्पित भए उनीहरूको कारणले नै २०४७ सालको परिवर्तन आएको कुरा दर्शाउँदै ती समर्पितहरूले केकस्तो त्याग तपस्या गरेका थिए भन्ने कुरा वर्णन गर्दै ती समर्पितहरू कोको हुन ? तिनीहरूको खोजी गरेर मूल्याङ्कन गर्नुपर्ने महसुस गर्नुहुन्छ कविजी यस कवितामा ।

यसरी 'म आएको छु' भन्ने घोषणा गर्दै कवितायात्रामा हिँडनुभएका कवि राम विनयले आफ्नो यात्रामा वि.सं.२०२१ माघदेखि २०४७ मङ्सिर २१ गतेसम्म चाल्नुभएका जम्मा बाइस पाइलाहरू चालिएको देखिन्छ यस सँगालोमा । यस अवधिमा उहाँले अरू पनि धेरै पाइलाहरू चाल्नुभयो होला तर ती पाइला चाल्नुभयो वा भएन त्यसको अर्थ भएन होला भन्ने यस पङ्क्तिकारलाई लागेको कुरा हो । त्यसपछि पनि उहाँले कवितायात्रामा धेरै पाइलाहरू चाल्नुभएको छ । आफ्ना सुचालका पाइलाहरूबाट नेपाली समाज, नेपालको उन्नति र प्रगतिको लागि कलम निरन्तर चलाइरहनुभएको देखिन्छ र यसमा निरन्तरता रहने छ भन्ने मलाई विश्वास छ । उहाँको प्रगतिशील र प्रगतिवादी साहित्यिक यात्राले सफलताको शिखर चुम्न सकोस्, हार्दिक हार्दिक शुभ कामना छ ।

नारायणगढ, चितवन (समीक्षकको २०६५ कार्तिक १९ मा निधन भइसकेको छ)।



क्रान्तिका गीत गाओ

❖ खेमराज निरौला

काला मैला छलकपटका जिन्दगी चूर्ण पार्न
मौलाएका कुटिल दिलका कामना ध्वस्त पार्न
खोली छाती अब समरको मार्ग नौलो समाआ
रच्दै आफैं युवक युवती क्रान्तिका गीत गाओ ॥१॥

आफ्नै चोखो सबल घनले भ्रष्टका जाल तोड्दै
आफ्नै सग्ला करकमलले देशको भार बोक्दै
माटो छाम्दै दृढ हृदयले दिव्य धर्ती बनाओ
नेपालीका घर घर पुगी क्रान्तिका घीत गाओ ॥२॥

मेचीकाली विपुल नगरी कर्मले पार्नलाई
हामी आफ्नै अचल धनले विश्वमा पुग्नलाई
बाधा झेल्दै अब युवक हो मार्ग बेग्लै समाओ
नौला नौला प्रगतिपथका क्रान्तिका गीत गाओ ॥३॥

तिम्रा चोखा चतुर मतिले सिर्जना गर्नुपर्छ
वेला आयो अब युवक हो देश यो हाँक्नुपर्छ
बाधा आए समर विधिका दिव्य भाला चलाओ
छाती छेड्दै सकल खलका क्रान्तिका गीत गाओ ॥४॥

बाँझो धर्ती मलजल गरी उर्वरा पार्नलाई
खेतीपाती अविरल नयाँ हातले गर्नलाई
टाढा जाने प्रगतिपथमा लाग्न फर्केर आओ
आफ्नै धर्ती वरिपरि बसी क्रान्तिका गीत गाओ ॥५॥

प्यारा साथी जनक जननी मृत्तिका बिर्सिएर
पर्देशी हो किन परपरै बस्दछौ झोक्रिएर
आओ आओ रगत पसिना देशमै पोख्न आओ
आफ्नै प्यारो गृहनगरमा क्रान्ति गीत गाओ ॥६॥

खुम्चेका ती मलिन दिलमा रक्तसञ्चार गर्न
नेपालीका सगरसरिका खोक्रिँदा पेट भर्न
ढोका खोल्दै नवप्रगतिका गाउँसम्मै पुऱ्याओ
चढ्दै आफैं अनि हिमचुली क्रान्तिका गीत गाओ ॥७॥

फाँड्दै जाओ युवकहरु हो दुष्ट जाली नछोड
आफैं भुल्दै सुखसयलमा मार्ग अन्तै नमोड
पुग्दै टाढा विजय सुखका दिव्य बाजा बजाओ
तन्नेरी हो अविरल नयाँ क्रान्तिका गीत गाओ ॥८॥

ताप्लेजुङ; फूलबारी ।

❑ समीक्षा

नश्वर जीवन काव्यका केही उल्लेखनीय पक्षहरू

❖ डा. फणीन्द्रराज निरौला

सुनीलकुमार पौड्याल (२०१०) समकालीन नेपाली साहित्यका क्षेत्रमा कलम चलाउने स्रष्टा हुन् । राजधानी काठमाडौँको मुटु मानिएको घट्टेकुलोको एक सुसंस्कृत, सभ्य तथा शिक्षित परिवारमा जन्मिएका यी स्रष्टाले अङ्ग्रेजी साहित्य र जनप्रशासनमा स्नातकोत्तर (एम.ए.)सम्मको अध्ययन पूरा गरी साहित्यिक, सामाजिक, राजनीतिक, कूटनीतिक आदि क्षेत्रमा क्रियाशील भई बटुलेका जीवनका यावत् अनुभवलाई विभिन्न साहित्यिक विधाका माध्यमबाट अभिव्यक्ति दिएको पाइन्छ । यिनका *स्वास्नीमान्छे*, (२०४४), *ऐनामा हेर्दा* (२०४८) शीर्षकका दुईओटा निबन्धसङ्ग्रह, *बेलायत यात्रा : कल्पना र यथार्थ* (२०४८), *काएगोको देशमा केही दिन* (२०६६) शीर्षकका दुईओटा यात्रासंस्मरण, *हराउने पाइलाहरू (२०६५)*, *वर्षका सन्तति (२०७२)*, *नश्वर जीवन* (२०७९) गरी तीनओटा लघुकाव्यहरूका अतिरिक्त विश्वप्रसिद्ध चिनियाँ *कवि लु सुनका शास्त्रीय शैलीका कविता (सन् २०१८, अनूदित)* कृतिका साथै विभिन्न पत्रपत्रिकाहरूमा कथाहरू पनि प्रकाशित भएका पाइन्छन् । यसरी यिनको क्रियाशीलता साहित्यका निबन्ध, कविता, संस्मरण, कथा आदि अनेक विधामा र भाषाशिक्षण, अनुवाद तथा पत्रकारिताका क्षेत्रमा समेत मुखरित भएको पाइन्छ । विशेषतः समसामयिक जीवन भोगाइका वस्तुतथ्य र प्रकृतिजगत्का अनेकौँ सौन्दर्यात्मक पक्षहरूलाई एकातिर यिनले प्रमुखताका साथ अभिव्यक्ति दिएका छन् भने अर्कातिर विभिन्न रचनाहरूका माध्यमबाट प्रगतिशील विचारलाई पनि प्रवाहित गरेका छन् ।

पौड्यालले फुटकर कविता, लघुकाव्य, निबन्ध, आत्मसंस्मरण, कथा आदि विधामा कलम चलाएको पाइन्छ तापनि कविका रूपमा यिनको लेखनीले निकै राम्रो सफलता पाएको देखिन्छ । त्यसो त यिनको साहित्यिक यात्राको प्रारम्भिक चरणमा निबन्ध, कथा र गद्यकविताको लेखनमा क्रियाशीलता बढी मात्रामा देखिए पनि यिनी पछिल्लो समयमा शास्त्रीय छन्दमा कविता लेख्ने कविका रूपमा चिनिएका छन् । यिनले लघुकाव्यलेखनको साहसिक यात्रा तय गर्दै अघि बढ्ने क्रममा तीन तीनओटा काव्यकृति प्रकाशित गरेर आफ्नो तिक्खर कविव्यक्तित्वको परिचय दिएका छन् । यसै क्रममा पछिल्लो समयमा यिनको स्मृति

गिरी पौड्याल प्रकाशक रहेको *नश्वर जीवन* (२०७९) शीर्षकको लघुकाव्य प्रकाशित भएको पाइन्छ । चौध भागमा विभाजित र चौसठ्ठी पृष्ठको कलेवरमा विस्तारित यो काव्य सामाजिक विषयवस्तुमा आधारित लघुकाव्य हो । विषयवस्तुको विस्तारित रूपलाई नियाल्दा यसले बृहत् आकार लिने सम्भावना प्रशस्त देखिए पनि काव्यकार पौड्यालले कवित्वको विस्तृतितिर नगएर विषयवस्तुलाई उजागर गर्नमै कविकर्मलाई केन्द्रित गरेको पाइन्छ। तसर्थ, यस काव्यको विषयको व्यापकतालाई लिँदा महाकाव्यीय स्वरूप प्राप्त गर्ने प्रशस्त सम्भावना देखिए पनि प्रस्तुतिगत स्वरूपका आधारमा लघुकाव्यकै कोटिमा राखेर यसको चर्चा गर्नु बढी सान्दर्भिक हुन्छ। कविले स्निग्धराजस्तो जटिल मानिएको शास्त्रीय छन्दमा काव्य सिर्जना गर्नसक्नु आफैंमा एउटा साहसिक कार्य मान्न सकिन्छ।

यो काव्य एउटा सहरिया मध्यमवर्गीय परिवारको जीवनभोगाइसँग सम्बन्धित छ। पारिवारिक आदर्श, अनेक उतारचढाब र अन्त्यमा गएर विघटित भएको दुर्दान्त घटनावलीलाई देखाउँदै आफूनै कर्मका कारण मानिसको जीवन असफल हुनपुगेको कुरालाई देखाउने यसमा उद्देश्य राखिएको छ। प्रमुख पात्र अनन्तका ओरिपरि उनका मातापिता, दाजुभाइ, इष्टमित्र सबैको चरित्रलाई उल्लेख गरिएको भए पनि यस काव्यमा आएका अन्य सम्पूर्ण चरित्रहरूलाई सम्बन्धका आधारमा मात्र चिनाइएकाले कविको उद्देश्य केवल पारिवारिक विघटन र व्यक्तिको कमीकमजोरी केलाउनमै केन्द्रित रहेको अनुभव हुन्छ। यसमा वर्णित चरित्रहरू धेरै भए पनि दुर्व्यसनीको कारक तत्त्वका रूपमा सामाजिक कुरीति मात्र नभएर व्यक्तिका आफूनै कमजोरीका कारण अनेक उतारचढाब सहँदै वियोगान्त भोग्न बाध्य हुनुपर्ने र अन्ततः चारित्रिक स्खलनका कारण अवनतिको खाडलमा जाकिएर उठ्नै नसक्ने अवस्थामा पुगेको घटनाबाट कविले कुलतको फलले मानिसलाई रसातलमा पुर्‍याउने कुरालाई स्पष्ट पारेका छन्। तसर्थ, यस काव्यलाई आदर्शोन्मुख यथार्थवादी लघुकाव्यका रूपमा लिनसकिन्छ।

वस्तुयथार्थ वा तथ्यात्मक यथास्थितिवादी अभिव्यक्तिमाथि जोड दिँदै आदर्शवादलाई प्रायः उपेक्षा गर्ने भएकाले यथार्थवादी साहित्यमा नीति तथा औदेशिक तत्त्वहरूको पूर्णतः अभाव हुने गर्छ तर यथार्थका साथै आदर्शको स्थापनामा जोड दिइएको छ भने त्यस्तो साहित्य आदर्शोन्मुख यथार्थवादीको कोटिमा पर्छ। आदर्शवादीहरू जीवनजगत्का श्रेष्ठतर पक्षहरूमाथि जोड दिन्छन् । यस दृष्टिले प्रस्तुत काव्यको शीर्षकीय निहित अर्थलाई मात्र हेर्ने हो भने पनि यसले जीवन क्षणिक र नाशवान् भएकाले कुलतमा नलागी सुकर्मीतिर लागेर जीवन सार्थक पार्ने मानवीय सन्देश दिनमा केन्द्रित छ । काव्यको अन्तमा कविले दिएको निम्नानुसारको अभिव्यक्तिबाट उक्त कुराको पुष्टि हुन्छ :

वियोगान्त भयो यौटा
परिवार सखाप भो
यौटाले विष रोपेथ्यो
सम्पूर्ण नाश भै गयो। (पृ.६४)

त्यसो त यस काव्यले सहरिया परिवेश, सामयिक घटना, परिस्थिति एवम् रीतिरिवाज आदिलाई अभिधेयार्थमै भए पनि समेट्ने कोसिस गरेको पाइन्छ । यस काव्यलाई लाक्षणिक वा व्यञ्जनाका तहबाट भन्दा अभिधाकै तहबाट सहजरूपमा विषयवस्तुको बोध गर्नसकिन्छ । यद्यपि अनन्तको चरित्र र उसका क्रियाकलापहरू मानवीय कमजोरीका साक्षी हुन् । उसले कुलतमा लागेर जुन हर्कत देखाएको छ त्यसलाई केही गरे पनि सच्याउन सकिएको छैन । आफन्तजन सबै हार खाएका छन् तर उसले आफ्नो चरित्रमा अलिकति पनि सुधार गर्ने प्रयत्न गरेको पाइँदैन । यो मानवीय कमजोरी हो । यस किसिमको कमजोरी कहिल्यै अन्त हुननसक्ने चारित्रिक विशेषता अनन्तमा थिए र यसैका कारण उसको जीवन मात्र दुर्घटित बनेको छैन अपितु सम्पूर्ण परिवार नै सखाप भएको छ।

न्यून चरित्रको उपस्थिति हुनु यस काव्यको प्राप्ति र कमजोरी दुबै मान्न सकिन्छ । सम्बन्धका आधारमा अन्य चरित्रको चरित्रोद्घाटन आफैंमा त्यति स्वाभाविक लाग्दैन । एकल चरित्रको मात्र नाम उल्लेख भएको र यसमा उसैको चरित्र उद्घाटनमा कविको सम्पूर्ण शक्ति खर्च भएको छ । अन्य चरित्रको नाम उल्लेख हुनु आवश्यक थियो । सम्बन्धका आधारमा आएका चरित्रहरू जति नै जीवन्त र प्रभावशाली भए पनि तिनको अस्तित्व खासै रहँदैन । विषयवस्तुले समेटेको पक्षलाई उपयुक्त चरित्रविधानका माध्यमबाट कविले आफ्ना अनुभूतिहरू पस्किँदा नै काव्यको महत्ता झल्किन्छ । यो पनि एउटा कविको काव्यिक कुशलताको मापन गर्ने आधार हो।

यस काव्यको भाषाशैलीले प्रशस्त मात्रामा सुधारको अपेक्षा गरेको छ । छन्द मिलान गर्न शब्दलाई भाँचभुँच पार्ने कुरा र अशुद्धिमा ध्यान नपुग्नुलाई पनि काव्यको कमजोर पक्षमै राख्न सकिन्छ । यति भएर पनि यसमा अन्तर्सङ्गीतात्मक लयविधान तथा सरल तत्सम, तद्भव, आगन्तुक शब्द र उखान टुक्काहरूको प्रयोगका कारण कविले प्रक्षेपण गर्नखोजेको सामाजिक सुधारको सन्देश भने निकै प्रभावकारी बन्नगएको छ। काव्यका कतिपय कमीकमजोरी निराकरण गर्नसके पौड्यालको यो कृति लघुकाव्यका अध्येता र यसको इतिहासलेखन तथा विमर्शका क्रममा उपयोगी सामग्री बन्नसक्ने कुरा निर्विवाद छ।

'अविच्छिन्न प्रकाशित भइरहेको साहित्यिक पत्रिका
शब्द-संयोजन
मासिक' पढनुहोस् ।

❖ निरन्तर...

प्रज्ञा प्रतिष्ठानको गठन, दौड र रमिता

❖ वासुदेव अधिकारी

अहिले तीनवटा प्रज्ञा-प्रतिष्ठानका पदाधिकारीको पदावधि समाप्त भएको अवस्था छ । अर्थात् तीनवटैमा पदपूर्ति गर्ने वेला भएको छ । प्रज्ञा-प्रतिष्ठानहरू मुलुकका गरिमामय संस्था हुन् । तिनको काम राष्ट्रको प्राज्ञिक तथा सांस्कृतिक गरिमा बढोत्तरी गर्नु हो । यो सिर्जनाको परख गर्ने थलो तथा अनुसन्धानको नाभी हो । यसका नजरमा स्रष्टा तथा द्रष्टा दुबै अट्छन् । प्रज्ञा विगत छाम्छ, वर्तमान बाँच्छ र आगतलाई समुज्ज्वल बनाउने मार्गचित्र कोर्छ । हिजो एउटै मात्र प्रज्ञा-प्रतिष्ठान हुँदा प्राज्ञ चयन जति सीमाबद्ध थियो आज त्यो छैन । तीन तीनवटा प्रज्ञा-प्रतिष्ठानमा धेरै प्राज्ञ अट्छन्, धेरैले जिम्मेबारी पाउँछन् । धेरैजना प्राज्ञ बनिसकेकाले पनि व्यवस्थापन सहज छ । तथापि प्राज्ञ बन्न चाहने, दौडधूप गर्नेको लर्को लामै छ । प्रतिष्ठानको पादधिकारी बन्न चाहनेमा लामबद्ध शुभेच्छुकको तुलनामा पाखामा रमिता हेर्नेको पङ्क्ति निकै सानो छ, जहाँ म लामबद्ध छु भइरहन चाहन्छु । पदाशक्त नभई संस्था वा विषयलाई छाम्नुको स्वाद बेग्लै हुन्छ ।

मुलुकमा कसले प्राज्ञ बनी योगदान दिनसक्छ ? त्यसको हेक्का वा लगत सरकारसित छैन । सरकार पदका लागि जो कुद्छ उसलाई मात्र चिन्छ वा चिन्न बाध्य हुन्छ । यो सरकारको सीमा हो । त्यसो त विनाचाललचुल घरैमा बस्ने व्यक्ति त्यहाँ गई योगदान गर्न इच्छुक छ कि छैन चाल पनि पाउन सकिदैन । अहिलेको अवस्थामा सरकारले चिन्ने दौडधुपमा सामेल भई काम गर्न इच्छुक व्यक्तिलाई नै हो । जसको सूची मन्त्रीपिच्छे फरक हुन्छ, दलपिच्छे फरक हुन्छ । एउटा मन्त्रीले एउटालाई योग्य देख्छ, अर्कोले अर्कैलाई । कुद्ने, माग्ने र दाबी गर्नेले पद वा पुरस्कार पाउने चलन आमचलन बन्दै गएको समयमा त्यसको पुनरावृत्ति अबको प्रज्ञा-प्रतिष्ठानको गठनमा देखिने नै छ ।

हालै पदाविधि सकिएका प्रज्ञा-प्रतिष्ठानका पदाधिकारीले प्रज्ञा-प्रतिष्ठानले जन्मदै मुद्दाको माला लाए । कोभिडले पनि जिस्क्यायो । कम वा अनावश्यक बुझाइको कारण प्रतिष्ठान-प्रतिष्ठानका बिच मुद्दा गरागर पनि भयो । तथापि नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञहरूले गोष्ठी/कार्यक्रम वा प्रकाशनका सन्दर्भमा उल्लेखनीय काम गरे । अनुसन्धानको सङ्ख्या पनि मनग्य हुनसक्यो । सङ्गीत नाट्य प्रज्ञा-प्रतिष्ठानले थातबासको जोहो गऱ्यो । पदाधिकारीमध्ये केहीले प्राज्ञिक मर्यादा कायम गरे, केहीले आफ्नो गाइड वा पाठ्यपुस्तक बिक्ने माहौल बनाए, केहीले मन वचन कर्मले योगदान दिए । धेरैले भने जागिर खाए, समय व्यतित गरे । समूहकार्यमा त्यस्ता भिन्नता देखिइहाल्छ ।

यस्ता प्रतिष्ठानमा पदाधिकारी भई राष्ट्रका लागि प्राज्ञिक योगदान दिने आकाङ्क्षा पलाउनु स्वाभाविक हो । केही व्यक्ति त्यसका लागि कुद्छन् पनि, जिम्मेबरी पाउँदा काम पनि गर्छन् तर धेरै चाहिँ पदाधिकार पाएपछि पुनः जुम्सिन्छन् । कतिपयमा त्यहाँ पुग्दा जुम्सोभन्दा खुराफाती एवम् ढौंगी व्यक्तित्व देखिन्छ । आजकल म जसरी पनि, जहिले

पनि अरूलाई छिर्के हानी हानी पद तथा पुरस्कार थाप्ने कथित विद्वानको ढौंगयुक्त सम्भाषण सुन्नुनपरोस् भन्ने मनसुवामा हुन्छु। त्यस्ताप्रति मलाई चरम घृणा छ।

नियुक्तिमा नयाँ व्यक्ति जानखोज्नु स्वाभाविक छ। को योग्य को अयोग्य ? त्यो विषय कानुन, प्रतिष्ठानको उद्देश्य तथा त्यहाँ गई योगदान गर्न इच्छुक विद्वानको इतिहास तथा काम हेरेर सरकारले निर्णय गर्ने विषय हो। कामका पर्यायवाची भएका कारण सो काममा 'फिट' ठानिएका एकाध व्यक्ति दोहोरिन पनि सक्छन्। तेहेरिनु ? त्यसपछि पनि आजीवन भत्ताको च्यालमा बेरिनु ? यो प्राज्ञिक मर्यादाको उपहास हो। यी कृत्य आफ्नो योगदानलाई एकैचोटि अँगार बनाउनु पनि हो। खासमा लिएर होइन दिएर मात्रै व्यक्ति महान् बन्नसक्छ। आगोको पर्यायवाची भइरहेको व्यक्ति जानी जानी अँगारमा परिणत हुनखोज्नु चरम मूर्खता पनि हो।

प्रज्ञा-प्रतिष्ठानमा जिम्मेबारी लिनखोज्ने विद्वतेच्छा पढाउने कामबाट फुर्सद लिन, तलब पकाउन वा सेलिब्रेटी बन्ने आकाङ्क्षाभन्दा केही भिन्दै र ठोस हुनुपर्छ। यस्ता प्रतिष्ठानको नियुक्ति प्रकृयामा दलीय प्रतिनिधित्व पनि होला तर त्यो फलदायी हुनुपर्छ। चयनका सन्दर्भमा प्राज्ञ चयनमा ऐनको उद्देश्य, सरकारको चाहना, प्रतिष्ठानको काम तथा आवश्यकताका विषयलाई पनि ख्याल गर्न आवश्यक छ। यो सत्य हो, सीमित पद धेरै वा सबैलाई बाँड्न सकिदैन। गठन नभएसम्म दौडधुप चलिरहन्छ। कस्तालाई ती जिम्मेबारीमा लाने ? त्यस्तो गरिमायुक्त जिम्मेबारीमा किन जाने ? त्यहाँ गएर के गर्ने ? यी प्रश्नका सार्थक जबाफ दिन सकियो भने आगामी प्रज्ञा-प्रतिष्ठानहरू त्यसै पनि ओजपूर्ण र प्रभावशाली बन्छन्। अन्यथा प्रतिष्ठानहरू उम्लिएका व्यक्तिहरूको चुरिफुरी प्रदर्शन गर्ने वा थाकेका लखतरान प्राज्ञका उग्राउने थलो मात्र बन्नजान्छन्।

प्रज्ञा-प्रतिष्ठानहरूले आआफ्नो विषयक्षेत्रमा गर्नुपर्ने धेरै काम छन्। त्यहाँ प्राज्ञिक कामसित प्रभावकारी व्यवस्थापनको सन्तुलन आवश्यक छ। शोध, कार्यक्रम, प्रकाशन तथा वितरणको सामाञ्जस्य नभई प्रज्ञा प्रज्ञाजस्तो बन्नसक्तैन। आआफ्नो विषयक्षेत्रका इतिहास उत्खनन, जनजीवनमा सो विषयको अवस्थिति, प्रतिभा तथा तिनका कृतिको तथ्याङ्क, उज्याला कृतिको प्रसारलगायतका कामबाट प्राज्ञिक उन्नयनमा योगदान गर्नसकिन्छ। एउटा प्रज्ञाप्रतिष्ठानले सरकार, अरू दुई प्रज्ञा-प्रतिष्ठान तथा स्वदेशी विदेशी प्राज्ञिक तथा सहकर्मी संस्थासँगको सहकार्य गरेर मात्र आफूलाई थप उजिल्याउन सक्छ। प्रतिष्ठानले उदीयमान विषय तथा लेखक, कलाकार नचिनी एवम् तिनलाई प्रोत्साहित नगरी आफ्नो विरासत बचाउन सक्तैन। इतिहास तथा समकाल दुबैलाई सन्तुलनमा राखी काम गर्ने चुनौती नै प्रतिष्ठानका चुनौती हुन्। स्रोत व्यवस्थापनमा कायम सीमालाई धेरै फराकिलो बनाउनु प्रतिष्ठानको अर्को कार्यभार हो। त्यसका लागि प्रतिष्ठानले छिमकी तथा अन्य मुलुकका प्रज्ञा-प्रतिष्ठानसमेतको कामको अध्ययन गरी आफ्नो कार्यशैलीलाई परिष्कृत बनाउन सक्छ।

अहिले पनि प्रज्ञा-प्रतिष्ठानहरूमा सुधार गर्नुपर्ने क्षेत्र धेरै छन्। खासमा प्रतिष्ठानहरू आन्तरिक व्यवस्थापनमा अब्बल हुनसकेका छैनन्। सो अब्बल हुनका लागि प्राज्ञिक तथा प्रशासनिक सन्तुलन, उपलब्ध साधनस्रोतको प्रभावकारी उपयोग, सहकार्य, सम्बद्ध पक्षबीच समन्वय र अरू क्रियाशीलता अपेक्षित छ। त्यस्तो अपेक्षा पूरा गर्न उच्च प्राज्ञिक छवि, उच्च

कार्यदक्षता तथा सन्तुलनकारी भूमिका निर्वाह गर्नसक्ने पदाधिकारी चयन आवश्यक छ । यसमा स्वतन्त्र हैसियतका विशिष्ट व्यक्तिलाई निषेध होइन स्वागत गर्नसकिन्छ । मुलुकको प्राज्ञिक उन्नयनको कार्यादेशसहितको प्रज्ञा-प्रतिष्ठान गठन हुन्छ कि पदका प्यासाहरूलाई नियुक्ति दिइन्छ ? त्यो हेर्नु छ ।

दौडिनेले आफैँ मात्र योग्य देख्छन्, त्यो रमितेले नै हेर्ने/देख्ने हो ।

❑ कविता

❖ रूद्र ज्ञवाली

नेपाल जप्दै मरूँ

शेभा हुन् हिमशैल ताज शिरका छानो छ त्यो बादल
कालो मेघ कि त्यो घटा गगनको हो नेत्रको गाजल
छर्दा पर्वतमाथि बाल रविले नौला सुनौला रङ
बन्छिन् लाल धरा उषा किरणमा रङ्गीन पारी तन ।

हावा चल्दछ मन्द मन्द गतिमा हम्केसरी चामर
ओढ्छन् पर्वतले सफेद धवला त्यो हुस्सुको च्यादर
झर्छर झर्झर स्वेत स्वच्छ झरना गुञ्जाउँदै कन्दरा
इन्द्रेणीसँग साज सापट लिई शृङ्गार गर्छिन् धरा ।

लेख्छन् गीत चराहरू प्रणयका आला मुना पातमा
भर्छन् नाद निनाद कोकिलहरू सङ्गीतको तालमा
नाच्छन् छम्छम छम्म छम्म झरना खोलाहरू गाउँछन्
यस्तै दिव्य छटा मनोहर कला संसार बिर्साउँछन् ।

चोरी सौर्य वसन्तको प्रकृतिले पोतेर पाखाभरि
झुल्छन् इन्द्रधनुषतुल्य वनमा नौला तरु बल्लरी
सम्मा फाँट मधेसमा शिखरले आकाश चुम्छन् जहाँ
मेरै देश छ स्वर्गतुल्य म ढुढौँ भूस्वर्ग अर्को कहाँ ?

देखिन्छन् वरझैँ हिमाल वधुझैँ शृङ्गारमा मेदिनी
खोजे यत्न गरेर निश्चय यतै भेटिन्छ सञ्जीवनी
सानो मानिस छैन स्थूल सपना सानै छ बस्ने कुटी
लाग्यो रोग भने निदान म गरूँ खाएर आफ्नै बुटी ।

जस्तो जे छ ठिकै छ छैन मनमा ऐश्वर्यको चाहना
नेपाली हुँ म बाँचु पौरख गरी छैनन् ठुला कल्पना
मेरो धर्म र कर्म मोक्ष मनको नेपाल हो केवल
आफ्नै यो मनमा उठाउन सकौँ विश्वासको देवल ।

इच्छा यत्ति छ यो गरौँ मुलुकको अभ्यर्थना अर्चना
त्यागौँ देह यसै पवित्र स्थलमा यै मात्र हो तिर्सना
जे जे गर्न म सक्छु त्यो सब कुरा नेपालभित्रै गरूँ
मेरो इश्वर भन्नु यै मुलुक हो नेपाल जप्दै मरूँ ।

साहित्य सन्ध्यामा 'नेपाली बालसाहित्यको वर्तमान अवस्था' विषयक परिचर्चासहित विशेष कविगोष्ठी सम्पन्न

विगत उनन्चालिस वर्षदेखि अविच्छिन्नरूपमा मासिक साहित्यिक गोष्ठी गरिरहेको, समसामयिक विषयमा बहस तथा छलफल गरिरहेको र नेपाली प्रगतिवादी साहित्यमा योगदान गरिरहेका विभिन्न स्रष्टालाई 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान' अर्पण गरिरहेको साहित्य सन्ध्याको ४३५ औँ विशेष शृङ्खला पुस २ गते शनिबार अपराह्न ठिक १ बजे रत्नराज्य लक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौँमा आयोजना गरी 'नेपाली बालसाहित्यको वर्तमान अवस्था' विषयमा परिचर्चाका साथ विशेष कविगोष्ठी गरी सम्पन्न भयो ।

सन्ध्याका अध्यक्ष **राम विनय**को अध्यक्षता र गोपालकुमार मैनालीको सञ्चालनमा सम्पन्न उक्त विशेष गोष्ठीमा प्रमुख अतिथिका रूपमा नेपाल बालसाहित्य समाजका अध्यक्ष **प्रा.डा.ध्रुवकुमार घिमिरे**, विशेष अतिथि एवम् टिप्पणीकारका रूपमा **डा.फणीन्द्रराज निरौला** र पूर्वमन्त्री एवम् साहित्यकार **शान्ता मानवी** उपस्थित हुनुहुन्थ्यो भने अतिथिहरूमा प्राज्ञ विष्णु प्रभात, साहित्यकार एवम् नेपाल राष्ट्र बैङ्कका सञ्चालक सदस्य चिन्तामणि सिवाकोटी, महेशराज खरेल, साधुराम नेपाल, डा.गोविन्दप्रसाद आचार्य, डम्बर पहाडी, खेमराज निरौला, सीताराम ढकाल फाउन्डेसनकी उपाध्यक्ष विन्दु अधिकारी ढकाल उपस्थित हुनुहुन्थ्यो ।

समारोहमा 'नेपाली बालसाहित्यको वर्तमान अवस्था' विषयमा **प्रा.डा.ध्रुवकुमार घिमिरे**ले विशद चर्चा गर्नुहुँदै हामी सबै प्रबुद्धहरू बालकबाट प्रबुद्ध भएका हौँ । अहिले हामीले गरिरहेको मिहिनेत पनि सन्तानका लागि हो अर्थात् बालकका लागि हो । नेपालमा करिब एक करोडको सङ्ख्यामा बालबालिका रहेका छन् तर बालसाहित्यका पुस्तक भने पाँच हजार मात्र र त्यसमा पनि तीन हजार मात्र प्राप्य छन् । बालबालिकालाई पुस्तक उपहार दिने, पढ्न प्रेरित गर्ने पुस्तकीय मायाको संस्कार हामीकहाँ कम छ । १३० वर्षको नेपाली बालसाहित्यको इतिहासले बालबालिकाको रुचिको पक्षमा नभई लेखक उपदेशक बन्ने वा बोल्ने हाम्रो लेखनले बालकलाई दबाब सिर्जना गरेको पाइन्छ । बालबालिकाको आफ्नै संसार हुन्छ र हामीले बुझेको कुरा बालकले बुझ्दैन र पढ्दैन भन्ने कुरामा अलि बढी नै हेक्का राख्नु जरुरी छ । हामी स्रष्टाले हाम्रा सिर्जनामा स्रष्टा होइन बालक बोल्नुपर्छ भन्ने मान्यता राखेर कलम चलाउनु आवश्यक छ । आजका स्रष्टाले बालपाठकको आकर्षण बढाउन सकिएन

भने भोलिका दिनमा हाम्रो साहित्य आफैंमा अप्ट्यारोमा पर्छ, पढिदिने पाठक नै हुँदैन भन्ने कुरामा सरोकारवाला सबै पक्षले चिन्तन, मनन, लेखन, प्रकाशन, प्रसारण गर्नु आवश्यक छ भन्ने धारणा राख्नुभयो ।

गोष्ठीमा नारायण निराशी, ओमप्रसाद कोइराला, कुमार नेपाल, महेशराज खरेल, विन्दु ढकाल अधिकारी, चिन्तामणि सिवाकोटी, डा.गोविन्दप्रसाद आचार्य, देवी मैनाली, खेमराज निरौला, शिवप्रसाद आचार्य, भावना न्यौपाने, डम्बर पहाडी एलाक, गोपालकुमार मैनाली, प्रशान्त खरेल राम विनय र शान्ता मानवीले आआफ्ना कविता, गीत, मुक्तक वाचन गर्नुभएको थियो ।

वाचित रचनामाथि **डा.फणीन्द्रराज निरौला**ले मसिनोगरी टिप्पणी गर्नुहुँदै प्रायः सबै कविताले सामाजिक मूल्यमान्यता विघटित भएको, स्वार्थप्रेरित सत्ताको हानथाप बढेको, देशको भोलिको अवस्था अन्योलमा रहेको, नागरिकका कथाव्यथा यथावत रहेका र जनअपेक्षामा कुठाराघात भएकामा कवितामा चिन्ता व्यक्त गरिएको छ, सुधार तथा रूपान्तरणका पक्षमा बुलन्द आबाज उठाइएको छ । वाचित सबै रचना सरल, सहज र सम्प्रेष्य पनि रहेकाले आजको गोष्ठी उत्कृष्ट रहेको छ भन्ने धारणा राख्नुभयो ।

साहित्यकार **शान्ता मानवी**ले साहित्यको जग बसाउन योगदान गर्ने, साहित्यकार उत्पादन गर्ने साहित्य सन्ध्याको आजको गोष्ठी निकै सार्थक र महत्त्वपूर्ण रहेको धारणा राख्नुभयो ।

अविरल जनसाहित्य यात्रा-७४ मा प्रगतिवादी कवि मसान उपासकका एक दर्जन कविता गुञ्जिए

पुस ९ गते शनिबार अपराह्न ठिक १ बजे राष्ट्रिय जनसांस्कृतिक महासङ्घको सभाकक्ष बागबजारमा राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालले विगत लामो समयदेखि आयोजना गरिरहेको 'अविरल जनसाहित्य यात्रा'को ७४ औं शृङ्खलामा हेटौंडामा रहेर सक्रियताका साथ कलम चलाइरहेका प्रगतिवादी कवि मसान उपासकका एक दर्जन कविता गुञ्जिए ।

राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालका अध्यक्ष राम विनयको अध्यक्षतामा सम्पन्न उक्त विशेष समारोहमा प्रमुख अतिथिका रूपमा राष्ट्रिय जनसांस्कृतिक महासङ्घका अध्यक्ष **प्रेमनाथ अधिकारी** उपस्थित हुनुहुन्थ्यो भने युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानका अध्यक्ष डा.फणीन्द्रराज निरौला, प्रा.केशव सुवेदी, राष्ट्रिय जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव एवम् राष्ट्रिय जनसाहित्यिक सङ्घका इन्चार्ज राममणि ढुङ्गेल, प्रगतिशील लेखक सङ्घकी उपाध्यक्ष नमुना शर्मा, डा.गोविन्दप्रसाद आचार्य, नर्मदेश्वरी सत्याल, मकवानपुरका स्रष्टा एवम् सामाजिक रूपान्तरण अभियानका अभियन्ता गोपाल सञ्जेल अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो ।

राष्ट्रिय जनसाहित्यिक सङ्घका कार्यालय सदस्य **ज्ञानु विद्रोही**को सञ्चालनमा सम्पन्न उक्त विशेष समारोहमा

महासचिव **प्रकाश सिलवाल**ले कविनायक मसान उपासकको व्यक्तित्व तथा कृतित्वमाथि प्रकाश पार्नुभएको थियो ।

समारोहको अध्यक्षता गर्दै **राम विनय**ले छ वर्षअगाडिदेखि सञ्चालन गरिएको ' अविरल जनसाहित्य यात्रा'को आजको शृङ्खलामा नेपाली प्रगतिवादी साहित्यका माध्यमबाट सामाजिक रूपान्तरणको अभियानमा र सङ्गठनका माध्यमबाट पनि प्रगतिवादी वैचारिकता सम्प्रेषण गर्दै सामाजिक रूपान्तरण अभियानमा सशक्तढङ्गले सक्रियता देखाइरहेका मसान उपासकलाई प्रस्तुत गरिएको धारणा राख्नुभयो ।

कविनायक **मसान उपासक**ले विगत छ वर्षदेखि अविरल सञ्चालन भइरहेको यो विशेष महत्त्वको विशेष समारोहमा आज आफू प्रस्तुत हुने अवसर पाएकोमा कृतज्ञता जाहेर गर्दछु भन्नुहुँदै कवितासिर्जनाको अन्तरगर्भको जानकारीका साथ आफू एक्लैले 'जानुअघि सहरतिर', 'विरुद्धमा विरुद्ध', 'नयाँ संविधान', 'काजल खातुन', 'कविहरू', 'जेब्राक्रसमा एक छिन्' शीर्षकका छओटा अत्यन्त सुन्दर एवम् सशक्त कविता पहिलो चरणमा वाचन गर्नुभयो । दोस्रो चरणमा 'सोच', 'क्वारेन्टाइन', 'छोरीको नाममा', '..र त्यसपछि छोरालाई अरब बेचैं' 'प्रियसीप्रति' र 'देशप्रति' शीर्षकका छओटा त्यस्तै सुन्दर कविता वाचन गर्नुभयो ।

पहिलो चरणका छओटा कविता वाचनपछि **नर्मदेश्वरी सत्याल**ले कविनायकलाई शुभकामना व्यक्त गर्दै सामाजिक रूपान्तरण अभियानका अत्यन्त सक्रिय एवम् प्रतिभाशाली कविलाई आजको यो विशेष समारोहमा उपस्थित गराइएको छ । रूपान्तरणको थालनी पहिले आफू र आफ्नो परिवारबाट गरिनुपर्दछ, समभावको व्यवहार एवम् आचरण प्रदर्शन गरिनुपर्दछ भन्ने ठानेर तपाईंको लेखन एवम् सक्रियता अझ चुलिँदै जाओस् भन्नुभयो ।

वाचित एक दर्जन कवितामाथि **डा.रमेश शुभेच्छु**ले मसिनो ढङ्गले टिप्पणी गर्नुभएको थियो भने प्रमुख अतिथि महासङ्घका अध्यक्ष **प्रेमनाथ अधिकारी**ले अविरल जनसाहित्य यात्राको यो अभियान कला, साहित्यका माध्यमबाट सामाजिक रूपान्तरणको अभियान हो । महासङ्घका सबै घटकहरूले सिर्जनात्मक सक्रियता देखाउन् भन्ने अभिप्रायले छ वर्ष अगाडि थालनी भएको यो विशेष समारोहले निरन्तरता पाइरहेको छ । आजको यो विशेष समारोहमा सुन्दर, चोटिला कविता सुन्ने अवसर प्राप्त भएको छ । आज अत्यन्त सक्रिय स्रष्टाका सामाजिक रूपान्तरणको चेतनाले भरिएका कविता वाचित भएका छन् र वाचित कवितामाथि मसिनोढङ्गले समीक्षासमेत भएको हुँदा सांस्कृतिक विकृतिका विरुद्धमा पनि हामी स्रष्टाका सिर्जना सोझिनु आवश्यक छ भन्ने धारणा राख्नुभयो ।

विशेष समारोहमा आमन्त्रण स्वीकारी उपस्थित भइदिनुभएका प्रमुख अतिथि, अतिथिहरू, साहित्यानुरागी सबै व्यक्तित्वलाई सङ्घका उपाध्यक्ष **रमेश पोखरेल**ले धन्यवाद दिनुभएको थियो ।

❑ अनुभूति

साहित्य सिर्जनाले वैचारिक खुराक दिनुपर्छ

❖ अमृतकुमार बोहरा

अविरल जनसाहित्य यात्राको आजको यो ७२ औँ शृङ्खला सशक्त, सुन्दर र महत्त्वपूर्ण रहेको छ । विगतका आन्दोलनको परिणामका कारण अहिलेको मुलुकको परिवर्तित अवस्था हामीले भोगिरहेका छौँ । अहिले सिद्धान्त र व्यवहारको तालमेल भने अलि कठिन भएको छ तापनि व्यवहारमा उतार्नु चाहिँ नितान्त आवश्यक छ । आफैँदेखि समाजसम्मका विकृतिमा रूपान्तरण आवश्यक छ र त्यसका निम्ति साहित्यकारको भूमिका महत्त्वपूर्ण हुन्छ । सिद्धान्त र व्यवहार ओझेलमा परेको वर्तमानमा बाह्य प्रभाव हाबी भएको छ, वर्गीय प्रेम कमजोर भएको छ । खुला राजनीतिमा आएसँगै भूमिगतकालीन पार्टी सङ्गठन र अनुशासन पनि कमजोर देखिएको छ । अहिले उपभोक्तावादी संस्कृतिले चारैतिरबाट दपेटेको छ । त्यसमा पनि नेपालको कम्युनिस्ट आन्दोलनमा त चौतर्फी प्रहार भइरहेको छ । पठन संस्कृति कमजोर भएको छ, अभिलेख व्यवस्थापनको पद्धति पनि कमजोर भएको छ ।

हिजो व्यक्तिगतरूपमा दामासहीले लेबी हालेर पनि विभिन्न पत्रपत्रिकाको प्रकाशनले निरन्तरता पाउँथ्यो भने अहिले त्यस्तो प्रवृत्ति पनि लगभग विलुप्त भएको छ र जनवर्गीय सङ्गठन पार्टीका हातखुट्टा हुन् भन्ने मूल्याङ्कन पनि केही शिथिल भएको छ । पार्टी खुला भएको र विस्तार भएको वर्तमानमा आफैँले प्रयत्न गरेर स्रोतसाधन जुटाउनेभन्दा पनि शुभचिन्तक र समर्थकसँग हात थाप्ने प्रवृत्ति मौलाएको छ, मिहिनेत गर्ने प्रवृत्ति कमजोर भएको छ ! पार्टीप्रतिको सम्मानभाव हिजो उच्च थियो तर अहिले पार्टीले दिनुपर्छ भन्ने भावको बढोत्तरी भएको छ । हाम्रो जीवनशैली वैभवतिर मोडिएको छ र व्यवसायी हुनुपर्छ, आत्मनिर्भर हुनुपर्छ भन्ने मान्यता विकसित हुनसकेको छैन । सामूहिकतामा निर्भर हुनुपर्ने मान्यता पनि क्षयीकरण भइरहेको छ । यी सबै प्रवृत्तिमा रूपान्तरण गराउनसक्ने सामर्थ्य साहित्यकारले राख्दछन् । हाम्रा सिर्जनाले वर्गीय दृष्टिकोणलाई प्रखररूपमा उठाउनु आवश्यक छ । साहित्यले वैचारिक खुराक दिने काम गर्छ र प्रकाशनका माध्यमबाट अझ प्रभावकारी पार्नसकिन्छ । सभ्य भाषाको प्रयोगका माध्यमबाट र गालीगलौजको भाषाको त्यागका माध्यमबाट वैचारिकता सम्प्रेषण गरी समाज रूपान्तरणको अभियानलाई र एकताको सन्देशलाई सम्प्रेषण गर्ने सिर्जना साहित्यकारले गर्नु आवश्यक छ । आज सुनिएका डम्बर पहाडीका कविताले त्यो स्पष्ट सङ्केत गरेका छन्, रूपान्तरणका पक्षमा सशक्त वकालत गरेका छन्, कवितामा विचार ध्वन्यार्थमा बडो सुन्दरताका साथ अभिव्यक्त भएको छ । असाध्यै सुन्दर र उपयुक्त लागेको छ आजको यो विशेष समारोह । आजकाल साहित्यसँग धेरै नजिक नरहेको मलाई आजको यो समारोह सुन्ने र लागेका धारणा अभिव्यक्त गर्ने अवसरले गौरवबोध पनि भएको छ । यो विशिष्ट अवसरका लागि आयोजकलाई धन्यवाद दिन्छु ।

-रमेश पोखरेल (अमृतकुमार बोहराले ७२ औँ अविरल जनसाहित्य यात्रामा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)